*"समृद्ध बैजनाथको आधारः कृषि, उद्योग, पर्यटन र पूर्वाधार"*

## बैजनाथ गाउँपालिकाको

# मध्यमकालीन खर्च संरचना

## (आ.व. २०८१/०८२- २०८३/०८४)

## तथा

## आ.व. २०८१/०८२ को वार्षिक विकास कार्यक्रम

बैजनाथ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, बाँके, लुम्बिनी प्रदेश, नेपाल

२०८१

## मध्यमकालीन खर्च संरचना (आ.व. २०८१/८२ - २०८३/८४)


प्रकाशक : बैजनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रामपुर, बाँके

सर्वाधिकार : प्रकाशकमा

प्रकाशन मिति : २०८१

सम्पर्कका लागि : गाउँ कार्यपालिकाको कार्यालय, रामपुर, बाँके, लुम्विनी प्रदेश, नेपाल

फोन नं. : ९८५८०६६७५१ ईमेल : info@baijanathmun.gov.np;

वेवसाईट : www.baijanathmun.gov.np;

सहजिकरण : गभर्नेन्स स्टडिज एण्ड रिसर्च सेन्टर, बाँके

बैजनाथ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, बाँके
लुम्विनी प्रदेश, नेपाल।

---

## मन्तव्य



अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐन समेतले सङ्घ तथा प्रदेशसहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेसँगै बैजनाथ गाउँपालिकाले यो त्रिबर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने अवशर जुटेकोमा हामीलाई खुशी लागेको छ।

जनचाहना र विद्यमान समस्याहरूलाई व्यवस्थित रुपमा सम्बोधन गर्न तर्जुमा गरिने आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व मात्र नभई गाउँपालिका स्वयमका लागि पनि विशेष महत्व र आवश्यकताको विषयका रुपमा रहेको छ। गाउँपालिकाका नीतिहरू, विषयगत गुरुयोजनाहरू, प्रदेश तथा सङ्घ सरकारका सम्बन्धित नीति तथा योजनाहरूलाई मध्यनजर गरी निर्वाचित पदाधिकारीको दोश्रो कार्यकाल आरम्भको रुपमा यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ। यसका लागि सम्बन्धित विज्ञहरू धन्यवादका पात्र हुनुहुन्छ।

मध्यकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सफल सिद्ध भएको एउटा महत्वपूर्ण औजार भएको नाताले यसले दिगो विकासका लक्ष्यहरूमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छु, र यस दस्तावेजले गाउँपालिकाबाट परिचालन हुने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा गाउँपालिकाका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने अपेक्षा गरेको छु।

अन्त्यमा, यो त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागि पर्ने सम्पूर्ण कर्मचारी, पदाधिकारीहरु तथा समग्र गाउँपालिका परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

.... ..... ..... ..... ..... ..... .....

प्रकाश बहादुर शाही

अध्यक्ष

बैजनाथ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, बाँके

लुम्बिनी प्रदेश, नेपाल ।

## मन्तब्य



सार्वजनिक खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तिय सुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी ब्यवस्थापन गर्न मध्यमकालीन खर्च संरचना एउटा महत्वपूर्ण औजारको रुपमा रहेको छ । सार्वजनिक वित्त ब्यवस्थापनलाई चुस्त र दुरुस्त तुल्याउदै गाउँपालिकाका लक्ष्य, उद्देश्य र नीतिगत प्राथमिकतालाई बार्षिक बजेट तथा कार्यक्रम मार्फत कार्यान्वयन गर्न मध्यमकालीन खर्च संरचना तयार गरिन्छ । अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐन समेतले सङ्घ तथा प्रदेशसहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । सोही अनुरुप बैजनाथ गाउँपालिकाले यो त्रिबर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ ।

मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाको दिर्घकालीन सोच, लक्ष्य र उद्देश्य प्राप्तिका लागि आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व र गाउँपालिकाको लागि आवश्यकताको विषयका रुपमा रहेको छ । मध्यमकालीन खर्च संरचनाले यस गाउँपालिकाको आवधिक योजना र वार्षिक योजनाका बीचमा पुलको रुपमा कार्य गरी आवधिक योजनाका लक्ष्य उद्देश्यहरू हासिल गर्नेतर्फ गाउँपालिकाको वित्त व्यवस्थापनलाई मार्गदर्शन गर्नेमा म विश्वस्त छु ।

मध्यकालीन खर्च संरचनाले दिगो विकासका लक्ष्यहरू, लैङ्गिक समानता तथा विपद् तथा जलवायुजन्य जोखिम तथा यसबाट सिर्जना हुन सक्ने समस्याहरू सम्बोधनका लागि यस खर्च संरचना दस्तावेजले गाउँपालिकाले परिचालन गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा गाउँपालिकाका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने आधार तयार भएको छ ।

अन्त्यमा, यो गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागिपर्ने सम्पूर्ण कर्मचारी, सघाउने पदाधिकारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

.... ..... ..... ..... ..... ..... .....

निर्मला रोकाया

उपाध्यक्ष

## दुई शव्द



गाउँपालिकाको मार्गदर्शन दस्तावेजको रुपमा पहिलो पटक बैजनाथ गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गरी प्रकाशनमा ल्याउन पाउँदा मलाई निकै खुसीको अनुभूती भइरहेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका समावेश गर्नुपर्ने व्यवस्था गरेको छ। सम्बन्धित सबै कानुनी व्यवस्थाहरूलाई सम्बोधन गर्दै स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा आधारित रही तर्जुमा गरिएको हुनाले यस दस्तावेजले स्थानीय तहको कानुनी दायित्व निर्वाह गर्नमा टेवा पुरयाउनुका अतिरिक्त गाउँपालिकाले सञ्चालन गर्ने बहुवर्षीय आयोजना तथा कार्यक्रमहरूका लागि बजेट सुनिश्चित गर्न समेत महत्वपूर्ण योगदान गर्ने अपेक्षा गरेको छु।

विगत दशकहरूमा विपद्का विभिन्न घटना एवम् जलवायुजन्य विषमता तथा तिनका आवृत्ति तथा सघनता निरन्तर बढ्दै गएको छ र यसको असर यस स्थानीय तहमा पनि निरन्तर बढ्दो रुपमा महसुस गरिएको छ। यी घटनाहरूले दिगो विकासको आवश्यकता र महत्वलाई अझ बढी प्रगाढ बनाउँदै लगेको सन्दर्भमा दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्चसंरचना तर्जुमा गर्नु एउटा सान्दर्भिक काम हो भन्ने मलाई लागेको छ।

दिगो विकासको आवश्यकता र महत्व प्रगाढ हुँदै गएको परिप्रेक्ष्यमा स्थानीय सरकारका काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीसँग प्रत्यक्ष सम्बन्धित विषय भएको हुनाले यस मध्यमकालीन खर्च संरचनाको तर्जुमाबाट गाउँपालिकाबाट गरिने सार्वजनिक खर्चलाई लक्ष्य उन्मुख बनाउन सहयोग पुग्ने र सार्वजनिक खर्चले विकास प्रयासहरूलाई दिगो बनाउने विश्वास लिएको छु।

अन्तमा, बैजनाथ गाउँपालिकाको यस मध्यमकालीन खर्च संरचनाको तर्जुमा कार्यमा संलग्न गभर्नेन्स स्टडिज एण्ड रिसर्च सेन्टर बाँके तथा संलग्न विज्ञ समुहलाई यो सत्कार्यका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

.... .... .... ..... ..... ..... .....

विश्वराज ढकाल

प्रमुख प्रशासकीय अधिकृत

विषयसूची


परिच्छेद एक: परिचय ........ 1
१.१ पृष्ठभूमि ........ 1
१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा ........ 1
१.३ मध्यमकालीन खर्च संरचनाको उद्देश्य ........ 1
१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु ........ 2
१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ........ 2
परिच्छेद २ : मध्यमकालीन खर्च संरचना ........ 5
२.१ पृष्ठभूमि ........ 5
२.२ चुनौती तथा अवसर ........ 5
२.३ सोच, उद्देश्य तथा रणनीति ........ 5
२.४ मध्यमकालीन आर्थिक खाका ........ 6
२.५ मध्यमकालीन नतिजा खाका ........ 7
२.६ मध्यमकालीन बजेट खाका ........ 7
२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ........ 9
परिच्छेद ३: आर्थिक वर्ष २०८१/८२ को विकास कार्यक्रम तथा बजेट ........ 13
३.१ आर्थिक वर्ष २०८१/८२ विकास कार्यक्रम बजेटको बाँडफाँट ........ 13
परिच्छेद ४ : आर्थिक क्षेत्र ........ 15
४.१ कृषि, खाद्य सुरक्षा तथा सिंचाई ........ 15
४.२ पशुपंक्षी सेवा ........ 17
४.३ उद्योग, व्यापार तथा व्यवसाय ........ 19
४.४ पर्यटन, सम्पदा तथा संस्कृति ........ 21
४.५ भूमि व्यवस्था, बैंक, वित्त तथा सहकारी ........ 23
४.६ श्रम, रोजगारी तथा गरिवी निवारण ........ 25
परिच्छेद ५ : सामाजिक विकास क्षेत्र ........ 28
५.१ स्वास्थ्य तथा पोषण ........ 28
५.२ शिक्षा, विज्ञान, कला, भाषा तथा साहित्य ........ 30
५.३ खानेपानी तथा सरसरफाई ........ 33
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ........ 35
५.५ युवा तथा खेलकुद ........ 36
परिच्छेद ६ : पूर्वाधार विकास क्षेत्र ........ 39
६.१ आवास, भवन तथा शहरी विकास ........ 39
६.२ सडक, पुल तथा यातायात ........ 41
६.३ जलस्रोत, विद्युत तथा उर्जा ........ 43
६.४ सूचना तथा सञ्चार ........ 44
परिच्छेद ७ : वातावरण तथा विपद व्यवस्थापन क्षेत्र ........ 47
७.१ वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण ........ 47
७.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ 48
७.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन ........ 51
परिच्छेद ८ : संस्थागत विकास तथा सुशासन क्षेत्र ........ 53
८.१ नीति, कानून, न्याय तथा सुशासन ........ 53
८.२ संगठन, मानव संशाधन र सेवा प्रवाह ........ 54

**८.३ राजस्व तथा स्रोत परिचालन** ... 56
**८.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन** ... 58
**अनुसूची १: मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल** ... 60
**अनुसूची २: मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन, २०८०/८१** ... 61
**अनुसूची ३: आगामी तीन आर्थिक वर्षको विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजना विवरण र बजेट विनियोजन** ... 67

तालिका सूची

तालिका २.११ : मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य ... 6
तालिका २.२2: मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य (प्रचलित मूल्यमा) ... 7
तालिका २.३3 : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा) ... 8
तालिका २.४4 : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा) ... 9
तालिका २.५5 : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ... 10
तालिका २.६61 : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ... 10
तालिका २.७7 : लैंङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ... 10
तालिका २.८8 : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ... 11
तालिका २.९9: आगामी तीन आ.व.को विषय उपक्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा) ... 11

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

मध्यमकालीन खर्च संरचना (Medium-Term Expenditure Framework-MTEF) सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण औजार हो । यसले स्थानीय सरकारले अबलम्बन गरेका नीति तथा योजनाहरुले लिएका लक्ष्य र उद्देश्य हासिल गर्न मद्दत गर्दछ । मध्यमकालीन खर्च संरचनाले विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरूलाई आत्मसात गरेको हुन्छ । यसले सरकारले लिएको नीति, आवधिक योजना र वार्षिक नीति कार्यक्रम र बजेट बीच सामञ्जस्यता कायम गराउँछ । जसबाट उपलब्ध सिमित स्रोतको अधिकतम प्रतिफल हासिल हुने गरी बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउँछ । यसले आगामी दिनमा पर्ने दायित्वको पूर्वानुमान तथा स्रोतको सुनिश्चितता समेत गर्दछ ।

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । यसले त्रिवर्षीय चक्रीय योजनाका रुपमा आगामी तीन वर्षमा खर्च गरिने क्षेत्र, कार्यक्रम, आयोजना र क्रियाकलाप समावेश गरेको हुन्छ । यसका अतिरिक्त कार्यक्रम तथा आयोजनाको प्रति एकाई लागत, खर्च गरिने क्षेत्र, कार्यक्रम र आयोजनाहरूको प्राथमिकीकरण र खर्चका स्रोत समेत समाविष्ट गरिएको हुन्छ । उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

ऐतिहासिक रुपमा हेर्दा नेपालमा सर्वप्रथम दशौं राष्ट्रिय आवधिक योजनासँगै मध्यमकालीन खर्च संरचना तर्जुमाको अभ्यास शुरुवात भएको थियो । संघीय शासन व्यवस्थाको थालनीसँगै मध्यमकालीन खर्च संरचना नेपालमा कानूनी रुपमा सरकारको अनिवार्य दायित्वका रुपमा रहेको छ । अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहले सार्वजनिक आय–व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्य रूपमा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्नु पर्ने प्राबधान रहेको छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) ले मध्यमकालीन खर्च संरचना तयारीको विधि, औजार, चरण तथा प्रकृयालाई स्पष्ट पारेको छ । यस गाउँपालिकाले मध्यमकालीन खर्च संरचना तयारीमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) रहेको व्यवस्था एवम् सरोकारवालासँगको छलफलको निष्कर्शलाई मुख्य आधारका रूपमा लिइएको छ ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचनाले समष्टिगत वित्त खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा मुलभुत पक्षहरुलाई समावेश गरेको हुन्छ । पहिलो, मध्यमकालीन वित्त खाकालाई आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक योजना तथा गुरुयोजनाको लक्ष्य उद्देश्यको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी तयार गरिन्छ । दोस्रो, मध्यमकालीन बजेट खाका स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आकलन गरी कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको तयार गरिन्छ । तेस्रो, मध्यमकालीन नतिजा खाकालाई बजेटको कार्यान्वयनबाट आगामी तीन वर्षमा प्राप्त हुने प्रतिफलको अनुमान गरी तयार गरिन्छ ।

मध्यमकालीन खर्च संरचनाले चक्रीय रुपमा हरेक आर्थिक वर्षमा तीन आर्थिक वर्षको बजेटको आँकलन गर्दछ । यसमा पहिलो आर्थिक वर्षमा खर्च र स्रोतको अनुमान गरिएको हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि खर्च तथा स्रोतको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एकवर्षको बजेट प्रक्षेपण गरिएको हुन्छ । मध्यमकालीन खर्च संरचनाले खर्च तथा श्रोतको यथार्थपरक विश्लेषणबाट बजेट तर्जुमा प्रक्रियालाई वस्तुनिष्ठ बनाउन मद्दत गर्दछ ।

## १.३ मध्यमकालीन खर्च संरचनाको उद्देश्य

मध्यमकालीन खर्च संरचना तयारीको मुख्य उद्देश्य विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गर्नु रहेको छ । यसका विशिष्ठ उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

- वार्षिक बजेटलाई आवधिक योजनासँग जोडनु र स्रोत विनियोजनलाई उपलब्धीमूलक बनाउनु,
- प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता गर्नु,

- स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई ययार्थपरक बनाउनु,
- मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री बनाउनु,

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

यस गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित विषयलाइ प्रमुख आधारको रुपमा लिइएको छ :

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५–२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७–२०८१/८२)
- लुम्विनी प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७–२०८०/८१)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७९/८०)
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सांङ्केतीकरण स्रोत पुस्तिका, २०७९
- स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका, २०७९
- बैजनाथ गाउँपालिकाको प्रथम आवधिक योजना तथा विषय क्षेत्रगत रणनीतिक तथा गुरूयोजना
- गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु
- वस्तुस्थिति विवरण वा स्थितिपत्र (प्रोफाईल)

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ तथा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम देहाय अनुसारको मध्यमकालीन खर्च संरचना तर्जमा विधि तथा प्रक्रिया अवलम्वन गरिएको थियो।

**चरण १: प्राविधिक सहयोग परिचालन**

गाउँपालिकाबाट मध्यमकालीन खर्च संरचना विज्ञको सहयोग परिचालन गरी तर्जुमा गरियो। यस क्रममा विज्ञको सहजीकरणमा गाउँ कार्यपालिका पदाधिकारीहरु तथा कर्मचारीलाई अभिुमखीकरण र कार्यदल गठन गरिएको थियो। मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गर्ने कार्यमा समेत विज्ञको सहयोग परिचालन गरिएको थियो।

**चरण २: सन्दर्भ सामग्री संकलन तथा समीक्षा**

मध्यमकालीन खर्च संरचना तयारीका लागि सान्दर्भिक सङ्घीय, प्रदेश एवम् स्थानीय तहका योजना, नीति, कानून, दिग्दर्शन र कार्यविधि सहितका दस्तावेजहरु संकलन एवम् अध्ययन गरियो । यसका माध्यमबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा रहेका प्रावधान एवम् आवश्यक सूचना पहिचान तथा विश्लेषण गरियो। मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवम् समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्रीहरू देहायबमोजिम प्रस्तुत गरिएको छः

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका प्रतिवेदन तथा सिफारिशहरु
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरण

- नेपाल सरकार, प्रदेश सरकार एवम् गाउँपालिकाको राजस्व सम्बन्धी कानून र आर्थिक ऐनहरु
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच तथा पन्ध्रौं राष्ट्रिय योजना
- स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सांङ्केतीकरण स्रोत पुस्तिका, २०७९
- स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका, २०७९
- लुम्विनी प्रदेशको प्रथम आवधिक योजना
- गाउँपालिकाका विषय क्षेत्रगत रणनीतिक/गुरूयोजना
- बैजनाथ गाउँपालिकाको विगत आर्थिक वर्षहरूको नीति कार्यक्रम, स्वीकृत, प्रगति प्रतिवेदन आदि ।

**चरण ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा**

विज्ञको प्राविधिक सहयोग र सहजीकरणमा मध्यमकालीन खर्च संरचना तयारीको प्रकृया, ढाँचा, औजार र कार्ययोजना तयार गरियो । स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी दिग्दर्शनको व्यवस्था र स्थानीय विशिष्ठता एवम् आवश्यकता अनुकूल हुने गरी मध्यमकालीन खर्च संरचना तयारीको ढाँचा, विधि, औजार एवम् कार्ययोजना सम्बन्धमा छलफल गरी समान बुझाई कायम गरिएको थियो । यस छलफलमा प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका पदाधिकारी र शाखाका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

**चरण ४: अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना**

मध्यमकालीन खर्च संरचनाको अवधारण र तयारीका, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा सरोकारवाला माझ समान बुझाइ कायम गर्ने उद्देश्यले मध्यमकालीन खर्च संरचना तयारी अभिमुखीकरण तथा प्रारम्भिक कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । प्राविधिक सहयोग टोलीको सहजीकरणमा सम्पन्न सो कार्यशालामा गाउँ कार्यपालिकाका पदाधिकारी, विषयगत समितिका पदाधिकारी, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधि एवम् अन्य सरोकारवालाहरुको सहभागिता रहेको थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचना तयारीको अवधारणा, बिधि, औजार, संस्थागत व्यवस्था र कार्यसूचीलाई प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरूपता कायम गरियो । सो कार्यशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन र कार्य योजनाको स्वीकृति गरी जिम्मेवारी र भूमिका समेत स्पष्ट गरियो । कार्यदलको विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

**चरण ५ : विषयगत समिति तथा शाखासँग परामर्शको आयोजना**

गाउँपालिकाको आयोजनामा दीर्घकालीन सोच, विषयगत रणनीतिक योजना र वार्षिक नीति, कार्यक्रम तथा आयोजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति तथा शाखासँग परामर्शको आयोजना गरिएको थियो । सो परामर्शमा कार्यक्रममा कार्यपालिका तथा विषयगत समितिका पदाधिकारी र विषयगत शाखा एवम् एकाइका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो । सो परामर्शबाट प्रमुख उपलब्धी, चालु, क्रमागत र बहुवर्षीय आयोजना तथा कार्यक्रम, सालवसाली कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान तयार भएका कार्यक्रम तथा आयोजना पहिचान गरियो । यसै छलफलबाट स्रोत सुनिश्चतता गर्नुपर्ने कार्यक्रम तथा आयोजनाको सूची तयारी उपक्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरिएको थियो ।

**चरण ६: खर्च तथा स्रोतको अनुमान र त्रिवर्षीय प्रक्षेपण**

विगत आर्थिक वर्षहरूको श्रोतको उपलब्धता एवम् भावि सम्भाव्यताका आधारमा आन्तरिक श्रोत, राजस्व बाँडफाँटबाट प्राप्त श्रोत, अन्तर–सरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त श्रोत लगायतका विभिन्न श्रोत समेतलाई बजेट वर्षको लागि अनुमान तथा आगामी दुई आर्थिक वर्षको प्रक्षेपण गरियो । त्यसैगरी, विगत आर्थिक वर्षहरूको खर्चको प्रवृति, चालु तथा बहुवर्षीय आयोजना र प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनका लागि आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । विषय विज्ञको सहयोग र सहजीकरणमा कार्यदलले आगामी तीन आर्थिक वर्षहरूको खर्च तथा स्रोत प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण

तथा आगामी आर्थिक वर्षको कार्यक्रम तथा बजेट तर्जुमा मार्गदर्शन तयार गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति मार्फत कार्यपालिमा पेश गरियो । यस सम्बन्धमा कार्यपालिकामा छलफल तथा निर्णय गरी प्रमुख प्रशासकीय अधिकृतले सबै विषयगत शाखाहरू तथा वडा समितिमा आगामी आर्थिक वर्षको कार्यक्रम तथा बजेट तयारीका लागि उपलब्ध गराइयो ।

**चरण ७ : विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना तर्जुमा**

विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखा/एकाईका कर्मचारी तथा विषयगत शाखासँग छलफल तथा परामर्श गरियो । छलफलबाट सबै उप–क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना र कार्यक्रमको पहिचान, प्राथमिकता निर्धारण, लागत अनुमान यकिन र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गरियो । त्यसैगरी, विषयगत रूपमा प्राथमिकता निर्धारण, दिगो विकास लक्ष्य, लैङ्गिक तथा जलवायु सङ्केतका आधारमा कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण गरियो ।

**चरण ८ : विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी**

विषयगत समिति, विषयगत शाखा तथा एकाइसँगको परामर्श र उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा तयार भएको विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई एकीकृत गरी विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरिएको थियो । विषयगत क्षेत्र मध्यमकालीन संरचनाको दस्तावेजलाई विषयगत समितिमा थप छलफल तथा प्रमाणीकरणका लागि पेश गरियो ।  यस कार्यमा परामर्शदाताको विज्ञ सहयोग परिचालन गरिएको थियो ।

**चरण ९ : मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी**

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी स्वीकृत ढाँचामा मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेज तयार गरियो । प्राविधिक सहयोग टोलीको सहयोगमा विषयगत समितिको छलफलको सुझाव तथा निष्कर्श र मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग राय परामर्शलाई आधारका रुपमा लिइ मस्यौदा दस्तावेज तयार गरिएको थियो । यस क्रममा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदलबाट आवश्यक सहयोग एवम् बजेट सीमा तथा मार्गदर्शन अनुकूल भए नभएको रूजु गरिएको थियो । मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा समष्टिगत मध्यमकालीन वित्त खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषय क्षेत्रगत रुपमा योजना र कार्यक्रम/आयोजनाको सारांश समावेश गरिएको छ ।

**चरण १० : मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला**

मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेज माथी सुझाव तथा पृष्ठपोषण हासिल गर्ने उद्देश्यले मध्यमकालीन खर्च संरचना सुझाव संकलन कार्यशाला गोष्ठीको आयोजना गरियो । उक्त गोष्ठीमा कार्यपालिका एवम् विषयगत समितिका पदाधिकारीहरू, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिहरु र स्थानीय विकासका सरोकारवालाहरूको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा मस्यौदा दस्तावेजलाई प्रस्तुत गरी कार्यक्रम तथा आयोजना, प्राथमिकता, स्रोत बाँडफाँट, स्रोत विनियोजन तथा साङ्केतीकरण र मध्यमकालीन खर्च संरचनाको समग्र मस्यौदा दस्तावेजमाथी सुझाब र पृष्ठपोषण हासिल गरिएको थियो ।

**चरण ११ : मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी**

मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजमा प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा परिमार्जन गरी अन्तिम दस्तावेजका रुपमा तयार गरियो । यस क्रममा विषयगत शाखाहरूबाट आवश्यक सूचना तथा विवरण संकलन गरिएको थियो । यसरी तयार भएको मस्यौदालाई परामर्शदातृ संस्थाका विज्ञद्वारा अन्तिम रुप प्रदान गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गरिएको छ ।

**चरण १२ : मध्यमकालीन खर्च संरचनाको स्वीकृति**

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना दस्तावेज कार्यपालिकाको बैठकमा छलफल गरी स्वीकृत गरिएको छ । साथै उक्त मध्यमकालीन खर्च संरचना दस्तावेज गाउँ सभाबाट अनुमोदन गरिएको छ ।

## परिच्छेद २ : मध्यमकालीन खर्च संरचना

### २.१ पृष्ठभूमि

गाउँपालिकाको समग्र विकास, समृद्धि र आर्थिक–सामाजिक रुपमान्तरणको आकांक्षालाई मुर्तरुप दिनका लागि सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी गराउनु आवश्यक हुन्छ। मध्यमकालीन खर्च संरचना सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण औजार हो। मध्यमकालीन खर्च संरचनाले विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासन कायम गर्न मद्दत पुर्याउँछ। यसका अतिरिक्त प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गरी सरकारले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न उपयुक्त परिवेश तयार गर्दछ।  र विषयगत नीतिले  लिएको लक्ष्य हासिल गर्न प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजनको सुनिश्चितता र सो अनुरुप वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा कार्यमा सहयोग गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नु जरुरी हुन्छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा सो सम्बन्धी नियमावली लगायतका सङ्घीय कानूनहरूले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ। यस सन्दर्भमा कार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र वडा समितिका पदाधिकारी तथा कर्मचारीहरुको सहभागितामा यस गाउँपालिकाको विगत वर्षहरूको वार्षिक नीति तथा कार्यक्रम र उपलब्ध सूचनालाई आधार मानी आगामी तीन वर्षको खर्चको प्रक्षेपणसहित पहिलो पटक यो मध्यमकालीन खर्च संरचना (२०८१/८२–२०८३/८४) तयार गरिएको छ।

### २.२ चुनौती तथा अवसर

जलवायु परिवर्तनको प्रभाव न्यून गर्नु, यातायात सुविधामा विश्वसनीय तथा सहज पहुँच कायम गर्नु, जनशक्ति पलायन कम गर्नु, विश्वव्यापी आर्थिक सिथिलताको प्रभाव कम गर्नु विश्वव्यापी तापमान वृद्धिको असर कम गर्नु, सुख्खा, खडेरीको जोखिम कम गर्नु, वातावरणीय स्वच्छता कायम गर्नु, विपद् जोखिम न्यूनीकरण गर्नु र विकासमा अन्तरसरकार तथा गैसससँगको साझेदारीमा वृद्धि गर्नु मुख्य चुनौतीका रुपमा रहेका छन्।

पूर्वपश्चिम राजमार्ग सडक यातायात सञ्जालमा जोडिएर प्रदेश तथा संघिय राजधानीसँग अन्तर–आवद्धता विस्तार हुनु, कोभिड १९ को महामारी कम भई आर्थिक गतिबिधिहरूमा वृद्धि हुँदै जानु, पर्यटकीय क्षेत्रमा लगानी विस्तार हुँदै जानु, गाउँपालिका क्षेत्रको विकासमा सङ्घीय तथा प्रदेश सरकार, गैसस तथा निजी क्षेत्रबाट लगानी विस्तार हुँदै जानु, सांस्कृतिक तथा प्राकृतिक सम्पदा क्षेत्रका रुपमा राष्ट्रिय अन्तर्राष्ट्रिय चासो बढदै जानु यस क्षेत्रका प्रमुख अवसरका रुपमा रहेका छन्।

### २.३ सोच, उद्देश्य तथा रणनीति

गाउँपालिकाको दीर्घकालीन सोच तथा विकासको मार्गचित्रको रूपमा तयार भइ कार्यान्वयनमा रहेको गाउँपालिकाको चालु तथा विगतका नीति योजना तथा कार्यक्रमलाई प्रस्तुत मध्यमकालीन खर्च संरचनाको आधारको रुपमा लिइएको छ। त्यसबाहेक पन्ध्रौ राष्ट्रिय योजना, लुम्विनी प्रदेश सरकारको प्रथम आवधिक योजना समेतका आधारमा यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम प्रस्तुत गरिएको छ।

#### २.३.१ दीर्घकालीन सोच

नेपाल सरकारले लिएको "समृद्ध नेपालः सुखी नेपाली" र लुम्विनी प्रदेश सरकारले लिएको "समृद्ध लुम्विनी, सुखी लुम्विनीबासी" दीर्घकालीन सोचसँग तादम्यता कायम हुने गरी तयार गरिएको गाउँपालिकाको दीर्घकालीन सोच देहायअनुसार रहेको छः

"समृद्ध बैजनाथको आधारः कृषि, उद्योग, पर्यटन र पूर्वाधार"

व्याख्या - प्राकृतिक सम्पदाको उच्चतम सदुपयोग मार्फत तीव्र उत्पादनमुखी व्यवसायिक कृषि, उद्योग, पर्यटन र पूर्वाधारको विकास गरी आर्थिक समृद्धि हासिल गर्ने।

#### २.३.२ लक्ष्य

भूमिको वैज्ञानिक सदुपयोग गरी आधुनिक र व्यवसायिक कृषिको विकास मार्फत कृषिमा आधारित उद्योगको स्थापना साथै पर्यटन प्रर्वद्धन गरी आर्थिक क्रान्ति गर्ने।

#### २.३.४ उद्देश्यहरू

१. कृषि, वन, उद्योग पर्यटन लगायत आर्थिक सम्भावनाका क्षेत्रहरूको विकास मार्फत आर्थिक सम्वृद्धि हासिल गर्नु
२. न्याय पूर्ण, सौहार्द, खुसी र सुखी समाज निर्माण गर्नु।
३. विकासका लागि अपरिहार्य सम्पूर्ण भौतिक पूर्वाधारको दिगो र सन्तुलित विकास गर्नु।
४. पर्यावरणीय सन्तुलन कायम गरी वातावरण संरक्षण गर्नु।
५. सार्वजनिक सेवा प्रवाहलाई चुस्त र दुरुस्त पारी असल शासन स्थापित गर्नु।

### २.३.५ प्रमुख रणनीतिहरू

१. आर्थिक क्षेत्रका मूल स्तम्भहरू जस्तै कृषि, वन, उद्योग र पर्यटन क्षेत्रको समुचित विकास गर्ने ती क्षेत्रहरूलाई वैज्ञानिक र व्यवसायिक बनाई यसमा संलग्न मानव स्रोतलाई सक्षम र प्रतिस्पर्धि तुल्याउने।
२. हरेक क्षेत्रको विकासमा अपरिहार्य आधारको रूपमा रहेका आधारभूत भौतिक पूर्वाधार जस्तै सडक, उर्जा, सिंचाई, खानेपानी आदिको विकासलाई उच्च प्राथमिकता दिने।
३. सम्पूर्ण क्षेत्रको दीर्घकालीन विकासलाई प्रत्यक्ष प्रभाव पार्ने शिक्षा र स्वास्थ्य क्षेत्रको संस्थागत विकास गरी मानव स्रोत निर्माण, अध्ययन र अनुसन्धानतर्फ केन्द्रित नीति तथा कार्यक्रमलाई महत्वका साथ कार्यान्वयन गर्ने।
४. सामाजिक न्याय स्थापित गरी समावेशीकरण र पछाडि परेका वर्गलाई मूल प्रवाहीकरण गर्न सहभागितामूलक विकास पद्धति अबलम्बन गरी राज्यको नजरमा कोही पछि नपर्ने नीति कार्यान्वयन गर्ने।
५. विकास निर्माणका हरेक क्रियाकलापमा वातावरण संरक्षण र प्रवर्द्धन हुने क्रियाकलाप समेत गर्न सोको सुनिश्चितता गर्ने।
६. जनमुखी असल शासन स्थापित गर्न सङ्घीय र लोकतान्त्रिक सफल राज्यहरूमा अवलम्बन गरिएका असल अभ्यासहरूलाई हाम्रो विशिष्टिकृत परिस्थिति अनुरूप अनुशरण गर्ने।

## २.४ मध्यमकालीन आर्थिक खाका

"समृद्ध नेपाल र सुखी नेपाली" को राष्ट्रिय सोच तथा संकल्प, लुम्विनी प्रदेशको "समृद्ध लुम्विनी, सुखी लुम्विनीबासी" को सोच र गाउँपालिकाको "समृद्ध बैजनाथको आधारः कृषि, उद्योग, पर्यटन र पूर्वाधार" को सोच, लक्ष्य तथा उद्देश्य अनुरुप आगामी तीन आर्थिक वर्षको समष्टिगत आर्थिक खाका तयार गरिएको छ। मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ।

आर्थिक खाका तर्जमा गर्दा सार्वजनिक वित्तको कुशल, समन्यात्यक, नतिजामूलक व्यवस्थापन, निजी तथा सहकारी क्षेत्रको लगानी, उत्पादन, रोजगारीमा प्रोत्साहन सहित सबल स्थानीय अर्थतन्त्र निर्माणमा जोड दिइएको छ। यस अवधिमा कोभिड-१९ विश्वव्यापी महामारी तथा आर्थिक मन्दीको कारण राजस्व तथा स्थानीय अर्थतन्त्रमा पर्ने असर र सोको पुनरुत्थानको आवश्यकता मध्यनजर गर्दै आगामी आ.व. २०८१/८२ को स्थानीय अर्थतन्त्र अवस्था अनुमान गरी सो बमोजिम लक्ष्य निर्धारण गरिएको छ। सो अनुसार उत्पादन, रोजगारी र आय लगायतका आर्थिक सूचकहरूको लक्ष्य निर्धारण गरिएको छ। दोस्रो तथा तेस्रो वर्षको लक्ष्य विगतको प्रवृत्ति र को अधारमा लक्ष्य निर्धारण गरिएको छ। सो अनुसार आगामी ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ।

**तालिका २.१ : मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य**

| क्र.सं. | सूचक लक्ष्य | एकाई | २०७९/८० सम्मको वास्तविक लक्ष्य | २०८०/८१ सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १ | कुल बार्षिक उत्पादन | रु. लाखमा | 21891 | 22733 | 23870 | 25063 | 26316 |
| १.१ | कृषि क्षेत्र | रु. लाखमा | 7918 | 8062 | 8465 | 8888 | 9333 |
| १.२ | गैर कृषि (उद्योग र सेवा) क्षेत्र | रु. लाखमा | 13973 | 14671 | 15405 | 16175 | 16984 |
| २ | औषत पारिवारिक वार्षिक आय | रु. लाखमा | 1.33 | 0.59 | 0.62 | 0.65 | 0.69 |
| ३ | उद्योग, ब्यापार र व्यवसाय | संख्या | ३१०५ | ३२६० | ३४२३ | ३५९४ | ३७७४ |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी श्रृजना | संख्या | 18939 | 18939 | 18939 | 18939 | 18939 |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | 88 | 90 | 92 | 93 | 95 |

स्रोत : बैजनाथ गाउँपालिका

## २.५ मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको पन्ध्रौ योजना, लुम्विनी प्रदेशको प्रथम पञ्चवर्षीय योजना तथा को दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ। सो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र आर्थिक वर्ष २०८०/८१ को अनुमानित उपलब्धिको आधारमा आ.व. २०८१/८२ को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य , विद्यमान अवस्था र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.२ : मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य (प्रचलित मूल्यमा)**

| क्रस | सूचक लक्ष्य | एकाई | ७९/८० सम्मको वास्तविक लक्ष्य | ८०/८१ सम्मको अनुमानित उपलब | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १ | प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जी. | ८५ | ९० | १०० | ११० | १२५ |
| २ | १२ है महिना सिंचाई हुने क्षेत्र | हेक्टर | ४०० | ४०० | ४५० | ५०० | ५५० |
| ३ | व्यावसायिक पशुपालनमा संलग्न कृषक | संख्या | ५००० | ५१५० | ५२०० | ५५०० | ६००० |
| ४ | सुधारिएको मासु पसल/कोल्डस्टोर | संख्या | ५० | ५० | ५० | ५० | ५० |
| ५ | उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | ४५० | ४५० | ४९५ | ५४५ | ५९९ |
| ६ | बैंकमा खाता हुने वा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ८० | ८२ | ८५ | ८८ | ९२ |
| ७ | गरिबीको रेखामुनी रहेका घरपरिवार | संख्या | १५ | १५ | १५ | १५ | १५ |
| ८ | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | ८६ | ८६ | ९० | ९५ | १०० |
| ९ | गर्भावस्थाको अवधिभर १८० आइरन चक्की खाने गर्भवती महिला | प्रतिशत | ८७ | ८९ | ९१ | ९३ | ९४ |
| १० | पुस्तकालय भएका विद्यालय | प्रतिशत | ७० | ७० | ७१ | ७३ | ७४ |
| ११ | इन्टरनेटमा पहुँच भएका विद्यालय | प्रतिशत | १०० | १०० | १०२ | १०४ | १०६ |
| १२ | नियमित गुणस्तर परीक्षण तथा उपचार भएका खानेपानी आयोजना | संख्या | २५ | २५ | २६ | २७ | २७ |
| १३ | लक्षित वर्गको कार्यक्रममा विनियोजन बजेट | रु. हजारमा | ८२१८ | २२२१० | २०५७१ | २२२०५ | २३९७८ |
| १४ | गाउँपालिका स्तरीय समिति तथा संरचनामा महिलाको सहभागिता | प्रतिशत | ३० | ३० | ३६ | ४३ | ५२ |
| १५ | सक्रिय युवा क्लव तथा युवा संजाल | संख्या | १० | १२ | १५ | १९ | २३ |
| १६ | वार्षिक युवा तथा खेलकुद क्षेत्रको बजेट | रु. हजारमा | १७६३ | १३०० | ४११४ | ४४४१ | ४७९६ |
| १७ | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | २५ | २५ | २९ | ३३ | ३८ |
| १८ | पक्की सडक | कि.मि. | ६३ | ६५ | ७० | ७५ | ८० |
| १९ | विद्युतमा पहुँच भएका जनसङ्ख्याको अनुपात | प्रतिशत | ८० | ८० | ८४ | ८८ | ९३ |
| २० | गाउँपालिकामा सञ्चालित सफ्टवेयर र सुचना व्यवस्थापन प्रणाली | संख्या | ११ | ११ | १२ | १२ | १३ |
| २१ | वनले ढाकेको वा हरियाली क्षेत्र | बर्ग कि मि | ४० | ४० | ४० | ४० | ४० |
| २२ | स्वीकृत नीति, कानून र कार्यविधि तथा मापदण्ड | संख्या | ३७ | ४१ | ४४ | ४७ | ५० |
| २३ | संस्थागत स्वमूल्यांकनको प्राप्तांक प्रतिशत | प्रतिशत | ७४ | ७३ | ८० | ८५ | ९० |
| २४ | प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु.हजार | १२ | १० | १२ | १३ | १४ |
| २५ | सबै तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ६० | ६० | ७५ | ७५ | ७५ |
| २६ | प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जी. | ८५ | ९० | १०० | ११० | १२५ |

स्रोतः गाउँपालिकाको दस्तावेज र विषयगत विवरण

## २.६ मध्यमकालीन बजेट खाका

त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित विगतका वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय तुलनात्मक लाभका क्षेत्र तथा प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य अधार लिइएको छ। गाउँपालिकामा

पहिलो पटक तयार भएको यस मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, पर्यटकीय सेवा तथा सुविधा, स्थानीय उत्पादन, रोजगारी, तीव्र आर्थिक सामाजिक र सन्तुलित विकासका लागि सो अनुरूपका विकास कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत रुपमा प्राप्त हुने नतिजाका आधारमा खर्च तथा स्रोतको अनुमान गरिएको छ। यसका साथै कोभिड १९ लगायतका महामारी, विश्वव्यापी आर्थिक मन्दीबाट पर्ने प्रभाव र जलवायुजन्य विपद् पश्चातको सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ। महामारी, आर्थिक संकट र विपद्ले सिर्जना गरेका विकासका अवसरको उपयोग गर्ने कार्यक्रम, आयोजना तथा क्रियाकलापहरूलाई प्राथमिकता दिइएको छ।

गाउँ गौरवका आयोजना, चालु तथा क्रमागत आयोजना, विस्तृत अध्ययन भइ तयारी अवस्थामा रहेका, स्रोत सुनिश्चितता भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित हुनेगरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ। क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ। मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, कोभिड १९ महामारी, अन्य विपद तथा आर्थिक संकटबाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई ध्यान दिइएको छ। त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन अनुसूची २ मा प्रस्तुत छ।

आर्थिक वर्ष २०७९/८० को राजस्व तथा विनियोजन र असार मसान्त सम्मको उपलब्धीका आधारमा खर्च संरचनाको पहिलो वर्षको आय तथा ब्यय अनुमान गरिएको छ। दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको आवधिक योजनाले लिएको लक्ष्य, नीति तथा कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम, आयोजना तथा क्रियाकलापले हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ। प्रक्षेपणका क्रममा गाउँपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई पर्याप्त स्रोतको व्यवस्था गरिएको छ। आन्तरिक श्रोत, राजस्व बाँडफाँट तथा उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ। नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँट स्वरूप प्राप्त हुने रकम, रोयल्टी र आन्तरिक श्रोत समेतका आधारमा गाउँपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ। नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम गत विगतको आयका आधारमा अनुमान गरिएको छ।

आन्तरिक आयको तथ्याङ्क विश्लेषणका लागि नगपालिकाको राजस्व सुधार योजनालाई आधारको रुपमा लिइएको छ। त्यस्तै राजश्व परामर्श समितिको प्रतिवेदन तथा SuTRA मा प्रविष्ट सूचनालाई आधार मानी आन्तरिक आयको विवरण विश्लेषण गरी स्रोत अनुमान तथा प्रक्षेपण गरिएको छ। उल्लेखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा गाउँपालिकाको कुल बजेट रु. २ अर्व ५७ करोड ८७ लाख २२ हजार हुने प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)**

| क्र स | विवरण | २०७८/७९ को यथार्थ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमानित | अनुमान तथा प्रक्षेपण | | | ३ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
| १ | **खर्च अनुमान** | **726769** | **758370** | **777719** | **822824** | **888214** | **959124** | **726769** |
| | चालु खर्च | 429168 | 460370 | 537609 | 534836 | 577339 | 623430 | 429168 |
| | पूंजीगत खर्च | 297601 | 298000 | 240110 | 287988 | 310875 | 335693 | 297601 |
| | वित्तिय व्यवस्था | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| २ | **आय अनुमान** | **876285** | **807983** | **706618** | **822824** | **888214** | **959124** | **876285** |
| २।१ | आन्तरिक आय | **33282** | **35513** | **34399** | **93000** | **102300** | **112530** | **33282** |
| २।२ | **राजस्व बाँडफाँट** | **138114** | **95054** | **149023** | **163177** | **180090.24** | **198766.2688** | **138114** |
| | क. नेपाल सरकार | 116711 | 69426 | 125684 | 133400 | 146740 | 161414 | 116711 |
| | ख. प्रदेश सरकार | 21403 | 25628 | 23339 | 29777 | 33350 | 37352 | 21403 |
| २।३ | **रोयल्टी बाँडफाँट** | **856** | **2281** | **0** | **0** | **0** | **0** | **856** |
| | क. वन रोयल्टी | 856 | 2281 | 0 | 0 | 0 | 0 | 856 |
| | ख. खानी रोयल्टी | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

| क्र स | विवरण | २०७८/७९ को यथार्थ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमानित | अनुमान तथा प्रक्षेपण | | | ३ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
| | ग. विद्युत् रोयल्टी | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | घ. पर्वतारोहण रोयल्टी | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | ङ. पानी तथा अन्य रोयल्टी | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| २।४ | **नेपाल सरकार** | **485481** | **486887** | **487383** | **535686** | **573314.88** | **613692.7704** | **485481** |
| | क. वित्तीय समानीकरण | 166100 | 161875 | 152000 | 154200 | 161910 | 170006 | 166100 |
| | ख. सशर्त अनुदान | 308478 | 306751 | 319383 | 361486 | 390405 | 421637 | 308478 |
| | ग. समपूरक अनुदान | 4783 | 13334 | 6000 | 0 | 0 | 0 | 4783 |
| | घ. विशेष अनुदान | 6120 | 4927 | 10000 | 20000 | 21000 | 22050 | 6120 |
| २।५ | **प्रदेश सरकार** | **31055** | **38732** | **33813** | **27961** | **29359.05** | **30827.0025** | **31055** |
| | क. वित्तीय समानीकरण | 7912 | 9882 | 11463 | 10961 | 11509 | 12085 | 7912 |
| | ख. सशर्त अनुदान | 4413 | 8729 | 9350 | 8000 | 8400 | 8820 | 4413 |
| | ग. समपूरक अनुदान | 11406 | 13174 | 10000 | 7000 | 7350 | 7718 | 11406 |
| | घ. विशेष अनुदान | 7324 | 6947 | 3000 | 2000 | 2100 | 2205 | 7324 |
| २।६ | **अन्य अनुदान** | | | | | | | |
| २।७ | **अन्तर स्थानीय तह साझेदारी रकम** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** |
| २।८ | **जनसहभागिता** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** |
| २।९ | **आन्तरिक ऋण** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** |
| २।१० | **मौज्दात रकम** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** |
| | **बचत (–) न्यून (+)** | **149516** | **49613** | **-71101** | **0** | **0** | **0** | **149516** |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छः

**क. रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण**

बैजनाथ गाउँपालिकाको प्रथम आवधिक योजना अनुसार रणनीतिक स्तम्भको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छः

**तालिका २.४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)**

| रणनीतिक स्तम्भ | कार्यक्रम संख्या | २०८१/८२ को अनुमान | | २०८२/८३ को प्रक्षेपण | | २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| आर्थिक स्तम्भ - कृषि, वन, उद्योग र पर्यटन | 13 | 50318 | 6% | 58522 | 7% | 66997 | 7% |
| पूर्वाधार भवन, सडक, उर्जा, सिंचाई, खानेपानी | 9 | 243018 | 30% | 258126 | 29% | 274930 | 29% |
| शिक्षा र स्वास्थ्य तथा मानव स्रोत निर्माण | 6 | 345586 | 42% | 373050 | 42% | 402832 | 42% |
| समावेशीकरण र सवै वर्गलाई मूल प्रवाहीकरण | 3 | 24685 | 3% | 26646 | 3% | 28774 | 3% |
| वातावरण संरक्षण र प्रवर्द्धन | 4 | 13165 | 2% | 14211 | 2% | 15346 | 2% |
| असल शासन | 4 | 146051 | 18% | 157658 | 18% | 170244 | 18% |
| **कुल जम्मा** | **39** | **822824** | **100%** | **888214** | **100%** | **959124** | **100%** |

### ख. प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ।

**तालिका २.५ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०८१/८२ को अनुमान | | २०८२/८३ को प्रक्षेपण | | २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | 16 | 234156 | 28% | 252368 | 28% | 272116 | 28% |
| प्राथमिकता दोश्रो (P2) | 23 | 588668 | 72% | 635847 | 72% | 687008 | 72% |
| **जम्मा** | **39** | **822824** | **100%** | **888214** | **100%** | **959124** | **100%** |

### ग. दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ।

**तालिका २.६ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| दिगो विकास लक्ष्य | आयोजना कार्यक्रम संख्या | २०८१/८२ को अनुमान | | २०८२/८३ को प्रक्षेपण | | २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| गरिबीको अन्त्य | 5 | 8285 | 1% | 9103 | 1% | 9989 | 1% |
| शून्य भोकमरी | 5 | 49369 | 6% | 53293 | 6% | 57547 | 6% |
| स्वस्थ जीवन | 2 | 57598 | 7% | 62175 | 7% | 67139 | 7% |
| गुणस्तरीय शिक्षा | 4 | 287988 | 35% | 310875 | 35% | 335693 | 35% |
| लैङ्गिक समानता | 1 | 20571 | 3% | 22205 | 3% | 23978 | 3% |
| स्वच्छ पानी र सरसफाइ | 1 | 8228 | 1% | 8882 | 1% | 9591 | 1% |
| आधुनिक ऊर्जामा पहुँच | 2 | 8228 | 1% | 8882 | 1% | 9591 | 1% |
| समावेशी आर्थिक वृद्धि,मर्यादित काम | 4 | 14399 | 2% | 15544 | 2% | 16785 | 2% |
| उद्योग नविन खोज र पूर्वाधार | 4 | 137823 | 17% | 148776 | 17% | 160653 | 17% |
| असमानता न्यूनीकरण | 1 | 2000 | 0% | 2000 | 0% | 2000 | 0% |
| दिगो शहर र बस्ती | 1 | 65826 | 8% | 71057 | 8% | 76730 | 8% |
| दिगो उपभोग र उत्पादन | 2 | 4114 | 1% | 4441 | 1% | 4796 | 1% |
| जलवायु परिवर्तन अनुकुलन | 2 | 9051 | 1% | 9770 | 1% | 10550 | 1% |
| सामुद्रिक स्रोतको उपयोग | 0 | 0 | 0% | 0 | 0% | 0 | 0% |
| भूसतह स्रोतको उपयोग | 1 | 3291 | 0% | 3553 | 0% | 3836 | 0% |
| शान्ति, न्याय र सबल संस्था | 2 | 137823 | 17% | 148776 | 17% | 160653 | 17% |
| दिगो विकासको लागि साझेदारी | 2 | 8228 | 1% | 8882 | 1% | 9591 | 1% |
| **कुल जम्मा** | **39** | **822824** | **100%** | **888214** | **100%** | **959124** | **100%** |

### घ. लैङ्गिक संकेतको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

लैङ्गिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ।

**तालिका २.७ : लैङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| लैङ्गिक सङ्केत | आयोजना संख्या | २०८१/८२ को अनुमान | | २०८२/८३ को प्रक्षेपण | | २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | 1 | 20571 | 3% | 22205 | 3% | 23978 | 3% |
| सहयोगी | 17 | 274937 | 33% | 297105 | 33% | 321143 | 33% |

| लैङ्गिक सङ्केत | आयोजना संख्या | २०८१/८२ को अनुमान | | २०८२/८३ को प्रक्षेपण | | २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| तटस्थ | 21 | 527316 | 64% | 568904 | 64% | 614003 | 64% |
| **कुल जम्मा** | **39** | **822824** | **100%** | **888214** | **100%** | **959124** | **100%** |

### ङ. जलवायु संकेतको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत छ।

**तालिका २.८ : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| जलवायू सङ्केत | आयोजना संख्या | २०८१/८२ को अनुमान | | २०८२/८३ को प्रक्षेपण | | २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | 5 | 16456 | 2% | 17764 | 2% | 19182 | 2% |
| सान्दर्भिक | 10 | 71237 | 9% | 76501 | 9% | 82209 | 9% |
| तटस्थ | 24 | 735130 | 89% | 793949 | 89% | 857732 | 89% |
| **कुल जम्मा** | **39** | **822824** | **100%** | **888214** | **100%** | **959124** | **100%** |

### २.८ विषय उपक्षेत्रगत बाँडफाँट

विषय उपक्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ। विषय उपक्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण अनुसूची ३ समावेश गरिएको छ।

**तालिका २.९ : आगामी तीन आ.व.को विषय उपक्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)**

| क्र स | कार्यक्रम/आयोजना | आ.व. २०८१/८२ को विनियोजन | | | दोश्रो आ.व. २०८२/८३ को प्रक्षेपण | | | तेश्रो आ.व. २०८३/८४ को प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुंजीगत | कूल | चालु | पुंजीगत | कूल | चालु | पुंजीगत |
| १ | कृषि खाद्य सुरक्षा, सिचाई | 32913 | 21393 | 11520 | 35529 | 23094 | 12435 | 38365 | 24937 | 13428 |
| २ | पशुपंक्षी सेवा | 16456 | 13165 | 3291 | 17764 | 14211 | 3553 | 19182 | 15346 | 3836 |
| ३ | उद्योग र व्यापार ब्यवसाय | 4114 | 2880 | 1234 | 4441 | 3109 | 1332 | 4796 | 3357 | 1439 |
| ४ | पर्यटन तथा संस्कृति | 3703 | 1111 | 2592 | 3997 | 1199 | 2798 | 4316 | 1295 | 3021 |
| ५ | भूमि सहकारी र वित्त सेवा | 2468 | 1975 | 494 | 2665 | 2132 | 533 | 2877 | 2302 | 575 |
| ६ | श्रम तथा रोजगारी | 10285 | 5143 | 5143 | 11103 | 5551 | 5551 | 11989 | 5995 | 5995 |
| ७ | शिक्षा, भाषा साहित्य | 57598 | 48108 | 9490 | 62175 | 51999 | 10176 | 67139 | 56218 | 10921 |
| ८ | स्वास्थ्य तथा पोषण | 287988 | 244790 | 43198 | 310875 | 264244 | 46631 | 335693 | 285339 | 50354 |
| ९ | खानेपानी तथा सरसफाई | 8228 | 1646 | 6583 | 8882 | 1776 | 7106 | 9591 | 1918 | 7673 |
| १० | महिला बालिका समावेशी | 20571 | 17485 | 3086 | 22205 | 18875 | 3331 | 23978 | 20381 | 3597 |
| ११ | युवा तथा खेलकुद | 4114 | 2057 | 2057 | 4441 | 2221 | 2221 | 4796 | 2398 | 2398 |
| १२ | बस्ती विकास भवन शहरी | 65826 | 0 | 65826 | 71057 | 0 | 71057 | 76730 | 0 | 76730 |
| १३ | सडक तथा यातायात | 131652 | 0 | 131652 | 142114 | 0 | 142114 | 153460 | 0 | 153460 |
| १४ | जलश्रोत विद्युत् ऊर्जा | 8228 | 0 | 8228 | 8882 | 0 | 8882 | 9591 | 0 | 9591 |
| १५ | सूचना, सञ्चार प्रविधि | 6171 | 3171 | 3000 | 6662 | 3162 | 3500 | 7193 | 3193 | 4000 |
| १६ | वन हरियाली, भूसंरक्षण नदी | 3291 | 329 | 2962 | 3553 | 355 | 3198 | 3836 | 384 | 3453 |
| १७ | फोहोरमैला व्यवस्थापन | 4114 | 2057 | 2057 | 4441 | 2221 | 2221 | 4796 | 2398 | 2398 |
| १८ | विपद जलवायु परिवर्तन | 9051 | 3620 | 5431 | 9770 | 3908 | 5862 | 10550 | 4220 | 6330 |
| १९ | नीति, कानून, सुशासन | 6171 | 5863 | 309 | 6662 | 6329 | 333 | 7193 | 6834 | 360 |
| २० | संगठन, मानव संशाधन | 131652 | 118487 | 13165 | 142114 | 127903 | 14211 | 153460 | 138114 | 15346 |
| २१ | राजस्व सुधार परिचालन | 3291 | 2962 | 329 | 3553 | 3198 | 355 | 3836 | 3453 | 384 |
| २२ | तथ्याङ्क, योजना विकास | 4937 | 3950 | 987 | 5329 | 4263 | 1066 | 5755 | 4604 | 1151 |
| | **जम्मा** | **822824** | **500191** | **322633** | **888214** | **539748** | **348466** | **959124** | **582685** | **376438** |

आर्थिक वर्ष २०८१/८२ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय उपक्षेत्रगत नतिजा, विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धी र विषय उपक्षेत्रगत अनुमानित बजेट परिच्छेद ४ देखि परिच्छेद ८ सम्म प्रस्तुत गरिएको छ।

## परिच्छेद ३: आर्थिक वर्ष २०८१/८२ को विकास कार्यक्रम तथा बजेट

समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका साथै यस गाउँपालिकामा आगामी आर्थिक वर्ष सञ्चालन हुने विकास कार्यक्रम तथा आयोजनालाई मध्यमकालीन खर्च संरचनाको अभिन्न अंगको रूपमा वार्षिक विकास कार्यक्रम समावेश गरिएको छ । यसले मध्यमकालीन खर्च संरचना थप प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

### ३.१ आर्थिक वर्ष २०८१/८२ विकास कार्यक्रम बजेटको बाँडफाँट

आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन हुने विकास कार्यक्रम तथा आयोजनाको बजेट बाँडफाँट देहायअनुसार प्रस्तुत गरिएको छः

**क) खर्चका आधारमा विकास कार्यक्रमको विनियोजित बजेट**

आर्थिक वर्ष २०८१/८२ लागि प्रस्तावित बजेटको चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको विनियोजित बजेट विवरण तालिका ३.१ मा उल्लेख गरिएको छ । विकास कार्यक्रमको विषय क्षेत्रगत विवरण रणनीतिक स्तम्भ , दिगो विकास लक्ष्य लैङ्गिक संकेत, जलवायु संकेतका आधारमा विस्तृत विवरण अनुसूचीमा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | खर्च | बजेट (रू. हजारमा) | |
|---|---|---|---|
| | | रकम | प्रतिशत |
| १. | चालु | 534836 | 65% |
| २. | पूँजीगत | 287988 | 35% |
| ३. | वित्तिय व्यवस्था | 0 | 0% |
| | जम्मा | **822824** | 100% |

**ख) रणनीतिक स्तम्भका आधारमा विकास कार्यक्रमको विनियोजित बजेट**

प्रथम को आधारमा विनियोजित बजेटको विवरण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| रणनीतिक स्तम्भ | कार्यक्रम संख्या | २०८१/८२ को अनुमान | |
|---|---|---|---|
| | | रकम | प्रतिशत |
| आर्थिक स्तम्भ - कृषि, वन, उद्योग र पर्यटन | 13 | 50318 | 6% |
| भौतिक पूर्वाधार सडक, उर्जा, सिंचाई, खानेपानी | 9 | 243018 | 30% |
| शिक्षा र स्वास्थ्य तथा मानव स्रोत निर्माण | 6 | 345586 | 42% |
| समावेशीकरण र सबै वर्गलाई मूल प्रवाहीकरण | 3 | 24685 | 3% |
| वातावरण संरक्षण र प्रवर्द्धन | 4 | 13165 | 2% |
| असल शासन | 4 | 146051 | 18% |
| **कुल जम्मा** | **39** | **822824** | **100%** |

**ग) प्राथमिकताको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट**

प्राथमिकताको आधारमा गरिएको विनियोजित बजेत तालिकामा प्रस्तुत गरिएको छः

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०८१/८२ को अनुमान | |
|---|---|---|---|
| | | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | 16 | 234156 | 28% |
| प्राथमिकता दोश्रो (P2) | 23 | 588668 | 72% |
| **जम्मा** | **39** | **822824** | **100%** |

### घ) दिगो विकास लक्ष्यको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट

दिगो विकास लक्ष्यको आधारमा गरिएको विनियोजित बजेट देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

| संकेत नं | दिगो विकास लक्ष्य | आयोजना कार्यक्रम संख्या | २०८१/८२ को अनुमान | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| SDG-1 | गरिबीको अन्त्य | 5 | 8285 | 1% |
| SDG-2 | शून्य भोकमरी | 5 | 49369 | 6% |
| SDG-3 | स्वस्थ जीवन | 2 | 57598 | 7% |
| SDG-4 | गुणस्तरीय शिक्षा | 4 | 287988 | 35% |
| SDG-5 | लैङ्गिक समानता | 1 | 20571 | 3% |
| SDG-6 | स्वच्छ पानी र सरसफाइ | 1 | 8228 | 1% |
| SDG-7 | आधुनिक ऊर्जामा पहुँच | 2 | 8228 | 1% |
| SDG-8 | समावेशी आर्थिक वृद्धि,मर्यादित काम | 4 | 14399 | 2% |
| SDG-9 | उद्योग नविन खोज र पूर्वाधार | 4 | 137823 | 17% |
| SDG-10 | असमानता न्यूनीकरण | 1 | 2000 | 0% |
| SDG-11 | दिगो शहर र बस्ती | 1 | 65826 | 8% |
| SDG-12 | दिगो उपभोग र उत्पादन | 2 | 4114 | 1% |
| SDG-13 | जलवायु परिवर्तन अनुकुलन | 2 | 9051 | 1% |
| SDG-14 | सामुद्रिक स्रोतको उपयोग | 0 | 0 | 0% |
| SDG-15 | भूसतह स्रोतको उपयोग | 1 | 3291 | 0% |
| SDG-16 | शान्ति, न्याय र सबल संस्था | 2 | 137823 | 17% |
| SDG-17 | दिगो विकासको लागि साझेदारी | 2 | 8228 | 1% |
| | **कुल जम्मा** | **39** | **822824** | **100%** |

### ङ) लैङ्गिक संकेतको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट

लैङ्गिक संकेतको आधारमा गरिएको विनियोजित बजेट देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

| लैङ्गिक सङ्केत | आयोजना संख्या | २०८१/८२ को अनुमान | |
|---|---|---|---|
| | | रकम | प्रतिशत |
| निर्दिष्ट | 1 | 20571 | 3% |
| सहयोगी | 17 | 274937 | 33% |
| तटस्थ | 21 | 527316 | 64% |
| **कुल जम्मा** | **39** | **822824** | **100%** |

### च) जलवायु संकेतको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट

जलवायु संकेतको आधारमा गरिएको विनियोजित बजेट देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

| जलवायू सङ्केत | आयोजना संख्या | २०८१/८२ को अनुमान | |
|---|---|---|---|
| | | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | 5 | 16456 | 2% |
| सान्दर्भिक | 10 | 71237 | 9% |
| तटस्थ | 24 | 735130 | 89% |
| **कुल जम्मा** | **39** | **822824** | **100%** |

# परिच्छेद ४ : आर्थिक क्षेत्र

कृषि तथा खाद्य सुरक्षा, सिंचाई, पशुपंक्षी विकास, उद्योग तथा व्यापार, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी, श्रम रोजगारी तथा गरिबी निवारण जस्ता उपक्षेत्रहरु यस परिच्छेदमा समेटिएको छ । यस परिच्छेदमा आर्थिक क्षेत्र अन्तर्गतका  हरेक उपक्षेत्रको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण, अनुमान तथा जोखिम पक्षहरु समावेश गरिएका छन् ।

## ४.१ कृषि, खाद्य सुरक्षा तथा सिंचाई

### ४.१.१ पृष्ठभूमि

बैजनाथ गाउँपालिका कृषि उत्पादनको हिसावले महत्वपूर्ण मानिन्छ । कुल १४२.८२ वर्ग कि.मी क्षेत्रफल मध्ये ८०.३५ वर्ग कि.मी अर्थात ५६.२६ प्रतिशत जमिनमा हाल खेतीपाती भैरहेको छ । त्यसैगरी ४७.६८ वर्ग कि.मी अर्थात ३३.३८ प्रतिशत जमिनमा हाल वन रहेको छ । गाउँपालिकाका ८ वटै वडामा खेतीपाती हुनसक्ने र भैरहेका प्रसस्त कृषि क्षेत्रहरू छन् । हाल खेतीपाती भैरहेको क्षेत्र अत्यन्त मलिलो र सघन खेतीपाती गर्न सकिने उर्वर क्षेत्रमा पर्ने भएकोले यो भूमिको पूर्ण सदुपयोग गर्न सके यो गाउँपालिकालाई कृषिको नमूना क्षेत्रको रूपमा विकास गर्न सकिन्छ । गाउँपालिकाका अधिकांश जनसङ्ख्या कृषि पेशामा संलग्न रहेकोले गाउँपालिकाको दीर्घकालीन विकास र समृद्धिका लागि यो क्षेत्रलाई बैज्ञानिकीकरण र व्यवसायिकीकरण गर्न सकिने प्रबल सम्भावना रहेको छ ।

यहाँका प्रमुख खाद्यान्न बालीहरू धान, मकै, गहुँ हुन् भने फलफूल बालीहरू केरा, आँप, लिच्ची, कटहर हुन् । त्यसैगरी दलहन बालीहरू मुसुरो, अरहर, चना आदि, तेलहन बालीहरू तोरी, रायो, सुर्यमुखी आदि तथा उष्ण क्षेत्रमा लगाइने सबै प्रकारका तरकारी बालीहरूको यहाँ प्रचुर मात्रामा उत्पादन हुने गरेको छ । त्यसैगरी यस गाउँपालिकामा गुर्जो, बोजो, हर्रो, बर्रो आदि जस्ता जडीबुटीहरू पाइन्छन् । यद्यपी यस्ता जडीबुटीहरूको व्यावसायिक उत्पादन हुन सकेको छैन ।

### ४.१.२ समस्या तथा चूनौति

यस गाउँपालिका क्षेत्रमा अझैपनि निर्वाहमुखी कृषि प्रणाली रहेको छ । खाद्य सुरक्षाको कमी, न्यून उत्पादकत्व, बढ्दो आयातमूखी संस्कृति, सिंचाइ सुविधा तथा लगानीको कमी रहेको छ ।  न्यून उत्पादकत्व, उन्नत बीउ र आधुनिक प्रविधि न्यून उपलब्धता, कृषि बजार र सूचनाको कमी आदि प्रमुख समस्या रहेका छन् । व्यावसायिक तथा जैविक कृषि विकास गर्नु, उन्नत मल बीउ र प्रविधि उपयोग गर्नु, कृषिलाई आकर्षक र सम्मानित पेशाको रुपमा विकास गर्नु, कृषि तथ्याङ्कको आधार तयार तथा अद्यावधिक नहुनु, जनशक्तिको कमी हुनु, रोग तथा किराको प्रकोप बढ्दै जानु, कृषि उत्पादनहरु संकलन तथा भण्डारण लागत बढी हुनु,  कृषि उत्पादन र उत्पादकत्व कमी हुनु आदि प्रमुख चुनौती हुन् ।

### ४.१.३ सोच

"वैज्ञानिक, व्यवसायिक, उच्च प्रतिफल युक्त निर्यातमुखी कृषि"

### ४.१.४ उद्देश्य

१. जैविक कृषि उत्पादनको व्यावसायीकरण, विविधिकरण र औद्योगिकीकरण गर्नु,
२. प्राविधिक ज्ञान, सीप र प्रविधिको विकास र विस्तार गर्नु
३. कृषि उपजको बजार व्यवस्थापन गर्नु

### ४.१.५ रणनीति

१. तुलनात्मक लाभका कृषि उत्पादनको व्यवसायीकरण, विविधिकरण तथा औद्योगिकीकरण गर्ने
२. नयाँ बालीको परीक्षण, विकास र विस्तार गर्ने
३. कृषि व्यवसायको विकास, विस्तार र प्रवर्द्धन विस्तार गर्ने
४. कृषि उपजलाइ मूल्य श्रृङ्खलामा आवद्ध गर्ने
५. स्थानीय विशिष्टिकृत उत्पादनको, ग्रेडिङ, प्रशोधन, व्राण्डिङ र बजारीकरण गर्ने
६. वडालाई सेवा केन्द्रको रुपमा विकास र सुदृढीकरण गर्ने
७. कृषि प्रसार, हाइटेक प्रविधि, सामाग्री विस्तार गर्ने

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जी. | ८५ | ९० | १०० | ११० | १२५ |
| साना किसान औसत वार्षिक आय | रु. हजार | २५० | २७५ | ३०० | ३२५ | ३५० |
| कृषि व्यवसायमा संलग्न समूह र सहकारी | संख्या | २५० | २७५ | ३०० | ३२० | ३५० |
| कुल कृषि भूमि मध्ये खेति गरिएको भूमि | प्रतिशत | ८० | ८० | ८२ | ८५ | ९० |
| खाद्यान्न बालीको औसत उत्पादकत्व प्रति हेक्टर | मे.टन | २ | २ | ३ | ४ | ५ |
| व्यावसायिक उत्पादनमा संलग्न कृषक | संख्या | २५०० | २५०० | २५०० | २५०० | २५०० |
| कुल तरकारी उत्पादन | मे.टन | २५०० | ८०० | ८५० | ९०० | १००० |
| कुल खाद्यान्न उत्पादन | मे.टन | २००० | १२०० | १२५० | १३०० | १४५० |
| मह उत्पादन | मे.टन | ० | ० | ० | ० | ० |
| च्याउ उत्पादन | मे.टन | ० | ० | ० | ० | ० |
| १२ है महिना सिंचाई हुने क्षेत्र | हेक्टर | ४०० | ४०० | ४५० | ५०० | ५५० |
| दर्ता तथा कृषि फर्म | संख्या | १५०० | १५४० | १६२५ | १७०० | १८०० |
| सूचीकृत कृषक | संख्या | ० | ० | १०० | १५० | २०० |

स्रोतः कृषि शाखा

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | 32913 | 21393 | 11520 | 0 | 5184 | 25772 | 1957 | 0 |
| २०८२/८३ | 35529 | 23094 | 12435 | 0 | 5711 | 27763 | 2055 | 0 |
| २०८३/८४ | 38365 | 24937 | 13428 | 0 | 6292 | 29915 | 2158 | 0 |

### ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत अनुमान (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कृषि प्रसार तथा प्रवर्द्धन कार्यक्रम | कृषि सम्बन्धी सूचना, प्राविधिक सहयोग तथा प्रविधि हस्तान्तरण र प्रवर्द्धन गर्नु | सालबसाली | 45000 | वार्षिक ३० वटा उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कृषि उद्यम तथा व्यवसाय नयाँ स्थापना वा स्तरोन्नति वा सुचारू हुने |
| २ | वैकल्पिक तथा साना सिंचाइ विकास तथा विस्तार कार्यक्रम | सिंचाइ सुविधा विस्तार गर्नु | सालबसाली | 58150 | वार्षिक १०० हेक्टर क्षेत्रफलमा १२ महिनासिंचाइ सुविधा उपलब्ध हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहाय बमोजिम रहेका छन् :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | कृषि प्रसार तथा प्रवर्द्धन कार्यक्रम | ६० जनालाइ व्यावसायिक कृषकको रूपमा विकास गरिएको तथा ४५ वटा कृषिमा आधारित व्यवसाय स्थापना तथा स्तरोन्नति भएको | ४५ वटा उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कृषि उद्यम तथा व्यवसाय नयाँ स्थापना वा स्तरोन्नति वा सुचारू हुने | |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| २ | वैकल्पिक तथा साना सिंचाइ विकास तथा विस्तार कार्यक्रम | २००० हेक्टर क्षेत्रफलमा सिंचाइ सुविधा उपलब्ध भएको | थप ३०० हेक्टर क्षेत्रफलमा १२ महिना सिंचाइ सुविधा उपलब्ध हुने | कुलो निर्माण तथा मर्मत, सिंचाइ पोखरी निर्माण मर्मत, पम्सेट/मोटर/पाइप, इनार, वोरिङ जडान, |

#### ४.१.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा रहेका व्यावसायिक तथा अन्य कृषकहरुको संख्या वृद्धि भई कृषि उत्पादन बढ्ने र कृषि उत्पादन प्रशोधन, विविधिकरण र बजारीकरण प्रणाली सुदृढ हुनेछ। कृषि उत्पादनमा उन्नत प्रविधि, मल, गुणस्तरीय बीउ, सिंचाइ सुविधा र संरक्षित कृषि प्रणाली, मुल्य श्रृंङ्खला र बजार अन्तरसम्बन्ध विकास गर्न नसकेमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ। यसैगरी कृषिजन्य उत्पादनमा जलवायु परिवर्तन नकारात्मक असर तथा नयाँ प्रकोपहरुको समेत जोखिम रहको छ।

### ४.२ पशुपंक्षी सेवा

#### ४.२.१ पृष्ठभूमि

बैजनाथ गाउँपालिकाका सम्पूर्ण वडाहरूमा यहाँ बसोबास गर्ने घरपरिवारहरूले पशुपंक्षी पाल्ने गरेका छन्। यहाँ गाई÷गोरु, भैँसी÷राँगा, बाख्रा÷भेडा, बंगुर, कुखुरा, हाँस, अस्ट्रिच, टर्की, बट्टाई लगायतका पशुपंक्षी पाल्ने र बिक्री गर्ने गर्दछन्। उष्ण क्षेत्रमा उपयुक्त हुने जातका पशुपंक्षीहरूको यहाँ व्यवसायीक उत्पादनको राम्रो सम्भावना रहेको हुनाले साना खालका विभिन्न कृषि तथा पशु फर्महरू मार्फत पशुपंक्षीहरूको व्यवसायीक उत्पादन समेत हुँदै आएको छ। व्यावसायिक हिसाबले हेर्दा कृषकहरूले सबैभन्दा बढी गाई, भैसी, कुखुरा, हाँस, बाख्रा, माछा, बङगुर पाल्ने र बिक्री गर्ने गर्दछन्। पशुपन्छी पालनमा आधुनिकीकरण र व्यवसायीकरण भने हुन सकेको छैन। अर्कोतर्फ, यस गाउँपालिकामा ग्रासर्कार्प, कमनकार्प, रहुँ, मान्गुर जस्ता माछापाल्ने गरिएको भएतापनि ठुलो स्तरको व्यावसायिक माछापालन भने यो गाउँपालिकामा गरिएको छैन। गाउँपालिकामा जलस्रोतको पर्याप्त उपलब्धता भएकोले स्थानीय जलवायु अनुकूल माछा पालन गर्न उपयुक्त देखिन्छ।

#### ४.२.२ समस्या तथा चुनौती

पशुपंक्षीपालन व्यावसायीकरण तथा विविधकरण हुन नसक्नु, जलवायु परिवर्तन, युवाहरु विहिर देश जानु,उन्नत जातको स्रोत केन्द्र नहुनु, दाना र औषधी ढुवानी लागत बढी हुनु, कृषि उत्पादन र उत्पादकत्व कमी हुनु, वन्यजन्तुबाट पशपंक्षीको हानी नोक्सानी हुनु मुख्य समस्याका रुपमा रहेका छन्। रोग तथा परजीविको प्रकोप बढ्दै जानु, तथ्याङ्कको आधार तयार तथा अद्यावधिक नहुनु, जनशक्तीको कमी हुनु, घाँस तथा दानाको उत्पादन र उपलब्धता कमी हुनु, प्रविधि र प्राविधिक सहयोगमा कमी हुनु प्रमुख चुनौतीका रुपमा रहेका छन्।

#### ४.२.३ सोच

व्यवसायिक पशुपन्छी तथा मत्स्यपालन मार्फत आर्थिक समृद्धि"

#### ४.२.४ उद्देश्य

१. पशुजन्य उत्पादनको व्यावसायीकरण, विविधिकरण र औद्योगिकीकरण गर्नु,
२. प्राविधिक ज्ञान, सीप र प्रविधिको विकास र विस्तार गर्नु
३. पशुपंक्षी उपचार सेवामा सहजता ल्याउनु,
४. पशुजन्य उत्पादनको प्रशोधन र बजार व्यवस्थापन गर्नु

#### ४.२.५ रणनीति

१. दुध र मासुजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगिकीकरण गर्ने,
२. पशुपंक्षीपालन तथा उत्पादन, प्रशोधन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन गर्ने,
३. पशुजन्य उत्पादनलाइ मूल्य श्रृङ्खलामा आवद्ध गर्ने,
४. पशुपंक्षी उत्पादनको प्रशोधन, व्राण्डिङ तथा बजारीकरण प्रवर्द्धन गर्ने,

५. पशुपंक्षीपालक किसान, समूह, सहकारी तथा व्यवसायीहरुको क्षमता विकास गर्ने र
६. वडालाई सेवा केन्द्रको रुपमा विकास र सुदृढीकरण गर्ने ।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| व्यावसायिक पशुपालनमा संलग्न कृषक | संख्या | ५००० | ५१५० | ५२०० | ५५०० | ६००० |
| व्यावसायिक फर्मको संख्या | संख्या | १००० | १००० | १००० | १००० | १००० |
| वार्षिक दुध उत्पादन (लिटर) | हजारमा | ११५० | ६५० | ७४८ | ८६० | ९८९ |
| वार्षिक मासु उत्पादन | मे.टन | १४०० | ९५० | १०९३ | १२५६ | १४४५ |
| सुधारिएको मासु पसल/कोल्डस्टोर | संख्या | ५० | ५० | ५० | ५० | ५० |
| पशुपंक्षीजन्य उद्यम तथा व्यवसाय | संख्या | ४५० | ५०० | ६५० | ७०० | ८५० |
| माछा उत्पादन | मे.टन | २० | २० | २३ | २६ | ३० |
| डेरी तथा दुग्ध चिस्यान केन्द्र | संख्या | ८ | ८ | ९ | ११ | १२ |
| समूहमा आवद्ध पशुपंक्षीपालन कृषक | संख्या | १००० | १००० | ११५० | १३२३ | १५२१ |

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | 16456 | 13165 | 3291 | 0 | 12959 | 3498 | 0 | 0 |
| २०८२/८३ | 17764 | 14211 | 3553 | 0 | 14277 | 3487 | 0 | 0 |
| २०८३/८४ | 19182 | 15346 | 3836 | 0 | 15730 | 3452 | 0 | 0 |

### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३ | पशुपंक्षी व्यवसाय प्रवर्द्धन कार्यक्रम | पशुपंक्षीपालनलाई व्यावसायीकरण तथा पशुपंक्षीजन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्नु | सालबसाली | 16500 | वार्षिक २५ वटा पशुपंक्षीपालन (१०), संकलन र प्रशोधन (१५) सम्बन्धी फर्म, उद्योग व्यवसाय सिर्जना, स्तरोन्नति र सञ्चालन हुने |
| ४ | पशुपंक्षीजन्य उत्पादन तथा बजारीकरण कार्यक्रम | पशुपंक्षीजन्य उत्पादनको प्रशोधन, विविधिकरण र बजार प्रवर्द्धन गर्नु | सालबसाली | 16500 | वार्षिक १० वटा दुध, मासु, अण्डाको संकलन, प्रशोधन, वध, चिस्यान तथा विक्री केन्द्र स्थापना तथा व्यवस्थित रूपमा सञ्चालन हुने |
| ५ | पशुपंक्षी स्वास्थ्य सेवा, प्रसार र अन्य सालबसाली कार्यक्रम | पशुपन्छी उपचार सेवा, प्राविधिक ज्ञान, प्रविधि विकास र विस्तार गर्नु | सालबसाली | 18576 | वार्षिक ५००० जना कृषकले सहज रूपमा पशुपंक्षी उपचार सेवा, पशु प्रसार सेवा तथा टेवा प्राप्त गरेका हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| ३ | पशुपंक्षी व्यवसाय प्रवर्द्धन कार्यक्रम | १५० वटा व्यवसायिक पशुपंक्षीपालन तथा संकलन र प्रशोधन सम्बन्धी फर्म, उद्योग व्यवसाय स्थापना, स्तरोन्नति र सञ्चालनमा रहेका | ४५ वटा व्यवसायिक पशुपंक्षीपालन तथा संकलन र प्रशोधन सम्बन्धी फर्म, उद्योग व्यवसाय स्थापना, स्तरोन्नति र सञ्चालनमा रहेका | पकेट विस्तार कार्यक्रम (वाख्रा, गाईभैसी, कुखुरा र माछा), उत्पादन तथा व्यवसायमा आधारित तथा अनुदान, कृत्रिम गर्भाधान तथा नश्ल सुधार बोका, साँढे, राँगो, वीर), गोठ, खोर तथा भकारो सुधार, पशुपंक्षी प्रविधि तथा नवप्रवर्तन कार्यक्रम, घाँस खेती तथा पशु आहार प्रवर्द्धन |
| ४ | पशुपंक्षीजन्य उत्पादन तथा बजारीकरण कार्यक्रम | ५० वटा दुध, मासु, अण्डाको संकलन, प्रशोधन, वध, चिस्यान तथा विक्री केन्द्र स्थापना तथा व्यवस्थित रूपमा सञ्चालनमा रहेका | १५ वटा दुध, मासु, अण्डाको संकलन, प्रशोधन, वध, चिस्यान तथा विक्री केन्द्र स्थापना तथा व्यवस्थित रूपमा सञ्चालन हुने | मासु तथा दुग्धजन्य पदार्थ संकलन, प्रशोधन केन्द्र सञ्चालन, ढुवानी, औजार तथा उपकरण, प्रविधि हस्तान्तरण, संरचना निर्माण, मर्मत तथा सुधार |
| ५ | पशुपंक्षी स्वास्थ्य सेवा, प्रसार र अन्य सालबसाली कार्यक्रम | वार्षिक ८०० जना कृषकले पशुपंक्षी उपचार सेवा, पशु प्रसार सेवा तथा टेवा प्राप्त गरेका | वार्षिक ३००० जना कृषकले सहज रूपमा पशुपंक्षी उपचार सेवा, पशु प्रसार सेवा तथा टेवा प्राप्त गरेका हुने | पशुपक्षीको रोग तथा परजीवि नियन्त्रण, पशुपंछी उपचार, बन्ध्याकरण तथा प्रयोगाशाला सेवा, पशुपंक्षी स्वास्थ्य शिविर, कृषक तालिम, प्रर्दशन तथा प्रोत्साहन कार्यक्रम, कार्यालयमा पशु सेवा यन्त्र व्यवस्थापन, पशु शेवा करार प्राविधिक तलव भत्ता, पशुपंक्षी स्वास्थ्य सेवा तथा प्रसार, योजना, तथ्याङ्क संकलन तथा कार्यविधि निर्माण, सामुदायिक पशु व्यवस्थापन, क्षमता विकास तथा तालिम, पशु पोषण |

#### ४.२.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाको समन्वयमा संघ र प्रदेश कार्यालयबाट पशुपंक्षीपालन क्षेत्रमा पूर्वाधार, प्रविधि हस्तान्तरण, सीप तथा क्षमता विकासमा सहयोग उपलब्ध हुनेछ। पशुपंक्षीपालन व्यवसाय, पशुपंक्षीजन्य उत्पादन प्रशोधन तथा बजारीकरणमा सरकारी, निजी क्षेत्र र गैससको लगानी परिचालन हुनेछ र बेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। पशुपंक्षीपालन, व्यवसायिक उत्पादन, प्रशोधनमा पर्याप्त लगानी तथा पशुपंक्षी प्रसार तथा उपचार सेवा उपलब्ध हुन नसकेमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ।

### ४.३ उद्योग, व्यापार तथा व्यवसाय

#### ४.३.१ पृष्ठभूमि

यस गाउँपालिकामा मुख्यतया कृषि पेशामा संलग्न घरपरिवारको सङ्ख्या बढी भएको इलाका भएकोले मध्यम र ठुलो स्तरका उपभोक्ता बजारहरूको यहाँ विकास भएको छैन। तसर्थ उद्योग, व्यापार र वाणिज्य क्षेत्रको आधारभूत तहबाट नै विकास हुन बाँकी छ। यद्यपि कृषिमा आधारित केही साना उद्योग र अन्य घरेलु उद्योगहरू यहाँ संचालनमा रहेका छन्। यहाँ व्यावसायिक रूपमा गाई, भैसी, बंगुर, माछा, कुखुरा, बाख्रा आदि पालन भइरहेको छ भने गाउँपालिकाको वडा नं. ३ नौबस्ता औद्योगिक क्षेत्रका रूपमा बिकास गरिँदै छ। गाउँपालिकामा धैरैजसो राइस मिल र ईटा उद्योगहरू रहेका छन्। यी बाहेक फर्निचर कारखाना, ग्रील कारखाना, स.मिल, कुटानी पिसानी मिल्सहरू, पानी उद्योग लगायतका उद्योगहरू संचालनमा रहेका छन्। गाउँपालिकामा भएका उद्योगहरू सबल र विस्तार भएको भने देखिदैन। कृषिमा आधारित उद्योगहरूको राम्रो सम्भावना भने भएकोले उद्योग वाणिज्य क्षेत्रको विकासका लागि ठोस कदम चाल्नुपर्ने देखिन्छ।।

#### ४.४.२ समस्या तथा चुनौती

उद्योग स्थापना गर्न विद्युत लगायत पूर्वाधार र सुविधामा कमी लगायत व्यावसायिक सोच, ज्ञान तथा सीपको कमी हुनु, निर्वाहामुखी प्रणाली अबलम्बन गरिनु, सामुहिक तथा सहकारी प्रणाली अवलम्बन हुन नसक्नु, बजारमुखी उत्पादनमा ध्यान नजानु, बजारको

विश्लेषण बिना वस्तु उत्पादन हुनु, नागरिकमा अनुदानमुखी प्रवृत्ती हुनु, वित्तीय साक्षरतामा कमी हुनु, पूर्वाधारको कमी हुनु, सबै व्यापार तथा व्यावसाय गाउँपालिकामा दर्ता तथा नविकरण अभ्यासमा कमी यस क्षेत्रका समस्याका रुपमा रहेका छन् ।

पूर्वाधार निर्माण गरी औद्योगिक वातावरण सृजना गर्नु, उद्यमशिलता विकास गर्नु, औद्योगिक जनशक्ति उत्पादन गर्नु, कृषि, पशु विकास र जडीवुट्टीको व्यावसायिक उत्पादन गर्नु, औद्योगिक ग्रामको निर्माण गर्नु, सडक, विद्युत आदि भौतिक पूर्वाधारको पहुँच वृद्धि गर्नु, बाह्य लगानी वातावरणको निर्माण गर्नु, प्रतिस्पर्धात्मक क्षमताको पहिचान र विकास गर्नु, युवा जनशक्तिलाई उद्यमशिलता तर्फ आकर्षित गराउनु, व्यापार व्यवसायको आकार सानो हुनु प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

### ४.४.३ सोच

"गाउँपालिकाको आर्थिक वृद्धिदरः कृषिमा आधारित उद्योगको भर"

### ४.४.४ उद्देश्य

१. उद्यम तथा व्यावसायको सिर्जना, विकास र विस्तार गर्नु,
२. सीप, प्रविधि, पूँजी र व्यवसाय सेवा विकास र विस्तार गर्नु,
३. बजार सेवा तथा पूर्वाधारको विकास र स्तरोन्नति गर्नु,
४. पर्यटनमुखी वस्तु उत्पादन तथा मुल्य श्रृंखलामुखी वजार विस्तार गर्नु ।

### ४.४.५ रणनीति

१. स्थानीय ज्ञान, सीप, श्रम तथा कच्चा पदार्थको अध्ययन तथा अनुसन्धान र सूचनाको आधार तयार गर्ने,
२. सडक लगायत औद्योगिक पूर्वाधार, सेवा तथा सुविधाको विकास र विस्तार गर्ने,
३. उद्यमशीलता तथा व्यवसाय विकास सेवा केन्द्र मार्फत एकीकृत सेवा प्रवाह गर्ने,
४. उद्यम, व्यापार तथा व्यवसाय सिर्जना, विकास र विस्तारका नीतिगत तथा संस्थागत सहयोग र सहजीकरण गर्ने,
५. निजी क्षेत्रलाई प्रोत्साहन गर्न सार्वजनिक निजी साझेदारी अवधारणा बमोजिम उद्योग तथा व्यवसाय प्रवर्द्धन गर्ने, र
६. ज्ञान, सीप, उद्यमशीलता, प्रविधि र नवप्रवर्तनको विकास र विस्तार गर्ने ।
७. स्थानीय कच्चा पदार्थमा आधारित वस्तु तथा सेवा उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | ४५० | ४५० | ४९५ | ५४५ | ५९९ |
| गाउँपालिकामा दर्ता भएका उद्योग | संख्या | १०० | १०० | ११० | १२१ | १३३ |
| गाउँपालिकाकामा दर्ता व्यापार व्यवसाय | संख्या | ६५० | ६५० | ७१५ | ७८७ | ८६५ |
| व्यावसायिक र प्राविधिक सीपयुक्त दक्षव्यक्ति | संख्या | २०० | २०० | २२० | २४२ | २६६ |
| व्यवसाय करबाट संकलित राजस्व | रू. हजार | ७०८ | ७०८ | ७७९ | ८५७ | ९४२ |
| उत्पादन र बजारीकरण सहकारी संस्था | संख्या | २० | २० | २२ | २४ | २७ |
| उद्यम सृजना र विकास सम्बन्धी तालिम लिने उद्यमी | संख्या | ३५ | ३५ | ३९ | ४२ | ४७ |
| उद्योग, व्यापार तथा व्यवसाय क्षेत्र वार्षिक कारोवार | रु. लाखमा | २११५ | २२२१ | २३३२ | २४४८ | २५७१ |
| उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रमा लगानी | प्रतिशत | १ | १ | १.२० | १.५० | १.७५ |

### ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | 4114 | 2880 | 1234 | 0 | 0 | 4114 | 0 | 0 |
| २०८२/८३ | 4441 | 3109 | 1332 | 0 | 0 | 4441 | 0 | 0 |
| २०८३/८४ | 4796 | 3357 | 1439 | 0 | 0 | 4796 | 0 | 0 |

#### ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ६ | उद्योग, व्यापार, व्यवसाय तथा तथा बजार प्रवर्द्धन कार्यक्रम | सेवा, उत्पादन र रोजगारी वद्धि गर्नु | सालबसाली | 6000 | वार्षिक ३५०० वटा उद्यम व्यापार तथा व्यवसाय दर्ता, नविकरण र स्तरोन्नति हुने |
| ७ | गरीबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) | लघु उद्यमको सिर्जना र विकास द्धारा न्यून आय भएका तथा विपन्न वर्गको गरिबी घटाउनु | सालबसाली | 6893 | वार्षिक ७० वटा लघु उद्यम तथा व्यवसाय सिर्जना र स्तरोन्नति हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन्।

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| ६ | उद्योग, व्यापार, व्यवसाय तथा तथा बजार प्रवर्द्धन कार्यक्रम | ८०० वटा दर्ता तथा नविकरण भइ सञ्चालनमा रहेका | २५०० वटा उद्यम व्यापार तथा व्यवसाय दर्ता, नविकरण र स्तरोन्नति हुने | दर्ता, नविकरण तथा नियमन, बजार अनुगमन, उद्यम तथा सीप (फाइबर झोला, सिलाइकटाइ मेशिन मर्मत, ह्याण्डिक्राफ्ट, विकास तालिम), उपभोक्ता सचेतना प्रचार प्रसार, वैठक, अध्ययन तथा अनुगमन |
| ७ | गरीबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) | वार्षिक ४०० वटा लघु उद्यम तथा व्यवसाय सिर्जना र स्तरोन्नति हुने | वार्षिक ३०० वटा लघु उद्यम तथा व्यवसाय सिर्जना र स्तरोन्नति हुने | सामाजिक परिचालन, संभाव्यता अध्ययन, व्यवसाय छनौट, उद्यमशीलता तथा सीप विकास तालिम, वित्तीय पहुँच, गतिशिल प्रविधि हस्तान्तरण, बजार र बजारीकरण र स्तरोन्नति |

#### ४.३.९ जोखिम पक्ष तथा अनुमान

नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका, निजी क्षेत्रको समन्वय, सहकार्यक र साझेदारमा उद्योग व्यापार र व्यवसाय सिर्जना, विकास र प्रवर्द्धनका लागि पुर्वाधार, सीप तथा प्रविधिको विकास हुनेछ। बस्तुको ढुवानो लागतमा अधिकता, आयातित वस्तुको बढ्दो प्रयोग, उत्पादनमुखी उद्योगमा लगानी र बजार मूल्यमा कडा प्रतिस्पर्धाका कारण स्थानीय उद्योग तथा व्यवसायीहरु पलायन हुन सक्ने जोखिम रहेको छ।

### ४.४ पर्यटन, सम्पदा तथा संस्कृति

#### ४.४.१ पृष्ठभूमि

बैजनाथ गाउँपालिकाको महत्वपुर्ण पहिचानको रुपमा रहेको गाभरभ्याली क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा पहिचानमा ल्याईएको ट। यद्यपी सार्वजनिक क्षेत्रबाट हालसम्म पर्यटनका आधारभूत पूर्वाधारको यथोचित विकास हुन सकेको छैन। बैजनाथ गाउँपालिका पर्यटनको सम्भावना रहेको क्षेत्र हो। विशेष गरी यो गाउँपालिकालाई कृषि पर्यटन, पर्यापर्यटन, शैक्षिक पर्यटन र धार्मिक तथा सांस्कृतिक पर्यटनका हिसाबले विकास गर्न सकिन्छ। अत्यन्त उर्वर कृषि क्षेत्रका रूपमा कृषि ग्रामको विकास गर्न सके पर्यटक तथा कृषकहरू नमूना कृषिका लागि अवलोकन भ्रमण गर्न आउने स्थल हुन सक्छ। त्यसैगरी यस गाउँपालिकाको वडा नं. १ र २ ले बर्दिया राष्ट्रिय निकुञ्जको सीमालाई छोएको तथा वडा नं. १, ३ र ४ मा बाँके राष्ट्रिय निकुञ्जको केही भाग पर्ने हुँदा पर्यापर्यटन साथै निकुञ्जमा पाइने वन्यजन्तु, वनस्पति तथा जडीबुटीको अध्ययन गर्न आउनेहरूका लागि शैक्षिक पर्यटनको पनि आकर्षक स्थान हुन सक्छ। गाउँपालिकाको वडा नं १ मा प्राकृतिक सौन्दर्यले भरिपूर्ण गाभर भ्याली, वडा नं. ४ मा गद्देनी ताल र वडा नं. ५ मा सिम्रहा ताल पनि रहेका छन्। गाभर भ्यालीमा समुदायद्वारा संचालित बाँके जिल्लाकै पहिलो सामुदायिक होमस्टे गाभर भ्याली होमस्टे पनि सञ्चालनमा रहेको छ। त्यसैगरी गाउँपालिकामा हिन्दु देवालय तथा मन्दिरहरू साथै वौद्ध गुम्बा, मश्जिद र चर्चहरू भएकोले ती क्षेत्रहरूको विकास मार्फत धार्मिक पर्यटन प्रर्वद्धन गर्न सकिन्छ,। थारु जातीको उल्लेख्य सङ्ख्यामा बसोबास रहेको यस गाउँपालिकामा होमस्टे र सांकृतिक पर्यटनको उतिकै सम्भावना छ। तसर्थ पर्यटकहरूका लागि होटल तथा होमस्टहरूका साथै अन्य आवश्यक सेवा सुविधा विस्तार गर्न सके गाउँपालिकामा पर्यटन व्यवसायको राम्रो सम्भावना रहेको छ।

### ४.४.२ समस्या तथा चुनौती

स्थानीय कृषि तथा पशुपालन उत्पादन तथा प्रवर्द्धनमा कमी हुनु, स्तरीय होमस्टे तथा पर्यटकीय पूर्वाधारयुक्त गन्तव्यको कमि, भौगोलिक बनोट यस गाउँपालिकाको सिमितता हुन् वनस्पति तथा जडीबुटी लगायत अन्य अध्ययन केन्द्र को रुपमा विकास गर्न नसकिनु, सार्वजनिक शौचालय असुविधा हुनु, फोहोरमैला विसर्जन मात्रा वृद्धि हुदै जानु, सांस्कृतिक क्षयीकरण बढ्दै जानु यस क्षेत्रका चुनौतीहरु हुन् ।

### ४.४.३ सोच

"आर्थिक सामाजिक र सांस्कृतिक समृद्धिको आधार पर्यटनको विकास"

### ४.४.४ उद्देश्य

१. पर्यटकलाई गुणस्तरीय सेवा तथा सुविधा प्रदान गर्नु,
२. पर्यटकीय सेवा सुविधाको व्यावसायीकरण, विविधीकरण र विशिष्टीकरण गर्नु,

### ४.४.५ रणनीति

१. पर्यापर्यटकीय पूर्वाधार तथा सुविधाको विकास, विस्तार र प्रवर्धन गर्ने,
२. पर्यटकीय सम्पदा र सेवा तथा सुविधाको विशिष्टिकरण गर्ने,
३. पर्यटन विकास सम्बन्धी उपयुक्त नीतिगत तथा संरचनाको विकास र परिचालन गर्ने,
४. अन्तर सरकार, सामुदायिक निजी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी पूर्वाधार र सुविधाको संरक्षण, विकास र विस्तार गर्ने ।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| पर्यटन तथा संस्कृति क्षेत्रमा रोजगार | जना | १० | १० | ११ | १२ | १३ |
| पर्यटकीय संख्यामा वद्धि | प्रतिशत | ५ | ५ | ६ | ६ | ७ |
| व्यवस्थित र स्तरोन्नत पर्यटकीय सम्पदा र गन्तव्य | संख्या | ५ | ५ | ६ | ६ | ७ |
| भ्रमण गर्ने पर्यटक | संख्या | ८०० | १००० | ११०० | १२१० | १३३१ |
| आगमन हुने वार्षिक वाह्य पर्यटक (हजारमा) | संख्या | १ | १ | १ | १ | १ |
| संरक्षित र प्रवर्द्धित साँस्कृतिक सम्पदा | संख्या | ८ | ८ | ९ | १० | ११ |
| प्रवर्द्धित पर्यटकीय टोल/बस्ती | संख्या | ६ | ६ | ७ | ७ | ८ |
| उपलब्ध पर्यटकीय सेवा तथा सुविधाको प्रकार | संख्या | ४ | ४ | ४ | ५ | ५ |
| पर्यटन सम्बन्धी अध्ययन र अनुसन्धान (वार्षिक) | संख्या | १ | १ | १ | १ | १ |
| प्राकृतिक र सांस्कृतिक पर्यटनमा क्रियाशिल संरचना र संस्था | संख्या | ३ | ३ | ३ | ४ | ४ |

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | 3703 | 1111 | 2592 | 0 | 0 | 3703 | 0 | 0 |
| २०८२/८३ | 3997 | 1199 | 2798 | 0 | 0 | 3997 | 0 | 0 |
| २०८३/८४ | 4316 | 1295 | 3021 | 0 | 0 | 4316 | 0 | 0 |

### ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ८ | गाभरभ्याली पर्यटकिय पूर्वाधार विकास कार्यक्रम | पर्यटकीय पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार गर्नु | सालबसाली | 4500 | गाभरभ्याली पर्यटकिय क्षेत्रका दिगो र ख्याति प्राप्त पर्यटकिय स्थलको रुपमा निर्माण भएको हुनेछ। |
| ९ | पर्यटकीय सेवा सुविधा विस्तार तथा पर्यटन प्रवर्द्धन कार्यक्रम | पर्यटकीय पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार गर्नु | सालबसाली | 7104 | प्रवर्द्धन भएका पर्यटन स्थल तथा सेवा सुविधा १० वटा पुग्नेछ। |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन्।

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| ८ | गाभरभ्याली पर्यटकिय पूर्वाधार विकास कार्यक्रम | स्थान पहिचान भएको छ। | गाभरभ्याली क्षेत्रका पर्यटकिय स्थलको रुपमा निर्माण भएको हुनेछ। | विस्तृत परियोजना प्रतिवेदन तयारी, जग्गा प्राप्ति तथा पुर्वाधार निर्माणका लागि ठेक्का लगाउने |
| ९ | पर्यटकीय सेवा सुविधा विस्तार तथा पर्यटन प्रवर्द्धन कार्यक्रम | कला संस्कृति सम्पदा संग्रहालय निर्माण तथा धार्मिक पर्यटनका क्षेत्रहरु पहिचान भएका। | सम्पदा संग्रहालय निर्माण भएको हुनेछ र धार्मिक पर्यटनका लागि गुराँसे देवी मिरिगौशाला सञ्चालनमा आएका हुनेछन्। | |

### ४.४.९ जोखिम पक्ष तथा अनुमान

नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका, निजी क्षेत्र तथा नागरिक समाजको साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुन सक्नेछ। कोभिड १९ लगायतका महामारी, आर्थिक संकट र राजनीतिक अस्थिरताले पर्यटन क्षेत्रको अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्दछ।

## ४.५ भूमि व्यवस्था, बैंक, वित्त तथा सहकारी

### ५.५.१ पृष्ठभूमि

ग्रामीण पूँजीको संकलन र उचित सदुपयोग मार्फत आय आर्जन गर्न सहकारीको महत्वपूर्ण भूमिका हुन्छ। राष्ट्रिय अर्थतन्त्रको ३ प्रमुख खम्बामध्ये एक महत्वपूर्ण खम्बाको रूपमा रहेको सहकारी क्षेत्रको ग्रामीण अर्थतन्त्र सुदृढीकरणमा मुख्य सहयोगी भूमिका हुन्छ। यस गाउँपालिकामा हाल विधिवत दर्ता भई सञ्चालनमा रहेका ४३ वटा भन्दा बढी सहकारी संस्थाहरू रहेका छन्। यी संस्थाहरू महिला, ऋण तथा बचत, कृषि, बहुउद्देश्यीय गरी सबै प्रकारका छन्। यी सहकारीहरू मुख्य गरी घना वस्ती भएका मुख्य बजार केन्द्रहरू जस्तै वडा नं. १ को चिसापानी बजार, वडा नं. २ को डिगिया, वडा नं. ३ को वैरहवा, सुतैया, वडा नं. ४ को वानियाभार, वडा नं. ५ को बैजनाथ, वडा नं. ७ को पेडारी, वडा नं. ८ को टिटिहिरीया र सबैभन्दा बढी वडा नं. ६ को सम्झना चोकमा केन्द्रित भएर रहेका छन्।

### ४.५.२ समस्या तथा चुनौती

वैज्ञानिक आधारमा भूमिको वर्गीकरण अनुसार तयार भूउपयोग योजना कार्यान्वयन र यसको मापदण्डको नियमन भूमी व्यवस्थाको प्रमुख चुनौती रूपमा रहेको छ भने गाउँपालिकामा क्षेत्रमा बसोबास गरी रहेका अव्यवस्थित बसोबासीहरूको लागि जग्गा व्यवस्था गरी आवासको अधिकार र बसोबासलाई व्यवस्थित बनाउनु अर्को प्रमुख चुनौति हो। वित्तीय साक्षरतामा कार्यक्रम सञ्चालनमा कमी, सहकारिता विकास र विस्तारमा कमी, भूमिको वर्गीकरण गरी भूउपयोग योजना तयार र सो अनुसार नियमनको कमी रहेको छ। वित्तीय सेवाको उपलब्धता बजार क्षेत्रमा मात्र रहनु र वित्तीय सेवाका निमित्त आवश्यक इन्टरनेट सुविधाको कमी प्रमुख समस्याहरू हुन। बैंकिङ्ग तथा वित्तीय सेवा विस्तार गर्नु, वैज्ञानिक भूउपयोगको अभ्यास थालनी गर्नु, सहकारी शिक्षा प्रदान गर्नु र सहकारी क्षेत्रले सार्वजनिक क्षेत्र र निजी क्षेत्र सँग सहकार्य बढाउनु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

### ४.५.३ सोच

"सामुहिकता र सहकार्यमार्फत सबल अर्थतन्त्र निर्माण"

### ४.५.४ उद्देश्य

१. भूउपयोग योजनाको परिपालनामा अभिवद्धि गर्नु
२. वित्तीय सेवा तथा लगानीमा वृद्धी गर्नु,
३. सहकारिता, स्थानीय उत्पादन र सेवा व्यावसायमा वृद्धि गर्नु,

### ४.५.५ रणनीति

१. उत्पादनशील क्षेत्रमा सहकारिताको विकास र विस्तार गर्ने
२. सहकारी, वित्तीय तथा बैंकिङ्ग सेवाको विस्तार गर्ने
३. उत्पादन र सेवामूलक व्यावसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच वृद्धि गर्ने

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| सेवा सुचारु वैक शाखा र वित्तीय सेवा प्रदायक | संख्या | ६ | ६ | ६ | ६ | ६ |
| सूचारू सहकारी संस्था | संख्या | ३० | ३० | ३५ | ३७ | ४० |
| वित्तीय साक्षरता कार्यक्रमबाट लाभान्वित | संख्या | ४५० | ५०० | ६०० | ७५० | १००० |
| बैकमा खाता हुने वा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ८० | ८२ | ८५ | ८८ | ९२ |
| भू उपयोग योजना कार्यान्वयन भएका वडा | संख्या | ० | ० | ० | ० | ० |
| अव्यवस्थित बसोबासी घरपरिवार | संख्या | ० | ० | ० | ० | ० |

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | 2468 | 1975 | 494 | 0 | 518 | 1950 | 0 | 0 |
| २०८२/८३ | 2665 | 2132 | 533 | 0 | 571 | 2094 | 0 | 0 |
| २०८३/८४ | 2877 | 2302 | 575 | 0 | 629 | 2248 | 0 | 0 |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १० | सहकारी प्रबर्द्धन कार्यक्रम | उत्पादन, सेवा तथा वित्तीय सेवामा सहकारीको परिचालन अभिवृद्धि गर्नु | सालबसाली | 4500 | सहकारीको क्षेत्रको विकास तथा विस्तार र वित्तिय सेवामा सर्वसाधारणको सहज पहुँच कायम हुनेछ। |
| ११ | वित्तीय साक्षरता र वित्तीय पहुँच अभिवृद्धि कार्यक्रम | वित्तिय संस्थाको क्षमता अभिवृद्धी, वित्तिय साक्षरता तथा नियम पालनामा वृद्धि गर्नु | सालबसाली | 3236 | वार्षिक २०० जनाले वित्तीय साक्षरता सहभागि भइ वित्तीय सेवामा पहुँच हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन्।

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १० | सहकारी प्रबर्द्धन कार्यक्रम | विभिन्न प्रकारका सहभागि स्थापना भइ सञ्चालन रहेका | ६ वटा उत्पादन, बजारीकरण र रोजगारी | सहकारी तालिम (पल्स्, कोपोमिस, लेखा व्यवस्थापन, प्रस्ताव लेखन, कर्जा जोखिम, |

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| | | | सिर्जना सहकारी स्थापना तथा स्तरोन्नति हुने | सहकारी व्यवस्थापन), सहकारी संस्था अनुगमन, निमयन, बैठक, समन्वय तथा साझेदारी, |
| ११ | वित्तीय साक्षरता र वित्तीय पहुँच अभिवृद्धि कार्यक्रम | उद्यम व्यवसाय सञ्चालन र स्तरोन्नति १५०० जनाले वित्तिय साक्षरता तथा पहुँच प्राप्त गरेका | १००० जना उद्यमी तथा व्यवसायीले वित्तीय साक्षरता र पहुँच प्राप्त गरेका हुने | वित्तिय साक्षरता कार्यक्रम, बैंक तथा वित्तिय संस्था र इच्छुक उद्यमी बीच अन्तरक्रिया, व्यवसाय योजना तयारी तथा नविकरण, विद्युतीय भुक्तानी प्रणाली |

### ४.५.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा न्यून संख्यामा अव्यवस्थित बसोबासी रहेका छन् । गाउँपालिका क्षेत्रको पर्यटन तथा अन्य व्यापार व्यवसायको वृद्धिसँगै अव्यवस्थित बसोबासीको संख्या वद्धि हुने जोखिम रहेको छ । गाउँपालिकाबासीमा वित्तीय साक्षरता तथा सेवा विस्तार भएको हुनेछ । वित्तीय संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशील हुनेछन् । वित्तीय संस्थाहरुको खराब कर्जा बढ्न सक्ने जोखिम रहेको छ ।

## ४.६ श्रम, रोजगारी तथा गरिवी निवारण

### ४.६.१ पृष्ठभूमि

श्रम तथा रोजगारीका लागि स्वदेश मै औपचारिक क्षेत्रमा रोजगारी, वैदेशिक रोजगारी र स्थानीयस्तरमा कृषि, ज्याला मजदुरी तथा उद्यम व्यवसायमा संलग्न हुने गरेको देखिन्छ । वैदेशिक रोजगारीका लागि युरोप, अमेरिका, कोरिया, जापानका अतिरिक्त भारत, मलेसिया, दुबई, कतार आदि देशहरूमा जाने अभ्यास रहेको छ । विप्रेषणबाट यस क्षेत्रको सामाजिक आर्थिक विकासमा सहयोग पुगेको भएता पनि बसाई सराइमा वृद्धि तथा अनुत्पादक कार्यमा बढी खर्च हुने गरेको छ । रोजगारीको प्रवर्द्धनका लागि प्रधानमन्त्री स्वरोजगार कार्यक्रम लागु भएको छ ।

दिगो विकास लक्ष्यको पहिलो नं लक्ष्य नै सन् २०३० सम्म सबै प्रकारको गरिबीको अन्त्य गर्ने भन्ने छ भने राष्ट्रिय लक्ष्य शुन्यमा झार्न नसकिए तापनि कुल जनसंख्याको ५ प्रतिशतमा सिमित गर्ने रहेको छ । यस गाउँपालिकामा गरिबी निवारण मुद्दा चुनौतीको रुपमा आउने गरेकोले यसको यथोचित सम्बोधन हुन जरुरी हुन जान्छ । गरिबी न्यूनीकरणको राष्ट्रिय लक्ष्य, पन्ध्रौ योजनाको लक्ष्य उद्देश्य तथा दिगो विकासका लक्ष्यको १७ लक्ष्यहरु मध्ये लक्ष्य नं १ मा गरिबीको अन्त्य अन्तर्गत सबै प्रकारका गरिबीलाई सबै ठाँउबाट अन्त्य गर्ने लक्ष्य रहेको हुँदा नेपाल सरकार तथा प्रदेश सरकारसँगै यस गाउँपालिकाले पनि यी लक्ष्यहरुको प्राप्तिका लागि क्रियाशील रहेकोछ ।

### ४.६.२ समस्या तथा चुनौती

श्रमशक्ति शहरी क्षेत्र तथा तेस्रो मुलुक पलायन हुँदै जानु, मौसमी रोजगारी, दक्ष तथा सीप भएका व्यक्तिहरुलाई पर्याप्त अवसर नहुनु तथा सीपमूलक एवम् राजगारमूलक कार्यक्रमहरु संचालन नहुनुजस्ता समस्या रहेको देखिन्छ । घरपरिवारले प्राप्त गर्ने आयको वितरण असमान हुनु र अनुत्पादक क्षेत्रमा लगानी गर्नुजस्ता समस्या विद्यमान रहेको छ । पर्यटनमा आधारित अस्थिर तथा मौसमी रोजगारी रहनु, ग्रामीण गरिबी कायम रहनु, आर्थिक र सामाजिक तथा विपद् जोखिमको हिसाबले जोखिम वर्गहरू गरिबी बन्दै जानु, युवाहरुमा पनि वेरोजगारी र पलायत बढ्दोदरमा कायम रहनु, स्थानीय उद्योग, व्यवसाय र निर्माण कार्यमा अन्यत्रका श्रमिकमा भर पर्नुपर्ने अवस्था रहनु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ४.६.३ सोच

"श्रमको सम्मानः बैजनाथको अभियान"

### ४.६.४ उद्देश्य

१. कच्चा श्रमलाइ सीप र दक्ष श्रममा रूपान्तरण गर्नु,
२. स्थानीय तहमा रोजगारीको अवसरमा वद्धि गर्नु, र
३. एकल, असहाय र जोखिम रहेका वर्गको संरक्षण गर्नु ।

### ४.६.५ रणनीति

१. स्थानीय श्रम बजारलाई मर्यादित र दिगो बनाउन नीतिगत र संस्थागत सुधार गर्ने,
२. स्थानीय युवाहरूलाई श्रम बजारमा आकर्षित गर्न क्षमता विकास र जागरण अभियान सञ्चालन गर्ने,
३. स्थानीय क्षेत्रमा कार्यरत श्रमिकहरूको विस्तृत विवरण सहितको लगत तयार गरी नियमित अद्यावधिक गर्ने,
४. स्थानीय श्रम बजारको अध्ययन र विश्लेषण गर्ने,

### ४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| सूचीकृत वेरोजगार | संख्या | १८५० | १८५० | १८५० | १८५० | १८५० |
| रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित योजना | संख्या | १६ | १६ | २० | २२ | २५ |
| विभिन्न रोजगार कार्यक्रमबाट सिर्जित रोजगारी | जना | १७४ | १७४ | २०० | २३० | २५० |
| वार्षिक सीप, प्रविधि र सहयोग प्राप्त गर्ने युवा | जना | ० | ० | १० | २० | ३० |
| गरिबीको रेखामुनी रहेका घरपरिवार | संख्या | १५ | १५ | १५ | १५ | १५ |

### ४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | 10285 | 5143 | 5143 | 0 | 0 | 10285 | 0 | 0 |
| २०८२/८३ | 11103 | 5551 | 5551 | 0 | 0 | 11103 | 0 | 0 |
| २०८३/८४ | 11989 | 5995 | 5995 | 0 | 0 | 11989 | 0 | 0 |

### ४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १२ | प्रधानमन्त्री रोजगार कार्यक्रम | विकास कार्यमा संलग्न गराइ सूचीकृत वेराजगारलाई रोजगारी प्रदान गर्ने | सालबसाली | 16500 | न्युन आय भएका सुचिकृत भएका वेरोजगारहरुले  वार्षिक १०० दिनको रोजगारी प्राप्त गर्ने |
| १३ | श्रम, रोजगार, सुरक्षित आप्रावासन तथा गरिवी निवारण अन्य कार्यक्रम | सुरक्षित आप्रावसान सम्बन्धी सूचना, जानकारी प्रदान गर्नु तथा बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु | सालवसाली | 15735 | न्युन आय भएका वार्षिक ६० जनाले रोजगारी, व्यावसाय आयआर्जनको लागि सीप, उद्यमशीलता, परामर्श र पूँजी तथा प्रविधि प्राप्त गर्नछन्। |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन्।

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १२ | प्रधानमन्त्री रोजगार कार्यक्रम | सूचीकृत २०० जनाले विभिन्न कार्यक्रम र आयोजनाबाट रोजगारी प्राप्त गरेका | सूचीकृत  १५०० जनाले विभिन्न कार्यक्रम र आयोजनाबाट रोजगारी प्राप्त गरेका | वेरोजगारको सूची अद्यावधीकरण र प्रशासनिक खर्च, विकास आयोजना निर्माण |
| १३ | श्रम, रोजगार, सुरक्षित आप्रावासन तथा गरिवी निवारण अन्य कार्यक्रम | ५०० जना न्यून आय भएका बेरोजगारले सम्मानजनक रोजगारी प्राप्त गरेका हुने | २००० जना न्यून आय भएका बेरोजगारले सम्मानजनक रोजगारी प्राप्त गरेका हुने | घरपरिवार पहिचान तथा सामाजिक संरक्षण कार्यक्रम, समूह तथा व्यवसाय सञ्चालन तथा आयआर्जन कार्यक्रम, |

### ४.६.९ जोखिम पक्ष तथा अनुमान

रोजगारी सिर्जना सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भएको हुनेछ। गरिबी निवारण सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ। गाउँपालिकामा रोजगारी तथा गरिबी निवारण सम्वन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ। गरिबी निवारण नीति तथा कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ। अनौपचारिक क्षेत्रको रोजगारको स्वरुपमा परिवर्तन हुदै जाने भएकोले स्थानीय तबरमा तयार भएका दक्ष श्रमिकले बजार नपाउने जोखिम रहन सक्नेछ।

## परिच्छेद ५ : सामाजिक विकास क्षेत्र

यस परिच्छेदमा स्वास्थ्य तथा पोषण, शिक्षा, खानेपानी तथा सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उपक्षेत्रहरु समेटिएका छन् । प्रत्येक खण्डमा पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रमको  संक्षिप्त विवरण र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

### ५.१ स्वास्थ्य तथा पोषण

#### ५.१.१ पृष्ठभूमि

नेपालको संबिधानले निशुल्क आधारभुत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । बैजनाथ गाउँपालिकाका सबै नागरिकलाई नेपालको संबिधान २०७२ अनुरुप स्वास्थ्य,पोषण तथा सरसफाई सेवामा समान पहुँच र उपभोग सुनिस्चित गर्दै संघिय संरचनामा गुणस्तरीय आधारभुत स्वास्थ्य सेवाको प्रवाह गर्नु बैजनाथ गाउँपालिकाको दायित्व हो । हाल यस गाउँपालिकाका वडा नं. ५ मा एउटा प्राथमिक स्वास्थ्य केन्द्र, वडा नं. १, ३ र ८ मा गरी ३ वटा स्वास्थ्य चौकी, वडा नं. ७ मा सामुदायिक स्वास्थ्य इकाई, वडा नं. २, ४ र ६ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र र वडा नं. १, ३, ५ र ८ मा बर्थिङ सेन्टर सञ्चालनमा रहेका छन् । यी स्वास्थ्य संस्थाहरूबाट खोप सेवा, परिवार नियोजन सेवा लगायत स्वास्थ्यका विभिन्न आधारभूत सेवा उपलब्ध हुँदै आएको छ । गाउँपालिकाको वडा नं. ८ मा आयुर्वेद औषधालय साथै विभिन्न वडाहरूमा निजी क्लिनिकहरू सञ्चालनमा रहेका छन् । यी संस्थाहरूबाट सीमित मात्रामा मात्र स्वास्थ्यका आधारभूत सेवा सञ्चालन भएतापनि धेरै जसो आधारभूत स्वास्थ्य सेवाको अपर्याप्तता रहेको छ । नेपाल सरकारको "एक स्थानीय तह एक अस्पताल निर्माण" अभियानअन्तर्गत गाउँपालिकामा एक १५ शैयाको हस्पिटल निर्माण गरी सो हस्पिटललाई सुविधा सम्पन्न बनाउन सके स्वास्थ्य सेवामा सहजता महसुस गर्ने निश्चित छ ।

#### ५.१.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा विभिन्न रोगहरुबाट संक्रमितहरुको संख्या सामान्य देखिन्छ । पछिल्लो समयमा आरामदायी जीवनशैली, मदिरा तथा सुर्तीजन्य पदार्थको सेवन, किटनाशक विषादीको प्रयोग लगायतका कारणले मुटु तथा स्वासप्रस्वास सम्बन्धी रोगहरु, क्यान्सर, मधुमेह जस्ता नसर्ने दिर्घकालीन रोगहरुको प्रकोप बढ्दो छ । गाउँपालिका मातहतमा स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुरुपको भौतिक पूर्वाधार, दक्ष जनसक्ति,औजार तथा उपकरण र औषधी तथा अन्य सामाग्रीहरुको आपूर्ति समयमा हुन नसक्नु, गाउँपालिकाबासीहरुमा स्वास्थ्य सम्बन्धी सेवाको अपेक्षा बढि, स्वास्थ्य विमामा सवै स्थानीयवासी समेटिन नसक्नु, स्वास्थ्य संस्थामा औजार उपकरण र विशेषज्ञ सेवाको कमी समस्याका रुपमा रहेका छन् ।

#### ५.१.३ सोच

"घरदैलो मै आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितिता"

#### ५.१.४ उद्देश्य

१. आधारभूत, निशुल्क तथा विशिष्ठकृत स्वास्थ्य सेवामा गाउँपालिकाबासीको पहुँच विस्तार गर्नु,
२. स्वस्थ जीवनशैली प्रवर्धन, ब्यबहार परिवर्तन र स्वास्थ्यमा प्रतिकुल असर पार्ने मानवीय तथा वातावरणीय कारक तत्वहरुलाई निरुत्साहित गर्न अनुकुल बाताबरण सृजना गर्नु,
३. पोषण अवस्थामा दिगो सुधार गर्नु ।

#### ५.१.५ रणनीति

१. स्वास्थ्यकर्मीको व्यवस्था, क्षमता विकास र स्वास्थ्य संस्थाको पूर्वाधार सामग्री तथा उपकरणको औषधीको व्यवस्था गरी आधारभूत, निशुल्क तथा विशिष्ठकृत स्वास्थ्य सेवाको गुणस्तर र पहुँचलाई सहज तुल्याउने,
२. स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय,जवाफदेही एवम् परिमाणममुखी बनाउने तथा स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्ने,
३. विद्यालय तथा नागरिक शिक्षा, सूचना तथा सञ्चार मार्फत स्वास्थ्य तथा पोषण तथा स्वस्थ व्यवहार सम्बन्धमा सचेतना वृद्धि गर्ने,
४.  वैकल्पिक स्वास्थ्य उपचार विधि, सचेतना वृद्धि तथा घरदैलो सेवा विस्तार गर्ने,

५. मातृशिशु स्वास्थ्य तथा पोषणको अवस्थामा गुणात्मक सुधार ल्याउने।

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | ८६ | ८६ | ९० | ९५ | १०० |
| बच्चालाई ६ महिलासम्म स्तनपान गराउने महिल | प्रतिशत | ९२ | ९२ | ९४ | ९६ | ९८ |
| २३ महिना सम्मका नियमित वृद्धि अनुगमन गरिएका बालबालिका संख्या | संख्या | २४८० | २४८० | २६०४ | २७३४ | २८७१ |
| वृद्धि अनुगमन गरिएका मध्ये कुपोषित ५९ महिनाभन्दा कम उमेरका बालबालिका | प्रतिशत | ८ | ८ | ८ | ९ | ९ |
| परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | ५५ | ५५ | ५८ | ६१ | ६४ |
| कम तौल भएका नवजात शिशु | प्रतिशत | २ | २ | २ | २ | २ |
| प्रोटोकल अनुसार ८ पटक गर्भवती जाँच गराउने महिला (जीवित जन्ममा) | प्रतिशत | ८५ | ८५ | ८९ | ९४ | ९८ |
| प्रोटोकल अनुसार बच्चाको जन्मपछि तीन पटक उत्तर प्रसूति सेवा प्राप्त महिला | प्रतिशत | ६८ | ६८ | ७१ | ७५ | ७९ |
| डि.पि.टि.-हेप वि. १ दादुरा रूबेला दोश्रो बीचको ड्रपआउट दर | प्रतिशत | 10 | 10 | 11 | 11 | 12 |
| २३ महिना भित्र पूर्णखोप प्राप्त गरेका बालबालिका | प्रतिशत | ८० | ८० | ८४ | ८८ | ९३ |
| कुष्ठरोगको प्रकोप दर (प्रति १०,०००) | जना | ० | ० | ० | ० | ० |
| निमोनियाका विरामी दर (प्रति हजार २ देखि ५९ महिनाका बालबालिका) | जना | ४५५ | ४५५ | ४१० | ३६९ | ३३२ |
| झाडापखालाका बिरामी दर (प्रति हजार २ देखि ५९ महिना बालबालिका) | जना | २४० | २४० | २१६ | १९४ | १७५ |
| भिटामिन ए खाने गर्भवती महिला | प्रतिशत | ५३ | ५७ | ६२ | ६७ | ७२ |
| गर्भावस्थाको अवधिभर १८० आइरन चक्की खाने गर्भवती महिला | प्रतिशत | ८७ | ८९ | ९१ | ९३ | ९४ |

### ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | 57598 | 48958 | 8640 | 0 | 7775 | 48984 | 839 | 0 |
| २०८२/८३ | 62175 | 52849 | 9326 | 0 | 8566 | 52728 | 881 | 0 |
| २०८३/८४ | 67139 | 57068 | 10071 | 0 | 9438 | 56776 | 925 | 0 |

### ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १४ | १५ सैया अस्पताल निर्माण आयोजना | सघन तथा गुणस्तरीय उपचार सेवा उपलब्ध गराउनु | २०८१/८२ - २०८४/८५ | 3000 | पालिका स्तरीय अस्पताल निर्माण भई सेवामा प्रभावकारिता भएको हुनेछ। |
| १५ | आधारभूत स्वास्थ्य सेवा सालवसाली कार्यक्रम | स्थानीयबासीमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपरात्मक, पुनर्स्थानात्क र प्रशासनिक सेवा सहज उपलब्ध गराउनु | सालबसाली | 177513 | १५०००० भन्दा बढीले वार्षिक आधारभूत सेवा सहज प्राप्त गरेका हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क्र.सं. | कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १४ | १५ सैया अस्पताल निर्माण आयोजना | सघन तथा गुणस्तरीय उपचार सेवा उपलब्ध गराउनु | आधारभूत अस्पताल निर्माण भई सेवामा प्रभावकारिता भएको हुनेछ । | ठेक्का सम्झौता, भवनको आधार सरचना निर्माण |
| १५ | आधारभूत स्वास्थ्य सेवा सालवसाली कार्यक्रम | ३८ किसिमका औषधी निशुल्क उपलब्ध रहेको र गाउँपालिकाबासीलाई १० लाख सम्मको निशुल्क औषधी उपचार सेवा उपलब्ध गराइएको । | स्वास्थ्य संस्थामा सुत्केरी हुने महिला सत प्रतिशत र कुपोषित बालबालिका संख्या शुन्य हुने । | खोप कार्यक्रम सुरक्षित मातृत्व, नवजात शिशु, बालस्वास्थ्य, परिवार नियोजन कार्यक्रम, पोषण कार्यक्रम , स्वास्थ्य सुशासन तथा व्यवस्थापन कार्यक्रम , महामारीजन्य रोग नियन्त्रण कार्यक्रम (  लाख), नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम, घरदैलोमा स्वास्थ्य सेवा , विद्यालय स्वास्थ्य सेवा , औजार उपकरण खरिद , दीर्घ रोगी तथा विपन्न नागरिक निशुल्क औषधी वितरण , विशेषज्ञ स्वास्थ्य शिविर, विपन्न, बैठक व्यवस्थापन, तालिम तथा क्षमता विकास, निशुल्क औषधी व्यवस्थापन स्वास्थ्य संस्था व्यवस्थापन लगायत आधारभूत स्वास्थ्य सेवा सम्बन्धी प्रशासनिक तथा नियमन कार्य । |

#### ५.१.९ जोखिम पक्ष तथा अनुमान

स्वास्थ्य संस्था तथा सेवा प्रवाह सम्बन्धी भौतिक संरचना र सुबिधा पर्याप्त भएको हुनेछ । दक्ष मानवीय श्रोत परिचालन भई सेवा विस्तार भएको हुनेछ । स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापन जस्ता प्राविधिक पक्षमा सरोकारवालाबीच सहकार्य र साझेदारी हुन नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्दछ ।

### ५.२ शिक्षा, विज्ञान, कला, भाषा तथा साहित्य

#### ५.२.१ पृष्ठभूमि

सभ्य र सुसंस्कृति समाजको निर्माणमा शिक्षाको सर्वोपरी भूमिका रहेको हुन्छ । सक्षम मानव संशाधन नभई कुनै पनि क्षेत्रको विकास सम्भव छैन । विश्वभर अति विकसित मुलुकहरूको समग्र विकासको कारण भनेकै ती मुलुकहरूको शिक्षामा गरेको विशाल लगानिको प्रतिफल हो । नेपालको पछिल्लो संविधानले शिक्षालाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको र विशेषगरी आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य साथै माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गरेको परिप्रेक्ष्यमा राज्य र विशेषगरी स्थानीय सरकारको भूमिका र जिम्मेवारी गहन हुन गएको छ ।

ग्रामीण परिवेशको क्षेत्र भएकोले यस गाउँपालिकामा शिक्षाका आधारभूत पूर्वाधारहरूको समेत पर्याप्त विकास हुन नसकेको अवस्था छ तथापि गाउँपालिकाको वडा न. १ मा अवस्थित नेपालगंज मेडिकल कलेजमा भने चिकित्साशास्त्रमा स्नातक तहसम्मको पढाई हुने गरेको छ । यसैगरी गाउँपालिकाको वडा न. १ मा अवस्थित सुर्योदय उच्च मा.वि., वडा न. २ मा अवस्थित जनता आदर्श मा. वि र वडा न. ५ मा अवस्थित शुभ प्रभात मा.वि मा कक्षा १२ सम्म अध्ययन हुने गर्दछ । हाल गाउँपालिकामा आधारभूत र माध्यमिक गरी ४० वटा सामुदायिक तथा १२ वटा संस्थागत (निजी) विद्यालयहरू तथा एउटा मदरसा र एउटा गुरुकुल रहेका छन् ।

गाउँपालिकामा घरधुरी सर्वेक्षण २०७७ को तथ्याङ्क अनुसार ५ वर्ष वा सो भन्दा माथिको जनसङ्ख्याको साक्षरताको अवस्था हेर्दा पढ्न र लेख्न जानेको ९३.३ प्रतिशत रहेको छ । यस तथ्याङ्कलाई हेर्दा आधारभूत तहको साक्षरताको स्थिति सन्तोषजनक भएता पनि पूर्णता हुन नसकेको अवस्था रहेकोले शिक्षामा प्रशस्त काम गर्नुपर्ने देखिन्छ ।

#### ५.२.२ समस्या तथा चुनौती

गाउँपालिकामा उच्च तथा प्राविधिक शिक्षाको अध्ययनको अवसरको कमी रहेको छ । विद्यालय विद्यार्थी र शिक्षकको अनुपात मिलेको छैन भने दरवन्दी मिलानको कार्य व्यवस्थित रुपमा हुन सकेको छैन । केहि विद्यालयमा फर्निचर तथा कक्षा कोठा व्यवस्थापनमा कमी

रहेकोछ । केहि विद्यालयमा तारवारको कमी, विद्यार्थीको संख्याको दोहोरोपना, विद्यार्थी तथा शिक्षकको नियमिततामा कमी, छिटोछिटो विद्यालय परिवर्तन गर्ने प्रवृति हुनु समस्याका रुपमा रहेको छ । पठनपाठन सहज र गुणस्तरीय बनाउनु, विद्यालय शिक्षालाई व्यवहारसँग जोडनु र कला तथा संस्कृतिलाई जिवन्त रुपमा जोगाइ राख्नु चुनौतीका रुपमा रहेका छन् ।

सबै तहको शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने, शिक्षालाई व्यावसायिक, रोजगारमूलक तथा जीवनपयोगी बनाउने, सबै तहको शिक्षालाई समतामूलक र समावेशी बनाउने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई आम नागरिकको पहुँचसम्म पुर्याउने, शिक्षकहरूको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने, लगानीअनुरूपको प्रतिफल सुनिश्चित गर्ने, संविधान प्रदत शिक्षासम्बन्धी हकहरूको उपभोग गर्ने साथै समग्र शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने आदि यस गाउँपालिकाका शिक्षा क्षेत्रकका प्रमुख चुनौतिको रूपमा रहेका छन् ।

### ५.२.३ सोच

"राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी मानव स्रोतको निर्माण"

### ५.२.४ उद्देश्य

१. विद्यालय शिक्षाको गुणस्तर प्रवर्द्धन गर्नु ।
२. प्रारम्भिक बाल विकासलाई सुबिधायुक्त र बालमैत्री तुल्याउनु ।

### ५.२.५ रणनीति

१. प्रारम्भिक बाल विकास केन्द्रको व्यवस्थापन र जनशक्तिलाई चुस्त तुल्याइ सिकाइ प्रकृयालाई सिकारुमैत्री बनाउने,
२. विद्यालयको पूर्वाधार तथा संस्थागत संरचना सुदृढ गराइ गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने,
३. क्षमता विकास र आधुनिक सिकाइ पद्धतिको प्रभावकारी उपयोगला र विद्यालय शिक्षालाई व्यावहारिक तथा जीवनउपयोगी गराउने।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| प्रारम्भिक वाल विकास केन्द्रको भर्ना दर | प्रतिशत | ७५ | ७५ | ७७ | ७८ | ८० |
| कक्षा १ को नव प्रवेशी मध्ये पूर्व प्राथमिक शिक्षाको अनुभव भएका विद्यार्थी | प्रतिशत | ६० | ६० | ६१ | ६२ | ६४ |
| पुस्तकालय भएका विद्यालय | प्रतिशत | ७० | ७० | ७१ | ७३ | ७४ |
| प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्ने विद्यालय | संख्या | ३० | ३० | ३१ | ३१ | ३२ |
| वार्षिक पेशागत प्रशिक्षण प्राप्त शिक्षक | जना | ६० | ६० | ६१ | ६२ | ६४ |
| विद्युतमा पहुँच भएका विद्यालय | प्रतिशत | १०० | १०० | १०२ | १०४ | १०६ |
| इन्टरनेटमा पहुँच भएका विद्यालय | प्रतिशत | १०० | १०० | १०२ | १०४ | १०६ |
| अपाङ्गमैत्री विद्यालय | संख्या | ५ | ५ | ५ | ५ | ५ |
| खानेपानी, सरसफाईर स्वच्छता सुबिधा उपलब्ध भएको विद्यालय | प्रतिशत | १०० | १०० | १०२ | १०४ | १०६ |

### ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | 287988 | 244790 | 43198 | 0 | 12959 | 274470 | 559 | 0 |
| २०८२/८३ | 310875 | 264244 | 46631 | 0 | 14277 | 296011 | 587 | 0 |
| २०८३/८४ | 335693 | 285339 | 50354 | 0 | 15730 | 319347 | 617 | 0 |

### ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १६ | आधारभूत तथा माध्यमिक शिक्षा कार्यक्रम | ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाको समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्नु, | सालबसाली | 90000 | ५ देखि १२ वर्ष उमेर समूहका .... जना बालबालिका आधारभूत तहमा भर्ना हुने |
| १७ | माद्यामिक र उच्च शिक्षा अन्तरसम्बन्ध विकास कार्यक्रम | उच्चस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी जनशक्ती उत्पादन गर्न समन्वय, सहकार्य र सहजीकरण गर्नु | सालबसाली | 15000 | माद्यामिक शिक्षा उतिर्ण गर्ने वार्षिक ६००० भन्दा बढी विद्यार्थीले उच्च शिक्षा अध्ययनको अवसर प्राप्त गर्ने |
| १८ | प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम | आधारभूत सक्षमता सहित सकारात्मक सोच, सिर्जनशील, निरन्तर सिकाइप्रति प्रतिवद्ध र रोजगारीउन्मुख नागरिक तयार गर्न सहयोग गर्नु | सालबसाली | 6000 | वार्षिक ११०० विद्यार्थीले प्राविधिक तथा व्यवसायिक शिक्षा प्राप्त गरेका हुने |
| १९ | शिक्षक व्यवस्थापन शैक्षिक प्रशासन तथा अन्य सालवसाली कार्यक्रम | शिक्षक व्यवस्थापन गर्नु तथा प्रशासनिक निरीक्षण, अनुगमन र मूल्याङ्कन कार्यलाई चुस्त, व्यवस्थित तथा नतिजामूलक बनाउनु | सालबसाली | 791563 | सक्षम र पेशाप्रति अभिप्रेरित ४९७ शिक्षक व्यवस्था हुने र शैक्षिक योजना तथा प्रशासन व्यवस्थित तथा नतिजामूलक हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन्।

| क्र.सं | उपक्षेत्र कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १६ | आधारभूत तथा माध्यमिक शिक्षा कार्यक्रम | माद्यामिक शिक्षा उतिर्ण गर्ने १५००० भन्दा बढी विद्यार्थीले उच्च शिक्षा अध्ययनको अवसर प्राप्त गरेका | माद्यामिक शिक्षा उतिर्ण गर्ने वार्षिक १०००० भन्दा बढी विद्यार्थीलाइ उच्च शिक्षा अध्ययनको अवसर प्राप्त हुने | स्वयंसेवक शिक्षक व्यवस्थापन, न्यूनतम पूर्वाधार विकास, सूचना प्रविधिमैत्री शिक्षणको लागि सहयोग, समन्वय र सहजीकरण, उच्च प्राविधिक शिक्षा छात्रवृत्ती, खुल्ला शिक्षा मार्फत अध्ययन र अध्यापन |
| १७ | माद्यामिक र उच्च शिक्षा अन्तरसम्बन्ध विकास कार्यक्रम | २००० जना विद्यार्थीले प्राविधिक र व्यवसायिक शिक्षा हासिल गरेका | ५०० जना विद्यार्थीले प्राविधिक र व्यवसायिक शिक्षा हासिल गरेका हुने | सामुदायिक विद्यालयलाई वहुप्राविधिक शिक्षालयमा रूपान्तरण, छोटो अवधिका सीप तथा व्यावसायिक तालिम सञ्चालन, खोज र नवप्रवर्तनका लागि प्रोत्साहन, प्रयोगशाला सञ्चालन, प्राविधिक विषय अध्ययरत विद्यार्थीका लागि उद्यमशिलता विकासमा सहजीकरण, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन तथा नियमन, उत्कृष्ट शिक्षालय पुरस्कार |
| १८ | प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम | पेशाप्रति अभिप्रेरित तथा सक्षम ४९७ शिक्षक व्यवस्था हुने र शैक्षिक योजना तथा प्रशासन व्यवस्थित हुने | शैक्षिक योजना तथा प्रशासन व्यवस्थित र नतिजामूलक हुने | शिक्षा तथा खेलकुद शाखा सुदृढीकरण, शिक्षक तालिम तथा व्यवस्थापन, तथ्याङक योजना तथा अनुगमन/ मूल्याङकन, आयआर्जन समूहको गठन तथा परिचालन |

| क्र.सं | उपक्षेत्र कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १९ | शिक्षक व्यवस्थापन शैक्षिक प्रशासन तथा अन्य सालवसाली कार्यक्रम | माद्यामिक शिक्षा उतिर्ण गर्ने २१,६०० भन्दा बढी विद्यार्थीले उच्च शिक्षा अध्ययनको अवसर प्राप्त गरेका | माद्यामिक शिक्षा उतिर्ण गर्ने वार्षिक १०८०० भन्दा बढी विद्यार्थीलाइ उच्च शिक्षा अध्ययनको अवसर प्राप्त हुने | स्वयंसेवक शिक्षक व्यवस्थापन, न्यूनतम पूर्वाधार विकास, सूचना प्रविधिमैत्री शिक्षणको लागि सहयोग, समन्वय र सहजीकरण, उच्च प्राविधिक शिक्षा छात्रवृत्ती, खुल्ला शिक्षा मार्फत अध्ययन र अध्यापन |

#### ५.२.९ अनुमान तथा जोखिम

विद्यालय शिक्षामा अन्तर सरकार तथा गैसस प्राप्त हुने सहयोग तथा सहकार्य निरन्तर रहेको हुनेछ । शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसरमा बृद्धि र नवीनतम प्रविधिको उपयोग भएको हुनेछ । शैक्षिक क्षेत्रमा लगानीको मात्रा प्रयाप्त बढाउन राजनीतिक प्रतिवद्धता तथा बजेट कमी हुन सक्ने जोखिम रहन्छ ।

### ५.३ खानेपानी तथा सरसरफाई

#### ५.३.१ पृष्ठभूमि

बैजनाथ गाउँपालिकामा हाल सम्म भूमिगत खानेपानी आयोजनाहरु, व्यक्तिगत धारा जडान गरी खानेपानीको सुविधा उपलब्ध भएका छन् । बैजनाथ गाउँपालिकामा रहेका करिब १६ हजार घरधुरी मध्ये ९८.७ % परिवारले पिउने पानीको मुख्य स्रोतको रूपमा टयुबवेल÷हातेपम्प प्रयोग गरेको देखिन्छ भने बाँकी परिवारले अन्य स्रोतहरू जस्तै डिप बोरिङ, ढाकिएको इनार÷कुवा, पाइपधारा इत्यादि प्रयोग गरेको पाइन्छ । गाउँपालिकाको वडा नं. १ मा चिसापानी खानेपानी आयोजना, वडा नं. ७ मा पेडारी खानेपानी आयोजना जस्ता खानेपानी आयोजनाहरू संचालनमा छन् भने वडा नं. १ मा च्यामा खानेपानी आयोजना, थारुवास खानेपानी आयोजना, वडा नं. २ मा रानापुर खानेपानी आयोजना, वडा नं. ४ मा नौबस्ता खाने पानी आयोजना, वडा नं. ६ मा वनकटुवा खानेपानी आयोजना निर्माणाधिन अवस्थामा छन् । यद्यपि यी आयोजनाहरूले सबै गाउँपालिकाबासीलाई यथेष्ट खानेपानीको आपूर्ति गर्न सकिरहेका छैनन् ।

#### ५.३.२ समस्या तथा चुनौती

भूमिगत जल स्रोतको उपलब्धता भए तापनि पिउने पानी शुद्धीकरण गरी पिउने उचित प्रबन्ध नभएको, सम्पूर्ण घरपरिवारलाई सुरक्षित र स्वच्छ पिउने पानी वितरण प्रणालीमा जोड्न नसकिएको, टयुबवेलको पानीमा गन्ध आउने, गाउँपालिकामा उपलब्ध जलसम्पदा सुक्दै जाने समस्या देखिएको पाइपबाट वितरित तथा मापदण्ड अनुसार परीक्षण भएका खानेपानी सुविधामा पहुँच पुग्न सकेको छैन । चालु खानेपानी आयोजनाको दिगोपनामा कमी रहेको छ । प्लास्टिक तथा शिशाजन्य वस्तुको अधिक उपयोग हुनु, जलवायु परिवर्तनको असरले स्वच्छ खानेपानी सुबिधामा उपलब्ध गराउनु चुनौतीका रुपमा रहेको छ ।

#### ५.३.३ सोच

स्वच्छ, स्वस्थ र सुन्दर गाउँपालिका निर्माणका लागि गुणस्तरीय खानेपानी तथा सरसफाई

#### ५.३.४ उद्देश्य

१. खानेपानीको गुणस्तर र पहुँचमा सुधार गर्नु ।
२. सरसफाईजन्य आनिवानीमा गुणात्मक सुधार गर्नु ।

#### ५.३.५ रणनीति

१. एक घर एक धारा कार्यक्रम मार्फत स्वच्छ खानेपानीमा सबैको पहुँच कायम गर्ने ।
२. नेपाल सरकार, प्रदेश सरकार, समुदाय र गैसससँगको साझेदारीमा सरसफाइको अभ्यासलाई दिगो तुल्याउने ।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार | प्रतिशत | ३५ | ३५ | ३६ | ३७ | ३८ |
| एक घर एक धारा हुने घरपरिवार | प्रतिशत | ७५ | ७५ | ७७ | ८० | ८२ |
| नियमित गुणस्तर परीक्षण तथा उपचार भएका खानेपानी आयोजना | संख्या | २५ | २५ | २६ | २७ | २७ |
| सुरक्षित शौचालय सुविधा प्रयोग गर्ने परिवार | प्रतिशत | ६५ | ६५ | ६७ | ६९ | ७१ |
| फोहोर विसर्जनको स्थल (खाडल) हुने घरधुरी | प्रतिशत | ७० | ७० | ७२ | ७४ | ७६ |
| शौचालय प्रयोग गर्ने जनसङ्ख्याको अनुपात | प्रतिशत | ९० | ९० | ९३ | ९५ | ९८ |
| सार्वजनिक शौचालय | संख्या | ६ | ६ | ६ | ६ | ७ |

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | 8228 | 1646 | 6583 | 0 | 5184 | 249 | 2796 | 0 |
| २०८२/८३ | 8882 | 1776 | 7106 | 0 | 5711 | 235 | 2936 | 0 |
| २०८३/८४ | 9591 | 1918 | 7673 | 0 | 6292 | 216 | 3083 | 0 |

### ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम नथा आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २० | खानेपानी, सरसफाइ तथा स्वच्छता संरचना निर्माण, मर्मत र दिगो सञ्चालन अन्य सालबसाली कार्यक्रम | खानेपानी तथा सरसफाइ सुबिधाको प्रवर्द्धन गर्नु । | सालबसाली | 25788 | खानेपानी आयोजना निर्माण, मर्मत संभार भइ खानेपानी सुबिधा विस्तार हुनेछ साथै सार्वजनिक शौचालय निर्माण र खानेपानी तथा सरसफाइ संरचनाको नियमित मर्मतसंभार सुचारू हुनेछन् । |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क्र. सं. | कार्यक्रम तथा आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| २० | खानेपानी, सरसफाइ तथा स्वच्छता संरचना निर्माण, मर्मत र दिगो सञ्चालन अन्य सालबसाली कार्यक्रम | सञ्चालनमा रहेका खानेपानी आयोजनाका मर्मत सम्भार हुने गरेको । | थप १००० घरधुरीमा खानेपानी सुबिधा, २ वटा सार्वजनिक शौचालय निर्माण र सञ्चालित खानेपानी तथा सरसफाइ संरचनाको नियमित मर्मतसंभार भई सुचारू हुनेछन् । | विद्यमान खानेपानी आयोजना तथा सार्वजनिक शौचालय मर्मत गरिनेछ । |

### ५.३.९ जोखिम पक्ष तथा अनुमान

योजनाको प्रस्ताव अनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मतसंभार र स्तरोन्नति भएमा खानेपानीको सेवा प्रवाहमा विस्तार तथा गुणस्तरमा सुधार आउने देखिन्छ । सुख्खा खडेरी जस्ता जलवायु परिवर्तबाट खानेपानीको स्रोत सुक्न तथा फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण नियन्त्रण आदि बहुक्षेत्रगत विषय भएकोले खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्न जोखिम पर्न सक्ने हुन्छ ।

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

गाउँपालिकास्तरमा महिला तथा विभिन्न सामाजिक समूह, लक्षित वर्ग र समुदायको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरण गर्ने लक्ष्यका साथ काम भइरहेको छ। यस्तै बालबालिकाका लागि बाल बचावट, संरक्षण, सहभागिता र विकास सम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन्। आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, क्षेत्रगत विकास नीतिहरू, विपन्न एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित लगायतका समुदाय उत्थान, सचेतीकरण तथा आर्थिक सामाजिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिएका छन्।

महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका तथा अन्य अल्पसंख्यक र सीमान्तकृत वर्गको संरक्षण तथा जीवन निर्वाह सहज बनाउन बनाउन विशेष ध्यान दिनु आवश्यक देखिन्छ।

### ५.४.२ समस्या तथा चुनौती

गाउँपालिका भित्र बालश्रमको अवस्था कायमै  रहेको छ। वडा तथा गाउँपालिकास्तरमा लक्षित वर्ग सञ्जालहरुको कमी रहेको छ। दलित तथा अपाङ्गता भएका व्यक्तिको लागि आत्मनिर्भरताका अवसरमा कमी रहेको छ। लक्षित वर्गको लागि क्षमता विकासको अवसरमा कमी रहेको छ। बालमैत्री स्थानीय शासनका आधारहरू तयार हुन सकेको छैन। राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा लक्षित वर्गको सहभागिता कमजोर रहेको छ। दलित, महिला, अपाङगता भएका व्यक्ति, जेष्ठ नागरिक र बालबालिकालाई हेर्ने दृष्टिकोण परम्परागत र विभेदपूर्ण रहेको छ। दलित, महिला, अपाङगता भएका व्यक्ति, जेष्ठ नागरिक र बालबालिकालाई आफ्नो अधिकार र कर्तब्यको सम्बन्धमा जानकारीको कमी रहेको छ। बालबालिका तथा अपाङ्गमैत्री पूर्वाधारमा कमी रहेको छ।

### ५.४.३ सोच

"सुखी जेष्ठ नागरिक, सम्मानित दलित, खुसी बालबालिका: विभेदमुक्त तथा समावेशी गाउँपालिका"

### ५.४.४ उद्देश्य

१. लक्षित वर्गको क्षमता विकास गर्नु,
२. लक्षित वर्गको आत्मनिर्भरता अभिवृद्धि गर्नु,
३. विभेदमुक्त गाउँपालिकाका रुपमा परिचित गराउनु।

### ५.४.५ रणनीति

१. दलित, महिला, अपाङगता भएका व्यक्ति, जेष्ठ नागरिक र बालबालिका लागि क्षमता विकास र अर्थपूर्ण सहभागिताका अवसर उपलब्ध गराउने।
२. सीप तथा दक्षता विकास र रोजगारीका अवसरमा वृद्धि गरी लक्षित वर्गको आत्मनिर्भरताका अवसर सिर्जना गर्ने।
३. बालमैत्री, अपाङ्गमैत्री तथा जेष्ठ नागरिकमैत्री र विभेदमुक्त गाउँपालिकाका रुपमा परिचित गराउनु।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| लक्षित वर्गको कार्यक्रममा विनियोजन बजेट | रु. हजारमा | ८२१८ | २२२१० | २०५७१ | २२२०५ | २३९७८ |
| सीपमुलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गरेक अपाङ्गता भएका व्यक्ति | संख्या | २ | ५ | ६ | ७ | ९ |
| जेष्ठ नागरिक दिवा सेवा केन्द्र तथा वृद्धश्रम | संख्या | ० | १ | १ | १ | २ |
| बस्तीस्तरको योजना तर्जुमा छलफलमा सहभागी लक्षित वर्ग | प्रतिशत | १० | ३० | ३६ | ४३ | ५२ |
| वार्षिक लैंगिक तथा बाल हिंसाका घटना | संख्या | ० | ० | ० | ० | ० |
| सहयोग वा अनुदानमा महिला, दलित तथा अपाङ्गद्धारा सञ्चालित व्यवसाय | संख्या | ० | २ | २ | ३ | ३ |

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| गाउँपालिका स्तरीय समिति तथा संरचनामा महिलाको सहभागिता | प्रतिशत | ३० | ३० | ३६ | ४३ | ५२ |
| सहयोग प्राप्त गर्ने अपाङ्गत भएका व्यक्ति | संख्या | ३ | ५ | ६ | ७ | ९ |

**५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | 20571 | 17485 | 3086 | 0 | 2592 | 17699 | 280 | 0 |
| २०८२/८३ | 22205 | 18875 | 3331 | 0 | 2855 | 19056 | 294 | 0 |
| २०८३/८४ | 23978 | 20381 | 3597 | 0 | 3146 | 20524 | 308 | 0 |

**५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २१ | महिला, बालबालिका तथा समावेशीकरण अन्य सालवसाली कार्यक्रम | लक्षित वर्गको हित प्रवर्द्धन गर्नु । | सालबसाली | 64469 | ४००० जना महिला, ३००० जना बालबालिका २०० जना अपाङ्गता भएका व्यक्ति, ५०० जना ज्येष्ठ नागरिक तथा ४०० जना जोखिम तथा विशेष अवस्थामा रहेका वर्ग लाभान्वित हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ.व. २०८१८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| २१ | महिला, बालबालिका तथा समावेशीकरण अन्य सालवसाली कार्यक्रम | बस्ती तथा वडा तहमा महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्ति लक्षित वर्गको सहभागिता वृद्धि भैरहेको | लक्षित वर्गको दैनिक जीवनमा गुणात्मक सुधार भएको हुने । | सामुदायिक भवन निर्माण, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, अन्तरक्रिया, महिला जनप्रतिनिधि, सामाजिक कार्यकर्ताका रूपान्तरणकारी नेतृत्व निर्माण तालिम, साथी सहयोग, नीति संवाद |

**५.४.९ जोखिम पक्ष तथा अनुमान**

महिला, बालबालिका तथा लक्षित वर्गका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरी व्यवहारिक कार्यक्रम लागू भएको हुनेछ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रम हरेक विषय क्षेत्रसँग अन्तरसम्बन्धित रही कार्यान्वयन गर्नुपर्ने भएकोले सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा प्रतिवद्धता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ ।

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

बैजनाथ गाउँपालिकाले खेलकुद र खेलाडीका क्षमता विकास कार्यक्रमका लागि नीतिगत व्यवस्था गरी विद्यालय स्तरमा अध्यक्ष कप खेल प्रतियोगिता तथा गाउपालिका स्तरमा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना गर्दै आएको छ । वडा तथा पालिका स्तरमा युवा क्लब गठन भई नमुना युवा संसद सञ्चालन गरिएको छ । युवाहरुलाई दुर्व्यसनबाट टाढा राख्न र रचनात्मक कार्यमा संलग्न गराउन सामाजिक परिचालन गरिएको छ ।

### ५.५.२ समस्या तथा चुनौती

यस क्षेत्रमा स्तरीय खेल मैदान लगायतका पूर्वाधार, खेल सामग्री र कवर्डहलको कमी रहेको छ। खेलको प्रशीक्षणको कमी रहेको यस क्षेत्रमा खेलमा व्यावसायिकताको समेत कमी रहेको छ। खेलाडीका लागि प्रोत्साहनको कमी रहेको छ। युवाका लागि सीप विकास तथा दिगो रोजगारीका अवसरको कमी रहेको छ। खेलका लागि न्यून पूर्वाधार र प्रशिक्षण हुनु, युवा पलायन बढ्नु तथा युवाको लागि मौसमी रुपमा रोजगारीका अवसर उपलब्ध हुन चुनौतीका रुपमा रहेको छ।

### ५.५.३ सोच

"स्वास्थ्यका लागि खेलकुदः राष्ट्रका लागि युवा"

### ५.५.४ उद्देश्य

१. युवा रोजगारीका अवसर वृद्धि गर्नु।
२. खेल क्षेत्रमा पूर्वाधार र खेलाडीको क्षमतामा वृद्धि गर्नु।

### ५.५.५ रणनीति

१. खेल क्षेत्रको विकासका लागि पूर्वाधार र खेलाडीको प्रतिस्पर्धी क्षमता विकासका अवसर उपलब्ध गराउने।
२. सीप तथा दक्षता विकास र रोजगारीका अवसरमा वृद्धि गरी लक्षित वर्गको आत्मनिर्भरताका अवसर सिर्जना गर्ने।

### ५.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| सक्रिय युवा क्लव तथा युवा संजाल | संख्या | १० | १२ | १५ | १९ | २३ |
| क्लब तथा सञ्जालमा आवद्ध युवा | जना | २५० | २५० | ३१३ | ३९१ | ४८८ |
| कभर्ड हल र खेल मैदान | संख्या | २ | २ | ३ | ३ | ४ |
| अन्तराष्ट्रिय/राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | जना | ४ | ४ | ५ | ६ | ८ |
| प्रदेशस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | जना | १० | १० | १३ | १६ | २० |
| वार्षिक रुपमा स्वरोजगारमूलक तालिममा सहभागी हुने युवा | संख्या | ० | ० | ० | ० | ० |
| अनुदानमा युवाद्धारा सञ्चालित उद्यम व्यवसाय | संख्या | ० | ० | ० | ० | ० |
| वार्षिक रुपमा खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | ४० | ४० | ५० | ६३ | ७८ |
| वार्षिक युवा तथा खेलकुद क्षेत्रको बजेट | ृ. हजारमा | १७६३ | १३०० | ४११४ | ४४४१ | ४७९६ |

### ५.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | 4114 | 2057 | 2057 | 0 | 2592 | 1522 | 0 | 0 |
| २०८२/८३ | 4441 | 2221 | 2221 | 0 | 1428 | 3013 | 0 | 0 |
| २०८३/८४ | 4796 | 2398 | 2398 | 0 | 1573 | 3223 | 0 | 0 |

### ५.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २२ | खेलकुद पूर्वाधार निर्माण, स्तरोन्नति तथा | खेलकुदको गुणस्तर तथा खेलाडीमा व्यवसायिकता अभिवृद्धि गर्नु। | सालबसाली | 6000 | एउटा कवर्ड हल तथा ८ वटै वडामा खेलमैदान स्तरोन्नती भइ वार्षिक रुपमा खेल |

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | खेलकुद प्रवर्द्धन कार्यक्रम | | | | प्रशिक्षणमा सहभागि हुने खेलाडी संख्या ३०० भएको हुने। |
| २३ | युवा उद्यमशीलता तथा स्वरोजगार कार्यक्रम | युवाहरुमा स्वरोजगारीका अवसर वृद्धि गर्नु। | सालवसाली | 6893 | वार्षिक रुपमा स्वरोजगारमूलक तालिममा सहभागि हुने युवा संख्या २५० र व्यवसाय सञ्चालन सहयोग प्राप्त गरी व्यवसाय सञ्चालन गर्ने युवा संख्या १००गेको हुने। |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन्।

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख कृयाकलापहरु |
|---|---|---|---|---|
| २२ | खेलकुद पूर्वाधार निर्माण, स्तरोन्नति तथा खेलकुद प्रवर्द्धन कार्यक्रम | खेल मैदान, अन्तराष्ट्रिय र राष्ट्रिय खेलाडी रहेको | खेलकुद पूर्वाधार व्यवस्थित भएर व्यवसायिक खेलाडीको विकास हुने | गुणस्तरीय खेलमैदान स्तरोन्नती, खेल आयोजना, खेल प्रशिक्षण, खेलाडी प्रोत्साहन तथा सम्मान, खेल पोषाक तथा सामग्री वितरण, युवा तथा खेलकुद समिति गठन |
| २३ | युवा उद्यमशीलता तथा स्वरोजगार कार्यक्रम | वार्षिक रुपमा युवाले व्यावसायिक सीप विकास तालिम हासिल गरेको | युवाहरुले सीप प्रविधि प्राप्त गरी उद्यम सिर्जना र विकास हुने | युवाका लागि बेकरी तथा कफी तयारी सम्बन्धी तालिम, लोक सेवा तथा शिक्षक सेवा सम्बन्धी कक्षा सञ्चालन, युवा स्वरोजगार तालिम तथा व्यावसाय सञ्चालन सहयोग |

### ५.५.९ जोखिम पक्ष तथा अनुमान

खेलकुदको विकासमा अन्तरसरकार तथा गैसससँगको साझेदारी तथा सहकार्यमा वृद्धि भएको हुनेछ। खेलकुद तथा प्रशिक्षणा कार्यक्रम मार्फत उनीहरुको श्रृजनशिलता तथा उद्यमशिलता प्रति आकर्षण बढेको हुनेछ। खेलकुद, उद्यम र क्षमता विकास, सम्मानित रोजगारीको अवसर लगायत युवालाई प्रोत्साहन नसकेमा अपेक्षित उपलब्धि हासिल हुन नसक्ने जोखिम रहन सक्छ।

## परिच्छेद ६ : पूर्वाधार विकास क्षेत्र

यस क्षेत्र अन्तर्गत आवास, भवन तथा सार्वजिनक निर्माण, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार तथा विद्युतीय सुशासन लगायतका विषय क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

### ६.१ आवास, भवन तथा शहरी विकास

#### ६.१.१ पृष्ठभूमि

नेपालको संविधानले सुरक्षित तथा वातावारण मैत्री आवासको हकलाई प्रत्याभूति गरेको छ। घरधुरी सर्वेक्षण २०७७ अनुसार बैजनाथ गाउँपालिकाका कुल १३,९८७ घरपरिवारमध्ये ६,५५४ अर्थात् ४६.९ प्रतिशत घर परिवार बसोबास गर्ने घरहरू पक्की, ६,२६८ अर्थात् ४४.८ प्रतिशत घरहरू अर्धपक्की र बाँकी घरहरू कच्ची÷झुप्रोको रूपमा रहेका छन्। तथ्यांकअनुसार गाउँपालिकाका अधिकांश घरहरू अर्धपक्की, कच्ची तथा विपन्न अवस्थामा रहनुले यस गाउँपालिकाका घरहरू भूकम्पीय तथा अन्य प्रकोप सुरक्षाको दृष्टिकोणले अत्यन्त असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेको स्पष्ट हुन्छ। अव्यवस्थित, असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेका घरपरिवारलाई व्यवस्थित, सुविधासम्पन्न, वातावरण मैत्री तथा सुरक्षित आवास सुनिश्चित गर्नका लागि सुरक्षित आवासका दीर्घकालीन योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ।

बैजनाथ गाउँपालिकालाई जम्मा ८ वटा वडामा बिभाजन गरिएको छ। यस बैजनाथ गाउँपालिकाका मुख्य प्रशासनिक भवन तयार भई सवै शाखाहरु मुख्य कार्यालयबाट सेवा दिदै आएका छन्। यस गाउँपालिका तथा सबै शाखा तथा वडाहरुमा कम्प्युटर तथा प्रिन्टर, टेबुल, कुर्सी, सोफा, दराज लगायत कार्यालय सामग्रीहरु रहेका छन्। यस गाउँपालिका कार्यालय प्रयोजनका लागि आवश्यक अन्य न्यूनतम कार्यालय सामग्रीहरू रहेका छन्।

#### ६.१.२ समस्या तथा चुनौती

बस्तीहरू छरिएर रहनु, सरकारी, निजी तथा सार्वजनिक संरचना तथा भवनहरु भूकम्प प्रविधि हुन नसक्नु, कतिपय स्थानमा आवासीय घरहरु असुरक्षित र जोखिमयुक्त स्थानमा रहेका कारण डुवानको जोखिममा रहनु, स्थानीय भवन संहिता तर्जुमा भए पनि पुर्णरुपमा लागु हुन नसक्नु, मौलिक शैलीका भवनहरु विस्थापित हुंदै जानु, स्थानीय दक्ष कामदारको कमी हुनु, बस्ती विकास योजना नहुनु, जोखिमयुक्त घना बस्ती, बजार तथा पानी जम्ने स्थानमा ढल निकास नहुनु आदि प्रमूख समस्या हुन्।

छरिएका बस्तीलाई एकीकृत गरी बस्ती विकास गर्नु, माणदण्ड र भूकम्प प्रतिरोधी प्रविधि अनुसार भवन, बस्ती र संरचना पुनर्निर्माण सम्पन्न गर्नु, विपद तथा महामारीमा उपयोग गर्न आइसोलेसन सेन्टर निर्माण गर्नु, भवन संहिताको कार्यान्वयन गर्नु, मौलिक सस्कृतिको संरक्षण गरी संरचना निर्माण गर्नु, व्यवस्थित बस्ती विकास गर्नु, स्थानीय स्तरमा दक्ष जनशक्ति तयार गर्नु आदि प्रमूख चुनौती रहेका छन्। गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण समेत भूउपयोग योजना तर्जुमा नहुँदा बस्ती तथा भौतिक विकासलाई व्यवस्थित र भवन निर्माण मापदण्ड पालना गर्न गराउन कठिनाई देखिएको छ। यसबाट व्यवस्थित र सुरक्षित बस्ती तथा आवासको निर्माणमा चूनौति थपिएको छ। यस गाउँपालिकामा पनि सार्वजनिक जग्गाको नितान्त अभाव रहेको छ। यसका साथै आगामी २५ बर्षमा दोब्बर हुनसक्ने अनुमान गरिएको जनसंख्यालाई ब्यवस्थित गर्नुपर्ने चुनौति पनि रहेको छ।

#### ६.१.३ सोच

सबैलाई पूर्ण सुरक्षित तथा आधारभूत सुविधासम्पन्न आवासको प्रत्याभूति

#### ६.१.४ उद्देश्य

१. सुरक्षित तथा व्यवस्थित आवास, बजार तथा सार्वनिक पूर्वाधारको विकास गर्नु,
२. भवन, आवास तथा बस्ती विकासलाई, एकीकृत, सुरक्षित तथा व्यवस्थित बनाउनु,

#### ६.१.५ रणनीति

१. सुरक्षित तथा सुविधायुक्त भवन, आवास र एकिकृत बस्तीको विकास गर्ने,
२. वडा कार्यालयलाई सेवा प्रवाह केन्दको रुपमा विकास गर्ने,
३. भू–उपयोग नीति तथा योजनाको कार्यान्वयन गर्ने,

४. भूउपयोग क्षेत्र र भौतिक विकास गुरुयोजना तयार गरी सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित गर्ने।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | २५ | २५ | २९ | ३३ | ३८ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन र संरचना | संख्या | ४० | ४० | ४६ | ५३ | ६१ |
| चट्याङ रहित घर निर्माण | प्रतिशत | १० | १० | १२ | १३ | १५ |
| भूकम्प प्रतिरोधी भवन निर्माण दक्ष व्यक्ति | जना | ४० | ४० | ४६ | ५३ | ६१ |
| लैङ्गिकमैत्री तथा अपांगमैत्री सार्वजनिक भवन | संख्या | १२ | १२ | १४ | १६ | १८ |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | 65826 | 3291 | 62535 | 0 | 12959 | 50071 | 2796 | 0 |
| २०८२/८३ | 71057 | 3553 | 67504 | 0 | 14277 | 53844 | 2936 | 0 |
| २०८३/८४ | 76730 | 3836 | 72893 | 0 | 15730 | 57917 | 3083 | 0 |

### ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | अनुमानित लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २४ | भवन, आवास र बस्ती विकास र सार्वजनिक निर्माण अन्य सालबसाली कार्यक्रम | भवन, आवास र बस्ती विकासलाई योजनाबद्ध, उत्थानशील र मौलिक बनाउनु | सालबसाली | 206300 | वार्षिक १० भन्दा बढी भवन, आवास र बस्ती विकास सम्बन्धी नयाँ निर्माण, प्रबलीकरण, मर्मत संभार तथा स्तरोन्नति हुनेछन् |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन्।

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| २४ | भवन, आवास र बस्ती विकास र सार्वजनिक निर्माण अन्य सालबसाली कार्यक्रम | प्रशासकीय भवन, वडा कार्यालय भवन र सार्वजनिक सम्पत्तीको मर्मत संभार र सुविधा थप भएको | वडा कार्यालय, हाल सञ्चालित प्रशासकीय कार्यालय र अन्य सरकारी भवन र सार्वजनिक संरचना मर्मतसंभार हुने | प्रशासकीय भवन, वडा कार्यालय भवन र सार्वजनिक सम्पत्तीको मर्मत संभार र सुविधा थप भएको |

### ६.१.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा भूमिको वर्गीकरण सहित भूउपयोग योजना र आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड तर्जुमा भइ सोको परिपालनामा अभिवृद्धि हुनेछ। आवास, बस्ती विकास तथा शहरीकरणका कारण फोहोरमैलाको विसर्जन अव्यवस्थित हुने र वातावरणीय प्रदूषणमा वृद्धि हुने जोखिम हुन सक्छ। व्यवस्थित आवास, बस्ती विकास तथा शहरीकरण प्रभावकारी कार्यान्वयनमा आउन नसकेको कारण आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ।

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

सडक तथा यातायातलाई पूर्वाधार विकासको महत्वपूर्ण सूचक मानिन्छ। पूर्व पश्चिम राजमार्गको ६ किमि खण्ड रहेको यस गाउँपालिका जिल्लाको व्यापारीक तथा रणनीतिक केन्द्रको रूपमा रहेको कोहलपूर बजारबाट करिब ६ किमी, जिल्ला सदरमुकाम नेपालगञ्जबाट २२ किमी र जमुनहा भन्सारदेखि २८ किमीको दुरीमा रहेको छ। गाउँपालिकामा सडक तथा यातायातको अवस्थालाई हेर्दा स्थिती सन्तोषजनक रहेको छ। गाउँपालिका भित्रका अधिकांश मुख्य सडकहरू कालोपत्रे छन् भने मुख्य सडकहरू विस्तार तथा स्तरोन्नति तीव्र रूपमा भइरहेको छ। गाउँपालिका भित्रका अधिकांश सहायक सडकहरू कच्चि अवस्थामा रहेका हुनाले यस्ता सडकहरूमा बर्षातमा हिलो र खाल्डाखुल्डी बढ्ने हुँदा तथा हिउँदमा धुलो हुने हुँदा आवागमनमा नै अवरुद्ध हुने समस्याहरू देखिएका कारण यस्ता भित्री सडकहरू पनि धमाधम ग्राभेल तथा स्तरोन्नतिका काम भइरहेका छन्। गाउँपालिकाले सडकहरूको निर्माण, विस्तार तथा मर्मत गर्नुका साथै आवश्यक स्थानहरूमा पुलहरू निर्माण गर्ने कुरा प्राथमिकतामा राखेको छ। तथापि यातायातका साधनहरूको अपर्याप्तता तथा रुटहरू वैज्ञानिक नहुँदा सार्वजनिक यातायातको अवस्था भने कमजोर रहेको पाइन्छ। हाल यहाँ वडा नं. ५ मा मात्र बसपार्क रहेको छ। त्यसकारण थप बस टर्मिनलको निर्माण गर्नु आवश्यक रहेको छ। यहाँको वस्तुस्थितिको आधारमा वडा नं. ३ को बैरहवामा, वडा नं. ६ को न्यू हरियाली मैदानमा र वडा नं. ७ को पेडारीमा बसपार्क निर्माण गर्नु नितान्त आवश्यक छ। त्यसैगरी सडक मार्गबाट ओहोरदोहोर गर्ने यात्रुहरूलाई सुविधाको लागि विभिन्न स्थानहरूमा यात्रु प्रतिक्षालय तथा सार्बजनिक शौचालय निर्माण गर्नु पनि आवश्यक छ।

### ६.२.२ समस्या तथा चुनौती

गाउँपालिकामा निर्माण भएका र निर्माणाधिन सडक पुल, कल्भर्ट लगायतका संरचनामा कमी हुनु, निर्माण भएका सडकहरु कम चौडा हुनु, यातायात सञ्चालन नहुनु, सडकमा काम गर्ने दक्ष कामदारहरुको कमी हुनु, सडकको स्तरोन्नति र ब्यवस्थापन हुन नसक्नु, सरोकारवाला निकाय बीच समन्वयको कमी हुनु आदि प्रमुख समस्या हुन्।

निर्माण भएको सडकको स्तरउन्नति गरी यातायात सर्वयाम चल्ने बनाउनु, सडक निर्माणमा सहभागितात्मक र वातावरणमैत्री अवधारणा अनुसार सडकहरुको निर्माण कार्य सम्पन्न गर्नु, आवश्यक पैदलमार्ग साईकल लेन तथा मापदण्ड अनुरुपको दुरीको फेरोमा पुल तथा कल्भर्टहरु निर्माण गर्नु प्रमुख चुनौतीहरु हुन्।

### ६.२.३ सोच

“सहज, सुरक्षित र भरपर्दो सडक तथा यातायात सेवाको सुनिश्चितता”

### ६.२.४ उद्देश्य

१. सडक, पुल तथा संरचनाको विकास, विस्तार र स्तरोन्नति गर्नु,
२. स्थानीय यातायातलाई सर्वसुलभ, भरपर्दो, सुरक्षित, समावेशी र व्यवस्थित बनाउनु,
३. आवागमन तथा ढुवानीलाई सहज व्यवस्थित बनाउनु,
४. स्थानीय उत्पादन र बजार बीच अन्तरआवद्धता कायम गर्नु।

### ६.२.५ रणनीति

१. अन्तर–सरकार साझेदारी र सहकार्यमा सडक पूर्वाधार निर्माण, विस्तार तथा स्तरोन्नति गर्ने,
२. गाउँपालिका केन्द्र र बजारसम्म पहुँच हुने गरी पक्की सडकको सञ्जालको विस्तार गर्ने,
३. सडक तथा संरचना निर्माणलाई वातावरणमैत्री, उत्थानशील र दिगो बनाउने,
४. सडक गुरुयोजना अनुसार रणनीतिक सडकको पहिचान, मापदण्ड निर्धारण, नामाकरण तथा प्राथमिकता निर्धारण गर्ने र
५. सडक तथा संरचना निर्माण र मर्मतसंभारलाई नियमित र व्यवस्थित गराउने
६. यातायात संचालन र व्यवस्थापन प्रणाली सुदृढ बनाउने,

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| गाउँ/गाउँपालिका केन्द्रमा पुग्न लाग्ने औषत समय | मिनेट | ३० | ३० | ३० | ३० | ३० |
| नियमित यातायात सञ्चालन हुने रुट | संख्या | ५ | ५ | ५ | ६ | ६ |
| पक्की सडक | कि.मि. | ६३ | ६५ | ७० | ७५ | ८० |
| ग्राभेल सडक | कि.मि. | १४८ | १५० | १५५ | १६० | १७५ |
| पक्की पुल | संख्या | ० | १ | १ | २ | २ |
| नियमित मर्मत संभार हुने सडकको लम्बाई | कि.मि. | १०० | १०० | १०० | १०० | १०० |
| वायोइञ्जिनिरिङ्ग प्रविधी प्रयोग र सडक किनार वृक्षारोपण सडक लम्बाई | कि.मि. | ४ | ६ | ८ | १० | १२ |
| कुल सडक लम्बाई | कि.मि. | २११ | २१५ | २२५ | २३५ | २५५ |

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | 131652 | 0 | 131652 | 0 | 22833 | 91203 | 17615 | 0 |
| २०८२/८३ | 142114 | 0 | 142114 | 0 | 26041 | 97577 | 18496 | 0 |
| २०८३/८४ | 153460 | 0 | 153460 | 0 | 31209 | 102830 | 19421 | 0 |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | कुल लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २५ | बैजनाथ चक्रपथ निर्माण आयोजना | सडक पूर्वाधार संरचनाको स्तरोन्नति भई सेवा सुविधा सहज बनाउनु | सालबसाली | 30000 | सडक र संरचना निर्माण, मर्मतसंभार र स्तरोन्नति हुने |
| २६ | सडक, पुल तथा यातायात सालबसाली कार्यक्रम | सडक पूर्वाधार संरचनाको स्तरोन्नति भई सेवा सुविधा सहज बनाउनु | सालबसाली | 382600 | सडक र संरचना निर्माण, मर्मतसंभार र स्तरोन्नति हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | कार्यक्रम आयोजना वा विषय उपक्षेत्र | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ.व. २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| २५ | बैजनाथ चक्रपथ निर्माण आयोजना | सालबसाली रुपमा सडक निर्माण तथा मर्मत संभार भैरहेको | थप २० कि.मि.सडक मर्मत संभार हुने | सतह सम्याउने, नाली निर्माण गर्ने, सडक ढलान गर्ने, सडक संरचना निर्माण गर्ने, ग्राभेल गर्ने आदी |
| २६ | सडक, पुल तथा यातायात सालबसाली कार्यक्रम | सालबसाली रुपमा सडक निर्माण तथा मर्मत संभार भैरहेको | थप ४० कि.मि.सडक मर्मत संभार हुने | सतह सम्याउने, नाली निर्माण गर्ने, सडक ढलान गर्ने, सडक संरचना निर्माण गर्ने, ग्राभेल गर्ने आदी |

### ६.२.९ जोखिम पक्ष तथा अनुमान

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका योजना, नीति तथा कार्यक्रम बीच अन्तरसम्बन्ध, समन्वय र सहकार्य हुने गरी आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुनेछ। गाउँपालिकाले चालु तथा क्रमागत, वहुवर्षीय, विस्तृत आयोजना प्रस्ताव तयार भएका, कार्यान्वयनका लागि तयारी अवस्थामा रहेका आयोजना तथा कार्यक्रममा प्राथमिकतासाथ बजेट विनियोजन गरी कार्यान्वयन गर्नेछन्।

सडक पुर्वाधार दक्ष प्राविधिकबाट विस्तृत संभाव्यता, आर्थिक तथा वातावरणीय अध्ययन हुन नसकेमा तथा आयोजना प्रभावकारी व्यवस्थापन नहुने जोखिम रहन्छ ।

## ६.३ जलस्रोत, विद्युत तथा उर्जा

### ६.३.१ पृष्ठभूमि

बजार क्षेत्र लगायतका वडा वस्तिहरुमा घरायसी प्रयोजनका लागि प्रयोग हुने विद्युतमा समेत सामान्य हावाहुरी चल्दा तथा बर्षा हुने संकेत मिल्नासाथ विद्युत सेवा अवरुद्ध हुने गरेको छ । घरायसी खाना पकाउन प्रयोग गरीने इन्धनको स्रोतको रूपमा मूलतः काठ दाउरामा निर्भर यस गाउँपालिकामा विद्युत, बायोग्याँस, एलपी ग्यासको प्रयोग सिमित मात्रामा मात्र गरेको पाइन्छ । काठ दाउराको प्रयोगका थुप्रै नकारात्मक पक्षहरू मध्ये स्वास्थ्यमा पर्ने असर र वनजङ्गलको विनाश प्रमुख हुन् । अतः यस गाउँपालिकामा अल्पकालीन रूपमा सौर्य उर्जा र वायो ग्याँसलाई तथा दीर्घकालीन रूपमा जलविद्युत ऊर्जालाई जोड दिनु आवश्यक छ ।

### ६.३.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा अझै पनि ७० प्रतिशत घरपरिवारले खाना पकाउन मुख्य इन्धनको रुपमा दाउराको प्रयोग गर्ने गरेका छन् । विद्युत, वायोग्यास तथा स्वस्थ उर्जा प्रयोगको अवस्था न्यून रहेको देखिन्छ । गाउँपालिकाको केही छरिएका वस्तीहरुमा विद्युत लाईनसमेत पुग्न नसकेको, पुगेको स्थाहरुमा समेत ट्रान्समिटरको क्षमता र ट्रान्समिसन लाईन गुणस्तरीय बनाई विद्युत प्रसारण र वितरण हुन सकेको छैन । ग्रामीण क्षेत्रहरुमा उद्योग व्यवसाय सञ्चालन, सिंचाईको लागि प्रयोग गर्न आवश्यक पर्ने थ्रिफेजको विद्युत लाईनको कमी रहेको छ । गाउँपालिकाको प्रमुख सडक, चोक र स्थानमा सोलार प्रणालीमा आधारित सडक वत्तीको सुविधा उपलब्ध हुन सकेको छैन । दिगो बिद्युत सेवा उपलब्ध गराउनु, बिद्युतको प्रयोग उद्योग क्षेत्रमा बिस्तार गर्नु, स्वच्छ र किफायती उर्जामा सबैको पहुँच पुर्याउनु आदि यस क्षेत्रका चुनौतीहरु हुन् ।

### ६.३.३ सोच

"उज्यालो र समुन्नत बैजनाथ गाउँपालिका"

### ६.३.४ उद्देश्य

१. विद्युतको उत्पादन, उपलब्धता, गुणस्तर र उपभोगमा वृद्धि गर्नु,
२. स्वच्छ उर्जाको प्रवर्द्धन, विस्तार र उपयोगमा वृद्धि गर्नु,
३. जलस्रोतको संरक्षण र उपभोगमा वृद्धि गर्नु

### ६.३.५ रणनीति

१. विद्युत उत्पादन तथा उपभोग बढाउने
२. स्वच्छ उर्जाको उत्पादन तथा उपयोग वृद्धि गर्न संघ र प्रदेश सरकारका सम्बन्धित निकायहरूसँग सहकार्य तथा साझेदारी गर्ने
३. वैकल्पिक उर्जाको उपयोग विस्तार गर्दै आयातित इन्धनमाथिको निर्भरता कम गर्ने,
४. जलस्रोत संरक्षण र उपयोगमा समुदाय, निजी क्षेत्र र गैसस परिचालन गर्नेविद्युत लाइन तथा क्षमता वृद्धि गर्ने,

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| विद्युतमा पहुँच भएका जनसङ्ख्याको अनुपात | प्रतिशत | ८० | ८० | ८४ | ८८ | ९३ |
| खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठालगायतका ठोस इन्धन प्रयोग गर्ने परिवार | प्रतिशत | ३५ | ३५ | ३९ | ४२ | ४७ |
| खाना पकाउन र कोठा तातो राख्नका लागि एलपी ग्याँस प्रयोग गर्ने जनसङ्ख्या | प्रतिशत | ६५ | ६५ | ७२ | ७९ | ८७ |
| खाना पकाउन विद्युतको उपयोग गर्ने जनसंख्या | प्रतिशत | १२ | १२ | १३ | १५ | १६ |
| सोलार उपयोग गर्ने परिवार | प्रतिशत | ३ | ३ | ३ | ४ | ४ |

### ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | 8228 | 411 | 7817 | 0 | 7775 | 453 | 0 | 0 |
| २०८२/८३ | 8882 | 444 | 8438 | 0 | 8566 | 316 | 0 | 0 |
| २०८३/८४ | 9591 | 480 | 9112 | 0 | 9438 | 153 | 0 | 0 |

### ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र. सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २७ | विद्युत विस्तार तथा उपयोग प्रवर्द्धन कार्यक्रम | केन्द्रिय विद्युत प्रणालीको विद्युतको उपभोगमा वद्धि गर्नु | सालबसाली | 15000 | केन्द्रिय विद्युत प्रसारण प्रणालीबाट स्थानीयस्तरमा विद्युत सुबिधा उपलब्ध तथा विस्तार हुने |
| २८ | वैकल्पिक तथा स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | स्वच्छ उर्जाको उपयोगमा बृद्धि गर्नु | सालबसाली | 10788 | १००० घरपरिवार लाभिन्वत हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क्र.सं. | कार्यक्रम तथा आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| २७ | विद्युत विस्तार तथा उपयोग प्रवर्द्धन कार्यक्रम | ९५ प्रतिशत घरपरिवार र व्यवसायमा स्थानीय स्तरमामा उत्पादित विद्युतको प्रयोग भएको | गाउँपालिकाका सवै वस्तीहरुमा केन्द्रिय प्रशारण लाइन जोडिने | केन्द्रिय विद्युत प्रसारण प्रणालीको विद्युत लाइन विस्तार, विद्युत नपुगेका घरपरिवारमा विद्युत सुबिधा विस्तार, र विद्युतीय चुल्होमा अनुदान, स्थानीय जलविद्युत आयोजना मर्मत सहयोग |
| २८ | वैकल्पिक तथा स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | ८० प्रतिशत घर परिवारमा स्वच्छ तथा वैकिल्पक उर्जाको प्रयोग भएको | ८ वडा तथा बस्तीका घर-परिवार लाभान्वित हुने | मुख्य बजार क्षेत्रमा सोलार सडक वत्ती जडान, स्वच्छ उर्जा प्रयोग सम्बन्धी सचेतना, स्वच्छ उर्जा प्रणाली जडान अनुदान |

### ६.३.९ जोखिम पक्ष तथा अनूमान

केन्द्रिय विद्युत प्रसारण प्रणालीको विद्युत सुबिधा विस्तार भई विद्युत तथा स्वच्छ उर्जाको उपलब्धता र उपयोग सहज भएको हुनेछ । जलाधार क्षेत्रको संरक्षणमा अन्तर सरकार सहकार्य तथा समुदायस्तरको जागरुकतामा अभिवृद्धि भएको हुनेछ । उपरोक्त परिवेश तयार हुन नसकेमा अपेक्षित उपलब्धि हासिल हुनमा जोखिम रहन सक्छ ।

## ६.४ सूचना तथा सञ्चार

### ६.४.१ पृष्ठभूमि

बैजनाथ गाउँपालिकाको वडा नं. १, ४, ५ र ८ मा तार सहितको टेलिफोन सेवा र बजार क्षेत्रमा इन्टरनेट सेवा उपलब्ध हुनुका साथै नेपाल टेलिकम, एनसेल तथा स्काई फोनले मोबाइल फोन सेवा प्रदान गरेका छन् । गाउँपालिकाका विभिन्न वडाहरूमा मोबाइल टावरहरू रहेका छन् । यद्यपि सामान्य हुरी बतास र वर्षा हुँदाको समयमा नेटवर्क कभरेज कमजोर रहेको छ । त्यसैगरी गाउँपालिकामा नेपाल टेलिकमको एडिएसएल सेवा साथै वर्ल्डलिङ्क लगायतइन्टरनेट सेवा प्रदायकले इन्टरनेट सेवा प्रदान गर्दै आएका भए तापनि इन्टरनेट प्रविधिको अवस्था कमजोर रहेकोले विस्तार र गुणस्तर सुधार गर्नु जरुरी छ । गाउँपालिकामा रेडियो नेपालको प्रसारण र हितैषी मिडिया प्रा. लि. द्वारा सञ्चालित स्थानीय एफ एम तथा नेपालगञ्ज, कोहलपुर, बाँसगढी, गुलरिया आदि स्थानबाट सञ्चालनमा आएका एफ एमहरू सुन्न पाइन्छ । गाउँपालिकाको वडा नं. ६ सम्झना चोकमा एफ एम रेडियो संचालनका लागि प्रस्ताव गरिएको पनि छ । यस गाउँपालिकामा विभिन्न राष्ट्रिय दैनिक पत्रिका जस्तै गोरखापत्र, कान्तिपुर आदिको सहजै आपूर्ति भए तापनि स्थानीयहरू सूचनाको पहुँचबाट टाढै रहेका छन् । डीसहोम मार्फत टेलिभिजन प्रसारण हुँदै आएकोले गाउँपालिकावासीले विभिन्न किसिमका समाचारका साथै

मनोरञ्जनात्मक कार्यक्रम हेर्ने मौका पाएका छन् । आर्थिक विकासका लागि सूचना तथा संचारको विकास अत्यावश्यक भएका कारण यस गाउँपालिकामा सूचना तथा सञ्चारको विकासका लागि विभिन्न कार्यक्रमहरू गर्नुपर्ने आवश्यकता छ ।

गाउँपालिकाको सेवा प्रवाहमा इन्टरनेट सेवाको पहुँच बढाउनुको साथै अन्य सूचना तथा संचारमा सुविधाको विकासलाई बढोत्तरी गर्ने कार्यक्रम तयार भइ कार्यान्वयन गरिएका छन् । गाउँपालिकामा इन्टरएक्टिभ वेवसाइट, मोबाइल एप्स् र विभिन्न प्रकारका सूचना व्यवस्थापन प्रणाली तथा सफ्टवयर जडान भई शासन सञ्चालन र सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउँदै लाने प्रयास गरिएको छ । इन्टरएक्टिभ वेवसाइट र मोबाइल एप्स्, स्थानीय रेडियो तथा टेलिभिजन तथा राष्ट्रियस्तरका रेडियो र टेलिभिजन, पत्रपत्रिका र अनलाईन मार्फत सूचनाहरु नियमित रुपमा अद्यावधिक, प्रकाशन र प्रसारण भैरहेको छ ।

### ६.४.२ समस्या तथा चूनौती

ल्याण्डलाइन टेलिफोन सेवाको पहुँच कम हुनु, मोवाइल तथा इन्टरनेट सेवाको गुणस्तर कमजोर हुनु, इन्टरनेट प्रदायक संस्थाहरुको सेवा विश्वसनीय नहुनु, स्थानीय पत्रपत्रिका प्रकाशन नहुनु, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालहरूमा इन्टरनेट सुचारु हुन नसक्नु आदि प्रमूख समस्या रहेका छन् । सवै खाले संचार माध्यमहरुको पहुँच विस्तार गर्नु, मोवाइल, इन्टरनेट र वाइफाईको क्षमता विस्तार गर्नु, गाउँपालिका र वडाहरु वीच सूचना सञ्जालीकरण गर्नु, सवै तथ्यांक र सूचनालाई विद्युतीय प्रणालीमा आवद्ध गर्नु, अनलाईन प्रणाली मार्फत सेवा प्रवाह गर्नु, स्थानीय पत्रिका प्रकाशन र एफ.एम संचालन गर्नु आदि यस क्षेत्रका प्रमूख चुनौती हुन् ।

### ६.४.३ सोच

सूचना तथा सञ्चारमा पूर्ण पूर्वाधारयुक्त गाउँपालिका

### ६.४.४ उद्देश्य

१. आधुनिक सूचना तथा सञ्चार प्रविधिमा सबैको पहुँच स्थापित गर्नु,
२. सूचना प्रविधिलाई सुरक्षित, उपयोगी र भरपर्दो सहज बनाउनु,
३.  स्थानीय सेवा प्रवाहलाइ सूचना प्रविधि मैत्री बनाउनु ।

### ६.४.५ रणनीति

१. गाउँपालिकाको शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्यमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोग गर्ने
२. स्वास्थ्य, शिक्षा, सुरक्षा, पर्यटन, रोजगारी, प्रकोप सेवामा पहुँच अभिवृद्धि गर्न सञ्चार तथा सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने
३. सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधिसँग आवद्ध गर्ने
४. गाउँपालिकाको सुचना तथा सञ्चार प्रणालीलाई सबल र प्रभावकारी बनाउने
५. पर्टकीय सेवा तथा सुविधालाई सूचना प्रविधिमा आधारित बनाउने

### ६.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| कम्प्युटर, इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहुँच भएका जनसंख्या | प्रतिशत | ७० | ७० | ७४ | ७७ | ८१ |
| गाउँपालिकामा सञ्चालित सफ्टवेयर र सुचना व्यवस्थापन प्रणाली | संख्या | ११ | ११ | १२ | १२ | १३ |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | संख्या | १५ | १५ | १६ | १७ | १७ |
| टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | ८५ | ८५ | ८९ | ९४ | ९८ |

### ६.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | 6171 | 926 | 5246 | 0 | 6479 | -308 | 0 | 0 |
| २०८२/८३ | 6662 | 999 | 5662 | 0 | 7139 | -477 | 0 | 0 |
| २०८३/८४ | 7193 | 1079 | 6114 | 0 | 7865 | -672 | 0 | 0 |

### ६.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | सूचना तथा सञ्चार प्रविधि विस्तार कार्यक्रम | स्थानीय शासन सञ्चालन, विकास व्यवस्थापन र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग वृद्धि गर्नु | सालबसाली | 10500 | विभिन्न थप ३ प्रकारका सेवाहरू सूचना प्रविधि प्रणालीबाट प्रवाह हुने |
| २. | विद्युतीय सुशासन प्रवर्द्धन कार्यक्रम | स्थानीय विकास निर्माण र सेवा प्रवाह सूचना प्रविधिमैत्री र सहज बनाउनु | सालबसाली | 8841 | कार्यपालिका कार्यालय, विषयगत शाखा र ८ वटै वडा कार्यालयमा विद्युतीय सुशासनको अभ्यास सुचारु हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन्।

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १. | सूचना तथा सञ्चार प्रविधि विस्तार कार्यक्रम | ८ वटा सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा रहेका | थप ३ प्रकारका सफ्टवयर तथा सूचना व्यवस्थापन प्रणाली स्थापना भइ सेवा सुचारू हुने | सूचना प्रविधिमैत्री सेवा प्रवाह, सफ्टवयर र सूचना व्यवस्थापन प्रणाली तथा उपकरण खरिद र सञ्चालन, विद्यालय र स्वास्थ्य संस्थामा सूचना प्रविधि जडान र सञ्चालन, जिआइएस नक्शाकन सञ्चालन, विद्युतीय हाजिरी प्रणाली, विद्युतीय प्रोफाइल तयारी तथा अद्यावधीकरण, |
| २. | विद्युतीय सुशासन प्रवर्द्धन कार्यक्रम | वेवसाइट नियमित रूपमा अद्यावधिक भएको, पर्यटन सूचना प्रणाली तयार भएको | विभिन्न थप विषयमा सूचना प्रविधि तथा डिजिटल प्रणालीमा आधारित सेवाहरू सञ्चालन हुनेछन् | तथ्याङ्कयोजना तर्जुमा र अनुगमन तथा प्रतिवेदन , प्रणाली व्यवस्थापन तथा सञ्चालन, तथ्य तथा अनुसन्धानमूलक रिपोर्टिङ्ग डिजिटलाईजेसन ईबुलेटिन तथा छपाइ, टुरिजम पोर्टल निर्माण र सञ्चालन, सर्भर व्यवस्थापन |

### ६.४.९ जोखिम पक्ष तथा पूर्वानूमान

सूचना प्रविधिको उपयोगबाट सेवा प्रवाहमा थप प्रभावकारिता वृद्धि हुनेछ। प्रविधि खर्चिलो र दक्ष मानविय श्रोतको आवश्यक पर्ने भएको तथा साइवर सुरक्षाको दृष्टिकोणले सुचना तथा दस्तावेजहरु असुरक्षित हुने तथा अनधिकृत प्रसारण तथा सम्प्रेषण हुने जोखिम रहन सक्छ।

## परिच्छेद ७ : वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

यस परिच्छेद अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन लगायतका उप–क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

### ७.१ वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण

#### ७.१.१ पृष्ठभूमि

वन तथा प्राकृतिक श्रोत संरक्षण र व्यवस्थापनलाइ नीति, योजना तथा कार्यमा मूलप्रवाहीकरण गर्न गाउँपालिकामा आवश्यक कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। यसगरी गाउँपालिकाको अधिकार क्षेत्रिभित्रका सामाजिक, आर्थिक विकास, पूवाधार वकास, वातावरण तथा जलवायु न्यूनीकरण र अनुकलन कार्यकबाट वातावरण पर्ने प्रभाव अध्ययन गरी न्यूनीकरणका लागि संक्षिप्त तथा प्रारम्भिक वातावरणीय अध्ययन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिएको  छ।

सामुदायिक वन उपभोक्ता समिति, समुदाय, गैर सरकारी संस्था तथा डिजिजन वन कार्यालयको सहयोग, समन्वय र साझेदारीमा वार्षिक वृक्षरोपण गरी हरियाली कायम तथा आयमूलक कार्यक्रम सञ्चालन गरिएको छ। यसैगरी जोखिमयुक्त स्थानमा नदी नियन्त्रणका लागि बाँध तथा स्पर निर्मण गरिएको छ। तालतलैया तथा पोखरी मर्मतसंभार, स्तरोन्नति र विकासका पूर्वाधारको संरक्षण जैविक तथा इञ्जिनियरिङ संरचना निर्माण गरिएको छ।

#### ७.१.२ समस्या तथा चुनौती

गाउँपालिका क्षेत्रमा वन डढेलो लाग्नु, मानव तथा वन्यजन्तु बीच द्वन्द्व निरन्तर हुनु जसका कारण मानविय र वालीनालीमा क्षति तथा जंगली जनावरहरु समेत घाईते हुनु, वनक्षेत्र अतिक्रमण, चोर शिकारी आदि मुख्य समस्या रहेका छन्। जलवायु परिवर्तन लगायत विभिन्न कारणबाट वन डढेलो लाग्नु, भूक्षय तथा तापक्रम वृद्धि हुनु, बाढी तथा नदी कटान आदि चुनौतीका रुपमा  रहेका छन्। समस्याहरुमा डढेलो, चरिचरण तथा वन क्षेत्रको अतिक्रमण वन क्षेत्रमा रहेका प्रमुख समस्या रहेका छन्। यस बाढीबाट डुवान तथा नदी कटानको समस्या रहेको छ।

#### ७.१.३ सोच

“बैजनाथको वनः आयमुलक धन”

#### ७.१.४ उद्देश्य

१. वन, हरियाली, जलाधार र जैविक विविधता एकीकृत संरक्षण तथा प्रवर्द्धन गर्नु,
२. मानव वन्यजन्तु द्वन्द्व रुपान्तरण गरी क्षति न्यून गर्नु,
३. बाढि, नदिबाट हुने क्षति न्यून गर्नु।

#### ७.१.५ रणनीति

१. वन हरियाली र भूसंरक्षणका लागि सरोकारवालाहरु बीच सहकार्य र सहजीकरण गर्ने,
२. जलाधार तथा उपजलाधार क्षेत्रको संरक्षण, भूक्षय, नदी कटान नियन्त्रण गर्ने,
३. वन तथा वन्यजन्तुबाट मानव तथा कृषि उत्पादन सुरक्षित गर्ने,
४. नदि नियन्त्रणका लागि कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने।

#### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| वनले ढाकेको वा हरियाली क्षेत्र | बर्ग कि मि | ४० | ४० | ४० | ४० | ४० |
| सुचारू जडिबुटी संकलन तथा प्रशोधन केन्द | संख्या | ० | ० | १ | १ | १ |
| जडीबुटी कर वन पैदावरको विक्रीबाट प्राप्त आय | रू. हजार | ० | ० | ० | ० | ० |
| सामुदायिक वन उपभोक्ता समिति | संख्या | २२ | २२ | २२ | २२ | २२ |
| पार्क तथा उद्यान | संख्या | ४ | ४ | ४ | ४ | ४ |

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| संरक्षित तालतलैया तथा पोखरी | संख्या | ८ | ८ | ८ | ८ | ९ |
| नदी नियन्त्रण बाँध तथा स्परको लम्बाई | रनिङ्ग मि | १५०० | २००० | २५०० | ५००० | ७५०० |
| दर्ता निजी वन | संख्या | ० | ० | ० | ० | ० |
| शहरी वन तथा सडक किनारा वृक्षरोपण | संख्या | ३००० | ३००० | ३०९० | ३१८३ | ३२७८ |
| वन हरियाली, भुसंरक्षण तथा नदी नियन्त्रण क्षेत्रमा वार्षिक बजेटको अंश | प्रतिशत | ०.५ | ०.८ | १.० | १.० | १.५ |

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | 3291 | 329 | 2962 | 0 | 0 | 3291 | 0 | 0 |
| २०८२/८३ | 3553 | 355 | 3198 | 0 | 0 | 3553 | 0 | 0 |
| २०८३/८४ | 3836 | 384 | 3453 | 0 | 0 | 3836 | 0 | 0 |

### ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वन तथा हरीयाली प्रवर्द्धन कार्यक्रम | वन, हरियाली क्षेत्र विस्तार, वनको दिगो व्यवस्थापन र जैविक विविधता संरक्षण गर्नु | सालबसाली | 10315 | १५ हजार विरुवा रोपिएको हुने, जलाधार व्यवस्थापन, भूक्षय नियन्त्रणका लागि थप ५ स्थानमा जैविक तटवन्ध निर्माण भएको हुने। |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरू देहायबमोजिम रहेका छन्।

| क्र.सं. | कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | वन तथा हरीयाली प्रवर्द्धन र भूसंरक्षण कार्यक्रम | वन तथा हरियाली प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिएका र वन क्षेत्रमा जडीबुटी खेती गरी आम्दानी वृद्धि भएको | १० हजार वृक्षारोपण भएको, वन डडेलो नियन्त्रण हुने र वन, जैविक विविधता र जलाधार क्षेत्रको विवरण सहितको तथ्याङ्क तयार गरिएको। | वृक्षारोपण कार्यक्रम, सामुदायिक वन क्षेत्रमा जडीबुटी खेती प्रवर्द्धन, वन डडेलो नियन्त्रण तथा पूर्व तयारी, वन, जैविक विविधता र जलाधार क्षेत्रको विवरण संकलन गरी तथ्याङ्क तयार गर्ने |

### ७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

वन तथा जैविक विविधता, जलाधार संरक्षण तथा व्यवस्थापनमा तीनै तहका सरकार, समुदाय तथा नागरिक समाजको सहकार्य साझेदारी बढोत्तरी हुनेछ । वायोइञ्जिनियरिङ, वृक्षरोपण, समुदायको सहभागितालाई पूर्वाधार विकास, मर्मत संभार आत्मसात गरिनेछ । उल्लिखित परिस्थिति निर्माण हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन कठिन हुन सक्छ।

## ७.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

गाउँपालिकाले फोहोरमैला व्यवस्थापनका लागि स्थानीय साझेदारहरुसँग सम्झौता गरी गाउँपालिका स्तरमा स्यानीटरी ल्याण्डफिल साइट निर्माणको प्रयास अघि सारेको छ। हरेक वडा तहमा ल्याण्डफिल साइट बनाउने योजना बनाएको छ। गाउँपालिकाले विकास निर्माण कार्यमा हरित प्रविधि र वातावरणमैत्री विकासलाई प्रोत्साहन गरी हरित अर्थतन्त्रको विकासमा लगानीलाई प्रोत्साहन गर्ने नीति लिएको छ।

### ७.२.२ समस्या तथा चुनौती

गाउँपालिकामा फोहोरमैला व्यवस्थापनको लागि छुट्टै शाखा नहुनु तथा फोहोरमैला व्यवस्थापन हेर्ने कर्मचारी/मानवीय श्रोतको कमी हुनु, फोहोरमैला व्यवस्थापनमा साझेदारहरु प्रति निर्भर हुनु, बजार क्षेत्र भन्दा बाहिर फोहोरमैला व्यवस्थापन व्यवस्था नहुनु तथा बजार क्षेत्र तथा सार्वजिनक क्षेत्रमा सार्वजनिक शौचालयको कमी हुनु, फोहोर जलाउँने समस्या निराकरण हुन नसक्नु आदि समस्या रहेका छन् । गाउँपालिका क्षेत्रमा प्रवेश गर्ने पर्यटक तथा बटुवा, घुमन्ते र अस्थायी व्यापारीबाट फोहोरमैला संकलन, भण्डारण, पुन:प्रयोग तथा सफाई लगायत फोहोरमैला  व्यवस्थापन गर्न आदि चुनौती रहेका छन् ।

### ७.२.३ सोच

"सन्तुलित, सफा, स्वच्छ वातावारण र हरियालीयुक्त बैजनाथ गाउँ"

### ७.२.४ उद्देश्य

१. जल, वायु, माटो लगायत सवै प्रकारका प्रदूषणको नियन्त्रण र रोकथाम गर्नु
२. पुर्वाधारको विकास र प्राकृतिक वातावरण बीच सन्तुलन कायम गर्नु,
३. व्यवसायी तथा स्थानीयवासीबाट सिर्जित घरेलु, व्यावसयिक र अस्पतालको फोहोरमैला व्यवस्थापन गर्नु,
४. नीति, कानून कार्यान्वयनको प्रभावकारी संरचना निर्माण, अध्ययन अनुसन्धान तथा क्षमता अभिवृद्धि गर्नु ।

### ७.२.५ रणनीति

१. जल, वायु, माटो, ईन्धन लगायत सवै प्रकारका प्रदुषणको नियन्त्रण र रोकथाम गर्ने ।
२. पुर्वाधार निर्माण र वातावरणीय सन्तुलन कायम गर्न वातावरणीय प्रभाव मूल्यांकनलाई कार्यान्वयन गर्ने ।
३. फोहोरमैला व्यवस्थापनका लागि गैसस तथा नीजि क्षेत्रसँगको साझेदारीलाई परिचालन गरी नविनतम प्रविधिको अवलम्वन गर्ने ।
४. गाउँपालिका क्षेत्रमा ढल व्यवस्थापन तथा हरियाली प्रवर्द्धन गर्ने ।

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| घोषणा वातावरणीयमैत्री टोल | संख्या | ० | ० | २ | ३ | ५ |
| पूर्ण स्वच्छता र सरसफाइ कार्यान्वयन गर्ने बस्ती तथा टोल | संख्या | १२ | १३ | १५ | १६ | २० |
| सफा चर्पीको प्रयोग गर्ने परिवार | प्रतिशत | ८० | ८० | ८० | ८० | ८० |
| स्रोतमै फोहर वर्गीकरण र व्यवस्थापनको अभ्यास गर्ने परिवार | संख्या | २५ | २५ | २५ | २५ | २५ |
| सार्वजनिक शौचालय | संख्या | ६ | ६ | ६ | ६ | ६ |
| विसर्जन हुने फोहोरमैलामा कुहिने फाहोरको अंश | प्रतिशत | ७० | ७० | ७० | ७० | ७० |
| ल्याण्डफिल साइट तथा प्रशोधन केन्द्रबाट वातावरणमैत्री रूपमा व्यवस्थापन भएको फोहोरमैलाको परिमाण | मे.टन | ० | ० | ० | ० | ० |
| फोहोर प्रशोधन केन्द्रमा व्यवस्थापन भएको कुहिने फाहोरको परिमाण (प्रति दिन) | मे.टन | ० | ० | ० | ० | ० |
| निर्मलीकरण तथा व्यवस्थापन भएको अस्पतालजन्य फोहोर | मे.टन | ० | ० | ० | ० | ० |
| कानुन अनुसार वातावरणीय अध्ययन भइ कार्यान्वयन हुन आयोजनाको वार्षिक | संख्या | ० | ० | ० | ० | ० |
| वातावरण तथा फोहोरमैला व्यवस्था क्षेत्रमा गाउँपालिकाको वार्षिक बजेटको अंश | प्रतिशत | ० | ० | ० | ० | ० |

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | 4114 | 2057 | 2057 | 0 | 1296 | 2818 | 0 | 0 |
| २०८२/८३ | 4441 | 2221 | 2221 | 0 | 1428 | 3013 | 0 | 0 |
| २०८३/८४ | 4796 | 2398 | 2398 | 0 | 1573 | 3223 | 0 | 0 |

### ७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं | उपक्षेत्र/कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३२ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | स्रोतमै फोहोरको वर्गीकरण, पुनःप्रयोग, मल बनाउने कार्य द्वारा फोहोरमैलाको विसर्जन न्यूनीकरण गर्नु | सालबसाली | 6000 | ५० प्रतिशत घरपरिवार स्रोतमै फोहोरको वर्गीकरण, पुनःप्रयोग, मल बनाउने कार्य द्वारा फोहोरमैलाको विसर्जन न्यूनीकरणका सहभागी तथा लाभान्वित हुने |
| ३३ | वातावरण संरक्षण कार्यक्रम | प्रदूषण न्यूनीवकरण तथा वातावरणीय स्वच्छता कायम गर्नु | सालबसाली | 6893 | वातावरण संरक्षण सम्बन्धी सूचक पुरा भइ वातावरणमैत्री गाउँपालिका घोषणा हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन्।

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| ३२ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | निजी क्षेत्रको साझेदारीमा कुहिने फोहोर प्रशोधन केन्द्र सञ्चालन भइ दैनिक १ मे.टन फोहोर प्रशोधन भैरहेको र ९ वटा वडाबाट फोहोर संकलन, ढुवानी, प्रशोधन र विसर्जन भैरहेको | ३० प्रतिशत घरपरिवार ले स्रोतमै फोहोरको वर्गीकरण, पुनःप्रयोग, मल बनाउने र विसर्जन लगायत कार्यमा सहभागी भइ लाभान्वित हुने | फोहोरमैला व्यवस्थापन सम्बन्धी सचेतना तथा क्षमता विकास, फोहोरमैलाको स्रोतमा वर्गीकरण, पुनप्रयोग कम्पोष्टिङ, फोहोरमैला संकलन विन वितरण, |
| ३३ | वातावरण संरक्षण कार्यक्रम | वातावरणमैत्री स्थानीय शासनको अभ्यास थालनी भएको | वातावरणमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन हुने | प्लाष्टिक झोला विस्थापन र वैकल्पिक प्रयोग तथा प्लाष्टिक र शिशाजन्य सामाग्री प्रयोग न्यूनीकरण, जलाउने कार्य निरूत्साहन अभियान, वातावरणमैत्री स्थानीय शासन कार्यक्रम, स्थानीय आयोजनाहरूको वातावरणीय अध्ययन, वातावरण सम्बन्धी सचेतना कार्यक्रम, विद्यार्थी तथा युवा परिचालन, स्वच्छ उर्जा प्रवर्द्धन प्रदूषण नियन्त्रण सचेतना अभियान |

### ७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

वन तथा जैविक विविधता, जलाधार संरक्षण तथा व्यवस्थापनमा तीनै तहका सरकार, समुदाय तथा नागरिक समाजको सहकार्य साझेदारी बढोत्तरी हुनेछ। वायोइञ्जिनियरिङ, वृक्षरोपण, समुदायको सहभागितालाई पूर्वाधार विकास, मर्मत संभार आत्मसात गरिनेछ गरिएको हुनेछ। उल्लिखित परिस्थिति निर्माण हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन कठिन हुन सक्छ।

## ७.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

### ७.३.१ पृष्ठभूमि

बैजनाथ गाउँपालिका पनि प्राकृतिक प्रकोपको दृष्टिकोणले संवेदनशील अवस्थामा रहेको छ। यस गाउँपालिकामा विशेषगरी बाढी, नदी कटान, हावाहुरी, असिना, चट्याङ, अनावृष्टि, सुख्खा खडेरी, डढँलो जस्ता प्राकृतिक प्रकोपहरू देखापर्दै आइरहेका छन्। हाल कोभिड–१९ ले जीवन थप जटिल बनाएको छ। यस्ता प्रकोपहरू सामान्यतया पूर्ण नियन्त्रण गर्न नसकेपनि प्रभाव न्यूनीकरणका उपायहरू अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ। यसका लागि गाउँपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागू गर्नु आवश्यक हुन्छ।

बैजनाथ गाउँपालिकाले विपद पुर्वतयारी तथा प्रतिकार्यका लागि स्वास्थ्य संकट एवम् विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयनमा ल्याएको छ। यस गाउँपालिका क्षेत्रमा मानव जनजीवनलाई प्रभावित पार्ने प्रकोपहरुमा भुकम्प, मानव वन्यजन्तु द्वन्द, हावाहुरी, खडेरी, आगलागी र महामारी मुख्यरुपमा रहेका छन्। यस गाउँपालिकामा प्राकृतिक प्रकोप मध्ये सवै भन्दा बढी सुख्खा खडेरी र बर्षातमा अधिक बर्षाका कारण धैरै क्षति भएको छ।

### ७.३.२ समस्या तथा चुनौती

स्थानीयस्तरमा जलवायु परिवर्तन सम्बन्धी आधिकारिक तथ्यांक कायम गर्नु, स्थानीय जलवायु अनुकूलन कार्ययोजना लागू गर्नु, जलवायु अनुकुलन सम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, जलवायु परिवर्तन अनुकूलन संरचना निर्माण गर्नु, गाउँपालिकामा विपद् पूर्वानुमान, पूर्व चेतावनी प्रणाली विकास गरी निरन्तर कार्यान्वयन गर्नु आदि चुनौती रहेका छन्।

### ७.३.३ सोच

विपद् व्यवस्थापनको प्रभावकारी संयन्त्र निर्माण गरी जनधनको क्षति न्यूनीकरण गर्ने

### ७.३.४ उद्देश्य

१. जलवायु परिवर्तन र विपद सम्वेदनशील योजना तर्जुमा र कार्यान्वयनका लागि आवश्यक नीति योजना कार्यक्रम तर्जुमा गर्नु,
२. जोखिम नक्सांकन विपद जोखिम पूर्वानुमान पुर्वतयारी र प्रतिकार्य र पुनर्लाभ सम्बन्धी क्षमता विकास गर्नु,
३. जलवायू परिवर्तनको प्रतिकुल प्रभावलाई न्यूनीकरण गर्दै अनुकुलन क्षमता अभिवृद्धि गर्नु,
४. जलवायु परिवर्तन र विपद व्यवस्थापनका लागि सार्वजनिक र नीजि क्षेत्रको सहभागिता वृद्धि गर्नु, र
५. जलवायु परिवर्तन र विपद व्यवस्थापन सम्बन्धी सचेतना क्षमता वृद्धि र आवश्यक पूर्वाधार कार्यान्यवन गर्नु ।

### ७.३.५ रणनीति

१. जलवायु परिवर्तन र विपद व्यवस्थापनका लागि आवश्यक नीतिगत र संस्थागत संरचना निर्माण सुधार एवम् क्षमता अभिवृद्धि गर्ने।
२. विषय शाखागत आयोजना कार्यक्रममा विपद र जलवायुलाई मुलप्रवाहीकरण गर्ने।
३. पूर्वतयारी प्रतिकार्य र पुनर्लाभ सम्बन्धी क्षमता विकास र श्रोत साधनको व्यवस्था गर्ने।
४. जलवायु परिवर्तनका क्षेत्रमा अध्ययन अनुसन्धान तथा क्षमता अभिवृद्धि गर्ने।

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| विपदबाट वार्षिक रूपमा हुने मानवीय क्षति | संख्या | ० | ० | ० | ० | ० |
| वार्षिक विपदबाट प्रभावित हुने घरपरिवार | संख्या | २६५० | २६५० | २३८५ | २१४७ | १९३२ |
| विपदबाट हुने वार्षिक क्षति | रू. हजारमा | ३५००० | ३५००० | १७५०० | ८७५० | ४३७५ |
| विपद् व्यवस्थापन कोषको वार्षिक रकम | रू. हजारमा | ४००० | ४००० | ४००० | ४००० | ४००० |
| विपद जोखिम न्यूनीकरण, व्यवस्थापन तथा जलवायु परिवर्तन वार्षिक बजेटको अंश | प्रतिशत | १ | १ | १ | १ | १ |
| विपद जोखिम न्यूनीकरण, व्यवस्थापन तथा जलवायु परिवर्तन आयोजना र कार्य | संख्या | २ | ३ | ५ | १० | १५ |

### ७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | 9051 | 3620 | 5431 | 0 | 2592 | 6459 | 0 | 0 |
| २०८२/८३ | 9770 | 3908 | 5862 | 0 | 2855 | 6915 | 0 | 0 |
| २०८३/८४ | 10550 | 4220 | 6330 | 0 | 3146 | 7404 | 0 | 0 |

### ७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम | विपद् जोखिम न्यूनीकरण, अल्पीकरण, पूर्व तयारी र प्रतिकार्य र पूनर्लाभलाइ योजनाबद्ध र प्रभावकारी बनाउनु । | सालबसाली | 15000 | विपदबाट हुने क्षतीमा १० प्रतिशतले कमी आउने । |
| २ | जलवायु परीवर्तन अनुकुलन तथा समयानुकुलन कार्यक्रम | जलवायु परिवर्तको असर न्यूनीकरण, अनुकुलन र उत्थानशील क्षमता अभिवृद्धि गर्नु । | सालबसाली | 13366 | जलवायु परिवर्तन अनुकुलन योजना तर्जुमा भइ लागु भएको हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम | स्थानीय सुरक्षा निकायको सहयोगमा विपदमा उद्दार राहत तथा क्षतिपुर्ति दिदै आएको । | स्वास्थ्य क्षेत्रको विपद लगायत प्राकृतिक विपदमा तत्काल उद्दार राहत क्षतिपुर्ति तथा प्रतिकार्य योजना कार्यान्वयन गरिएको हुनेछ । | स्थानीय प्रहरी परिचालन, टोल विकास समितिको क्षमता विकास र परिचालन, विपद तथा जलवायु परिवर्तन अभिमुखीकरण, विपद पूर्व तयारी तथा विपद व्यवस्थापन योजना तर्जुमा, उद्धार, राहत र पुनर्लाभ |
| २ | जलवायु परीवर्तन अनुकुलन तथा समयानुकुलन कार्यक्रम | हाल ताल पोखरी संरक्षण गरिएको । रैथाने जातका फलफुल लगायत बहु बर्षिय बालीलाई प्राथमिकता दिइएको । | स्थानीय अनुकुलन योजना अनुसार बार्षिक नीति योजना कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन भएको हुनेछ । | स्थानीय अनुकुलन योजना तर्जुमा र कार्यान्वयन, टोल, संरक्षण शिक्षा तथा सचेतना, ताल, पोखरी निर्माण तथा संरक्षण, विद्यालयमा इको क्लव गठन, सचेतना तथा परिचालन |

### ७.३.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाले विपद जोखिम तथा व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तयार गर्ने र उपयुक्त प्रविधि, स्रोत साधन परिचालन गरी विपद न्यूनीकरणको लक्ष्य हासिल गर्ने अपेक्षा गरिएको छ । मानवीय कारणले हुने विपद बढ्दो अवस्थामा रहेकोले यसको प्रतिकार्य तथा पुनर्लाभमा श्रोत तथा समयको लगानी बढाउनु पर्ने हुन्छ । भूक्षय, कटान र वाढी लगायत प्रकोपबाट जुनसुकै बेला जस्तोसुकै विपद पर्न सक्ने जोखिम रहन्छ ।

## परिच्छेद ८ : संस्थागत विकास तथा सुशासन क्षेत्र

यस विषय क्षेत्रमा नीति, कानून, न्याय तथा सुशासन, संगठन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उपक्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएका छन्।

### ८.१ नीति, कानून, न्याय तथा सुशासन

#### ८.१.१ पृष्ठभूमि

गाउँपालिकाले आफ्नो कार्य व्यवस्थापन गर्न कानून नीति निर्देशिका कार्यविधिहरु निर्माण गरेको छ। यसै गरि गाउँपालिकाको शाखाहरु र वडा कार्यालय सहितको संगठनात्मक संरचना स्वीकृत भई आवश्यक दरवन्दी कायम भएको छ। गाउँपालिकामा स्थानीय सञ्चित कोष स्थापना भई सुत्र (SuTRA) मा आधारमा वित्तीय कारोवार सञ्चालन भइरहेको छ। न्यायिक निरुपण र मेलमिलापका लागि गाउँपालिकामा कानुन शाखा स्थापना गरिएको छ। व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, वस्तुगत विवरण संकलन आदि कार्य विद्युतीय प्रकृयाबाट "एप्स" हरू प्रयोग गरी सम्पादन गरी आएको छ। गाउँपालिकाले सेवाग्राहीको गुनासो सुनुवाइ संस्थागत प्रबन्धहरु समेत गरेको छ। गाउँपालिकाले कार्यालयहरूमा नागरिक वडापत्रको व्यवस्था, इन्टरनेट नेटवर्किङ मार्फत वडालाई गाउँक्षेत्रसँग जोड्ने कार्य, कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्यप्रणालीलाई चुस्त, व्यवस्थित र पारदर्शी बनाउनु आवश्यक छ।

यस गाउँपालिकाले अफ्नो सेवा प्रवाहमा संस्थागत सुशासन कायम राखी चुस्त, छीटो छरीतो तथा जनमुखी सेवा प्रवाह गर्न प्रदान गर्न समायानुकुल विभिन्न नितिगत व्यवस्था गर्दै आएको छ। गाउँपालिकाले आफ्नो कार्य संचालनको लागि ऐन, नियमावली, कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याएको छ। चालु आर्थिक बर्षमा पारित भएका कानुनहरुलाई राजपत्रमा प्रकाशन गर्ने र सार्वजनिक गर्ने तथा कानुन संग्रह प्रकाशन गर्ने तयारि गरेको छ।

#### ८.१.२ समस्या तथा चुनौती

गाउँपालिकामा आवधिक योजना तर्जुमा हुन नसक्नु, तर्जुमा भएका नीति कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, गाउँपालिका तथा वडा कार्यालयहरुले मासिक रुपमा खर्चको विवरण सार्वजनिक गर्न नसक्नु, समिति तथा संस्थागत जिम्मेवारी बाँडफाँड व्यवस्थित गर्न नसक्नु तथा समय सापेक्ष नागरिक बडापत्र अद्यावधिक हुन नसक्नु आदि प्रमुख समस्या रहेका छन्। वडा कार्यालयहरू सँग विद्युतीय तथा ईन्टरनेट सञ्जाल कायम गर्नु, आन्तरिक राजस्व वढाउनु, सेवा र विकास कार्यक्रमको गुणस्तर कायम गर्नु, सूचना तथा अभिलेखहरूलाई विद्युतीय प्रणालीमा आवद्ध गर्नु, योजना अनुशासनको पालना र गुणस्तरीय कार्यसम्पादन गर्नु आदि प्रमुख चुनौती रहेका छन्।

#### ८.१.३ सोच

बैजनाथ गाउँपालिकाको सरोकार जनमुखी सरकार

#### ८.१.४ उद्देश्य

१. नीति तथा योजना प्रक्रियामा नागरिक सहभागिता अभिवृद्धि गर्नु।
२. स्थानीय सेवा प्रवाहलाई जवाफदेही र उत्तरदायी बनाउनु।
३. गाउँपालिकाको कार्यप्रणालीमा पारदर्शीता सुनिश्चित गर्नु।

#### ८.१.५ रणनीति

१. नीति निर्माणमा नागरिक सहभागिता अभिवृद्धि गर्न प्रस्तावित नीतिहरु स्वीकृत गर्नु अघि सार्वजनिक रुपमा आह्वान गर्ने,
२. योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीलाई सहभागितामूलक बनाउने,
३. सार्वजनिक जवाफदेहिताका औजारहरुको नियमित रुपमा उपयोग गर्ने,
४. सूचना तथा गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउने,
५. नीति, कानून, योजना तथा निर्णयहरु नियमित रुपमा वेभसाइट मार्फत सार्वजनिक गर्ने,
६. गाउँपालिकाको खरीद प्रणालीलाई पारदर्शी बनाउने।

### ८.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| नीति, कानून, निर्णय र सेवा प्रवाह सन्तुष्ट सेवाग्राही | प्रतिशत | ० | ० | ७५ | ८० | ९० |
| स्वीकृत नीति, कानून र कार्यविधि तथा मापदण्ड | संख्या | ३७ | ४१ | ४४ | ४७ | ५० |
| १. नीति | विषय | ४ | ४ | ४ | ४ | ४ |
| २. ऐन | विषय | ७ | ७ | ७ | ७ | ७ |
| ३. नियम तथा विनियम | विषय | २ | २ | २ | २ | २ |
| ४. निर्देशिका, कार्यविधि र मापदण्ड | विषय | २४ | २८ | ३१ | ३४ | ३७ |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | १४ | १४ | १४ | १४ | १४ |

### ८.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | 6171 | 5863 | 309 | 0 | 6171 | 0 | 0 | 0 |
| २०८२/८३ | 6662 | 6329 | 333 | 0 | 6662 | 0 | 0 | 0 |
| २०८३/८४ | 7193 | 6834 | 360 | 0 | 7193 | 0 | 0 | 0 |

### ८.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २. | नीति कानुन शुसाशन तथा न्याय प्रवर्द्धन सालवसाली कार्यक्रम | स्थानीय शासन, सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु | सालबसाली | 19341 | नीति, कानून तथा कार्यविधि तर्जुमा तथा कार्यान्वयनमा थप ३० प्रतिशतले वृद्धि हुनेछ। |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन्।

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख कृयाकलापहरु |
|---|---|---|---|---|
| २ | नीति, कानुन, सुशासन तथा न्याय प्रवर्धन कार्यक्रम | १० वटा ऐन सहित २६ कानून पास भएको। | कानुनी दस्तावेजहरु राजपत्रमा प्रकाशन भई जारी भएका कानुनहरु बारे छलफल प्रशिक्षण तथा सार्वजनिक भएको हुने। | कानुनी दस्तावेजहरु राजपत्रमा प्रकाशन, जारी भएका कानुनहरु बारे छलफल प्रशिक्षण, कानुनको सार्वजनिक गर्ने। |

### ८.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

स्थानीय नीति र कानून तर्जुमा, न्यायिक समिति तथा मेलमिलाप केन्द्रको माध्यमबाट साना विवादहरु सजिलै छोटो समयमा कम खर्चिलो तरिकाबाट समाधान हुन सक्ने हुन्छ। दक्ष जनशक्तिको कमिका कारण तर्जुमा गरिएका नीति कानूनको प्रभावकारी कार्यान्वयन नहुने सक्छ। न्यायिक समितिको कार्यबोझ र विवादको जटिलताको कारण समयमा मेलमिलाप वा निरुपणबाट विवाद समाधान नहुने जोखिम रहन सक्छ।

## ८.२ संगठन, मानव संशाधन र सेवा प्रवाह

### ८.२.१ पृष्ठभूमि

गाउँपालिकाको मुख्य प्रशासनिक कार्यालय भवन हाल बाँकेको रामपुरमा अवस्थित रहेको छ। विगतमा साविकको गाविस भवनबाट आरम्भ गरेको कार्यालय भवन हाल आफ्नै स्थायी भवनबाट कार्यालय अन्तगर्गतका सवै शाखाहरु यसै आर्थिक बर्षबाट गाउँपालिकाको मुख्य प्रशासनिक भवनबाट सेवा दिईएको छ। गाउँपालिकाको कार्यसम्पादनमा सहजताका लागि क्षमता विकास, कम्प्युटर सफ्टवेयर

प्रणालीको उपयोग र प्रयोगमा ल्याइएको छ। सेवा प्रबाहका लागि आवश्यक आधाभूत नीति, कानून, कार्यविधिहरु स्वीकृत भएका छन् भने सेवा प्रबाहमा सहजीकरणका लागि सूचना प्रविधिमा आधारित पद्धति उपयोगमा ल्याइएको छ।

### ८.२.२ समस्या तथा चुनौती

गाउँपालिकामा उपलब्ध जनशक्तिको दिगो व्यवस्थापन गर्न नसक्नु योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धतिमा कमी, स्विकृत दरवन्दी र कार्यरत जनशक्ति बीच सामन्जस्यतामा कमि, गाउँपालिकाको क्षमता विकास योजना पुर्ण रुपमा कार्यान्वयन हुन नसक्नु कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु हुन नसक्नु आदि प्रमुख समस्या हुन्। संस्थागत स्वमूल्यांकन कार्यसम्पादन मूल्यांकन तथा लैससास परीक्षणका कार्ययोजनालाई कार्यान्वयन पूर्णरुपमा कार्यान्वयन गर्नु गाउँपालिकाको सेवा व्यवस्थापन प्रक्रियामा सुधार गर्नु आदि चुनौति रहेका छन्।

### ८.२.३ सोच

"प्रशासनमा व्यवसायिकता र प्रतिबद्धता: प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता"

### ८.२.४ उद्देश्य

१. गाउँपालिकाको संगठन संरचना र जनशक्ति व्यवस्थापनलाई समयसापेक्ष तुल्याउनु।
२. कर्मचारी संयन्त्रलाई कार्य जिम्मेवारी प्रति प्रतिबद्ध र उत्प्रेरित बनाउनु।
३. सेवा प्रवाहमा नागरिकको पहुँच अभिवृद्धि गर्नु।

### ८.२.५ रणनीति

१. संगठन तथा व्यवस्थापन सर्वेक्षण आवश्यकता अनुरुप पुनरावलोकन गर्ने।
२. जनशक्ति व्यवस्थापनका लागि आवश्यक नीतिगत तथा कानुनी व्यवस्थाको प्रबन्ध गर्ने।
३. कर्मचारी प्रोत्साहन प्रणालीलाई कार्यसम्पादनमा आधारित बनाउने।
४. आवश्यकता पहिचान गरी कर्मचारी तथा जनप्रतिनिधीको क्षमता विकास कार्यक्रमलाई नियमित रुपमा सञ्चालन गर्ने।
५. सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाउँदै लैजाने।
६. सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी सेवा प्रवाहमा निरन्तर सुधार गर्ने

### ८.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| गाउँपालिकामा कार्यरत मानव संशाधन | संख्या | ६७ | ६७ | ७५ | ७५ | ८० |
| गाउँपालिकामा कार्यरत प्राविधिक जनशक्ति | संख्या | ४६ | ४६ | ७३ | ७४ | ७४ |
| मासिक रूपमा आम्दानी र खर्च सार्वजनिक गर्ने वडा तथा कार्यालय | प्रतिशत | ० | १०० | १०० | १०० | १०० |
| संस्थागत स्वमूल्यांकनको प्राप्तांक प्रतिशत | प्रतिशत | ७४ | ७३ | ८० | ८५ | ९० |

### ८.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | 131652 | 118487 | 13165 | 0 | 131652 | 0 | 0 | 0 |
| २०८२/८३ | 142114 | 127903 | 14211 | 0 | 142114 | 0 | 0 | 0 |
| २०८३/८४ | 153460 | 138114 | 15346 | 0 | 153460 | 0 | 0 | 0 |

### ८.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र /कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | स्थानीय सेवा, संगठन, मानव संशाधन र कार्यसम्पादनमा अभिवृद्धि गर्नु | सालबसाली | 412600 | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भई सेवा प्रवाहको स्तरमा ५० प्रतिशतले सुधार हुनेछ। |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन्।

| क्र. सं. | उपक्षेत्र /कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | गाउँपालिकाको संगठन तथा प्रशासन सर्वेक्षण गरिएको छ । क्षमता विकास योजना निर्माण भई कार्यान्वयनमा आएको छ। | स्थायी दरवन्दी वृद्धि भई गाउँपालिकाका सवै शाखा तथा सवै वडा कार्यालयमा कर्मचारीको दरवन्दी पुर्ति भएको हुनेछ। | सेवाग्राही सन्तुष्टि सर्वेक्षण, नागरिक सर्वेक्षण, सामाजिक परिक्षण, नागरिक बडापत्र जडान । क्षमता विकास तालिम। |

### ८.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

गाउँपालिकाले प्रदेश, संघ तथा सरोकारवालाहरुको सहकार्यमा स्थानीय नीति, कानून, योजना तर्जुमा, दक्ष मानव संशाधनको सीप र दक्षतामा अभिवद्धि गरी अपेक्षित नतिजा हासिल हुन सक्नेछ। स्थानीय सरकारमा वृत्ति तथा क्षमता विकास र उत्प्रेरणाको कमीका कारण कर्मचारीको कार्यसम्पादनबाट अपेक्षित नतिजा आउन नसक्ने पनि जोखिम रहन सक्छ।

## ८.३ राजस्व तथा स्रोत परिचालन

### ८.३.१ पृष्ठभूमि

राजस्वको श्रोतका रुपमा आन्तरिक राजस्व, संघीय तथा प्रदेश सरकारको अनुदान र राजश्व बाँडफाँटको रकम नै मुख्य रुपमा रहेको छ। स्थानीय राजस्वको दर तथा दायरा वृद्धिका लागि गाउँपालिका निरन्तर रुपमा कृयाशिल रहेको छ। गाउँपालिकाको वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सवलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग पनि क्रमशः बढ्दै गएको भएता पनि यस चालु आर्थिक वर्षमा घटने संकेत देखिएको छ।
राजश्व परामर्श समितिको बैठकबाट हरेक बर्ष पुष मसान्त भित्रमा आगामि बर्ष राजश्व प्रक्षेपण गर्नुपर्ने ब्यवस्थालाई निरन्तरता दिइएको छ। गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० आन्तरिक राजश्व रु ३ करोड ५५ लाख रहेको छ।

### ८.३.२ समस्या तथा चुनौती

गाउँपालिकाको राजस्व संकलनको सम्भावना प्रचुर रहेपनि राजश्व असुली प्रकृयालाई सेवा सँग जोड्न नसक्नु, राजश्व सुधार योजना अद्यावधिक हुन नसक्नु प्रमुख समस्या हुन्। नीतिगत व्यवस्था र कर्मचारीको कमीले गर्दा सम्भावनाको अधिकतम राजस्व संकलन लक्ष्य प्राप्त गर्न समस्या देखिएको छ। राजश्व लक्ष्य प्राप्त गर्न गर्नुपर्ने अभियान तथा प्रचारात्मक कार्यहरु निरन्तरता दिनुपर्ने भएको छ।

### ८.३.३ सोच

"स्वावलम्बनको आधार: स्थानीय स्रोतमा सुधार"

### ८.३.४ उद्देश्य

१. राजश्वका नयाँ स्रोतको खोजी गरी राजश्वको आधार फराकिलो तुल्याउनु।
२. राजश्वको दायरा फराकिलो बनाई कर प्रशासनलाई न्यायोचित बनाउनु
३. राजश्व प्रशासनलाई सूचना प्रविधिमा आधारित बनाई प्रभावकारी तुल्याउनु।

### ८.३.५ रणनीति

१. राजश्व सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
२. सेवा प्रवाहलाई राजश्व परिचालनसँग आबद्धता गर्ने ।
३. करका दरलाई प्रगतिशिल बनाउने ।
४. कर प्रशासनमा दण्ड र पुरस्कारको नीति अवलम्बन गर्ने ।
५. राजश्व प्रशासनमा सूचना प्रविधिको प्रयोग गर्ने ।
